सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ चैत २०८२, मंगलबार (17 March 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३२७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

स्वास्थ्य बिमालाई राष्ट्रिय परिचयपत्रसँग जोडिँदै



कतिपय बिमितले बिमाको दोहोरो सुविधा तथा फरक-फरक ठाउँबाट सेवा लिएको भेटिएपछि दुरुपयोग रोक्न नवीकरण वा बिमामा आबद्ध हुँदा राष्ट्रिय परिचयपत्र बुझाउनुपर्ने व्यवस्था गरिँदै

(विस्तृत पृष्ठ ३)

आगामी सरकारका चुनौती र कार्यभार



अग्रलेख

● **विष्णुहरि मरासिनी**

जनताले निर्वाचनमार्फत स्थिर सरकार, सुशासन, भ्रष्टाचार अन्त्य र गुणस्तरीय जनजीविकाको अपेक्षासहित नयाँ दललाई दुईतिहाइनिकट बहुमत दिएका हुन्

(पृष्ठ ४)

जेन-जी आन्दोलनको क्षतिपछि विदेशी लगानीमा चरम निराशा

■ फागुनमा ३८ करोड ६० लाख मात्रै प्रतिबद्धता ■ स्थायी सरकार बन्ने भएसँगै अब प्रतिबद्धता बढ्ने अपेक्षा

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

सरकारको रोडम्याप बनाउँदै रास्वपा

तीव्र गतिमा काम गर्न र नतिजा दिन सक्ने टिम तयार गर्ने गृहकार्य, निर्वाचनबाट प्राप्त संसदीय शक्तिलाई सुशासन, पारदर्शिता र जवाफदेहिता स्थापित गर्ने दिशामा कसरी प्रयोग गर्ने भन्ने विषयमा विभिन्न प्रस्ताव र अवधारणामाथि छलफल





■ छरितो मन्त्रिपरिषद्

जेन-जी आन्दोलनको म्यान्डेट र जनअपेक्षा सम्बोधन गर्न सक्ने सानो, छरितो र परिणाममुखी मन्त्रिपरिषद् बनाउने दिशामा रास्वपाले गृहकार्य अघि बढाएको छ। मन्त्री चयनमा काम गर्ने र परिणाम दिने क्षमतालाई प्रमुख मापदण्ड बनाइने बताइएको छ। सहमहामन्त्री विपिन आचार्यले वाचापत्रमै संघमा १८ मन्त्रालयको कुरा गरेको भन्दै अब गठन हुने सरकारमा मन्त्रिपरिषद् छरितो हुने बताए। 'औपचारिक विषयले प्रवेश पाएको छैन। तर, वाचापत्रको प्रतिबद्धता पूरा गर्नुपर्छ भन्ने हो। मन्त्रालयहरू छरितो बनाउनुपर्छ भन्ने साझा अवधारणा काम भइरहेको छ,' उनले भने।

सही र डेलिभर गर्न सक्ने सांसद मन्त्री हुन्छन्



● **विपिन आचार्य**, सहमहामन्त्री, रास्वपा

नयाँ सरकारको तयारीका विषयमा सभापति र वरिष्ठ नेताहरूबिच निरन्तर संवाद भइरहेको छ। मन्त्रालयलाई छरितो बनाउने साझा अवधारणाअनुसार काम भइरहेको छ। राइट पिपुललाई राइट प्रोसेसबाट पठाउँछौं। सही र डेलिभर गर्न सक्ने सांसद मन्त्री हुन्छन्, अरू साथीहरूले 'ब्याक' बसेर काम गर्नुहुन्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभा निर्वाचनमा झन्डै दुईतिहाइ जनादेश हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टीका शीर्ष नेताहरूले भावी सरकारको 'मोडालिटी'बारे औपचारिक तथा अनौपचारिक परामर्श सुरु गरेका छन्। सरकार गठनको संरचना, मन्त्रिपरिषद्को आकार, नीतिगत प्राथमिकता र कार्यशैलीलाई कसरी प्रभावकारी तथा परिणाममुखी बनाउने भन्ने विषयमा नेताहरूबिच आन्तरिक छलफल तीव्र पारिएको छ। निर्वाचन आयोगले ५ चैतसम्म राष्ट्रपतिसमक्ष निर्वाचन परिणामसम्बन्धी प्रतिवेदन बुझाएपछि मात्र सरकार गठनको औपचारिक प्रक्रिया अघि बढ्नेछ।

» पृष्ठ २ मा क्रमशः

नयाँ सरकारको पर्खाइमा सिंहदरबार

प्रधानमन्त्री कार्यालयले नयाँ सरकारलाई सुशासन मार्गचित्रबारे 'ब्रिफिङ' गर्ने



कसरी भइरहेको छ मन्त्रालयबिच समन्वय



● **हेमराज अर्याल**, प्रवक्ता, प्रधानमन्त्री कार्यालय

नयाँ सरकार आउनेबित्तिकै नेतृत्वलाई त्यसको मार्गचित्रसहित 'ब्रिफिङ' गर्छौं। कार्यालयले आफ्नो काम र तयारी गरिरहेको छ। मन्त्रालयहरूले पनि तयारी गरिरहेकै होलान्। सरकारको भावनाअनुरूप सहयोग गर्ने गरी कार्यालयले काम गर्छ।



● **आनन्द काफ्ले**, प्रवक्ता, गृह मन्त्रालय

कर्मचारीतन्त्रलाई राजनीतिले लिएको नीति कार्यान्वयन गर्ने दायित्व हुन्छ। ताजा जनादेशअनुसारको नयाँ राजनीतिक नेतृत्वले लिने सोच र योजनाअनुरूप सरकारको प्रभावकारिता बढाउने विषयमा काम गर्न मन्त्रालय तयार छ।



● **टंकप्रसाद पाण्डेय**, प्रवक्ता, अर्थ मन्त्रालय

भ्रष्टाचार नियन्त्रण र सेवाप्रवाहका विषयमा सुधारका लागि मन्त्रालयले गृहकार्य गरिरहेको छ। तत्काल सुधार गर्न सकिने विषय कार्ययोजना बनाएर कार्यान्वयन गरिरहेका छौं। नयाँ नेतृत्वको मार्गनिर्देशअनुसार काम गर्न तयार छौं।

सुवास भट्ट/नयाँ पत्रिका

२१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनबाट देशले ताजा जनादेश पाएसँगै प्रशासनिक केन्द्र सिंहदरबार नयाँ सरकारको पर्खाइमा छ। प्रतिनिधिसभाको २७५ मध्ये दुईतिहाइका लागि दुई सिट मात्रै कम अर्थात् १८२ सिट जितेको रास्वपाको एकल सरकार बन्दै छ। रास्वपाले काठमाडौं महानगरपालिकाका निवर्तमान मेयर एवं पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)लाई संसदीय दलको नेता बनाउन विधान संशोधन गर्ने निर्णय गरिसकेको छ। लामो राजनीतिक अस्थिरताका बिच भावी सरकारले लिन सक्ने नीति, सुधारका विषय र कार्यसम्पादनका पाटोमा कर्मचारीतन्त्रमा उत्सुकता देखिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले आगामी सरकारलाई सुधारका कार्य अघि बढाउन सहज हुने गरी सुशासन मार्गचित्र (ब्लु प्रिन्ट) नै तयार गरेको छ। गत २३ र २४ भदौको जेन-जी विद्रोहको प्रमुख एजेन्डा भ्रष्टाचार नियन्त्रण र सुशासन रहेकामा त्यसलाई मूर्त रूप दिने गरी ठोस कार्ययोजना तयार गर्न ब्लु प्रिन्टमाथि प्रधानमन्त्री कार्यालयले केही महिनादेखि काम गरिरहेको थियो। यो ब्लु प्रिन्ट प्रधानमन्त्री सुशीला कार्कीलाई बुझाउन लागिएको छ। विभिन्न क्षेत्रसँग बृहत्तर छलफल गरेर उच्चस्तरीय समितिले प्रतिवेदनलाई अन्तिम रूप दिएको छ। समितिका सदस्यसचिवसमेत रहेका प्रधानमन्त्री कार्यालयका सहसचिव डा. भीष्मप्रसाद भुसालका अनुसार मंगलबार प्रतिवेदन प्रधानमन्त्री कार्कीलाई बुझाउने तयारी छ।

समस्या पहिचान गर्दै अर्थ मन्त्रालय

प्रधानमन्त्री कार्यालयका प्रवक्ता हेमराज अर्यालले नयाँ सरकार आउनेबित्तिकै नेतृत्वलाई मार्गचित्रसहित त्यसको 'ब्रिफिङ' गर्ने नयाँ पत्रिकालाई बताए। प्रधानमन्त्री सुशीला कार्कीले सुशासन मार्गचित्र तयार गर्न १४ पुसमै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय मामिला क्षेत्र हेर्ने सचिव गोविन्दबहादुर कार्कीको

» पृष्ठ २ मा क्रमशः

■ सक्रिय बन्यो प्रि-मनसुन

हावाहुरी र चट्याङबाट एकै दिन तीनको मृत्यु

नयाँ पत्रिका

प्रि-मनसुन सुरु भएसँगै अपराह्नपछि हावाहुरी, चट्याङ र असिनासहित वर्षाको गतिविधि बढ्न थालेको छ। हावाहुरी र चट्याङबाट २४ घण्टा (आइतबार बिहानदेखि सोमबार बिहानसम्म)मै तीनजनाको मृत्यु भएको छ भने चारजना घाइते भएका छन्।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आइतबार चट्याङ खस्दा भोजपुरको षडानन्द नगरपालिका- ९, भैंसेकी २५ वर्षीया शर्मिला तामाङको ज्यान गएको छ। घरमै बसिरहेका वेला वर्षासँगै चट्याङ खसेको थियो। त्यस्तै, भोजपुरकै साल्पासिलिछो गाउँपालिका- ५, पिछ्प्मासोहरामा हावाहुरीका कारण ढुंगा खसेर लाग्दा भोजपुर नगरपालिका- ९,

» पृष्ठ २ मा क्रमशः



विभागका मौसमविद् डेभिड ढकालको सुझाव-

मध्याह्नपछि सजग रहनू

प्रि-मनसुनको यो समयमा बिहानपख घाम लाग्छ। दिउँसो अत्यधिक गर्मी बढेपछि अचानक बादल लाग्ने र पानी पर्ने हुन्छ। हावाहुरी र चट्याङको जोखिम बढी हुन्छ। त्यही भएर खेतबारी, घरबाहिरका काम बिहान गर्नु उपयुक्त हुन्छ। मध्याह्नपछि सजग रहनुपर्छ।

ग्यासको कृत्रिम अभाव गराइएको एक प्रमाण

श्रीराम ग्यासको गोदाममा भेटियो ६ हजार सिलिन्डर स्टक

ललितपुर हरिसिद्धिस्थित गोदाममा वाणिज्य विभागले अनुगमन गर्दा भेटियो पूरा ग्यास भरिएका ६ हजार ३७७ सिलिन्डर, तिरायो तीन लाख जरिवाना

जफत गरिएका सिलिन्डर आयल निगमको टेकुस्थित अस्थायी डिपोबाट वितरण गर्न निर्देशन

अजित अधिकारी/नयाँ पत्रिका

आधा ग्यास भरिएको सिलिन्डर पनि नपाएर उपभोक्ताको भान्सा संकटमा परेका वेला श्रीराम ग्यासको ललितपुर हरिसिद्धिस्थित गोदाममा पूरा भरिएका (१४.२ केजी) ६ हजार ३७७ थान सिलिन्डर स्टक भेटिएको छ। सरकारको अनुगमनकारी निकाय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण

» पृष्ठ २ मा क्रमशः



वाणिज्य विभागले सोमबार श्रीराम उद्योगको गोदाममा अनुगमन गर्दा भेटिएका भरी सिलिन्डर



● **नरहरि तिवारी**
निर्देशक, वाणिज्य विभाग

खाना पकाउने ग्यासको अभाव हुन थालेपछि आपूर्ति सहज बनाउन भनेर अहिले आधा ग्यास भरिएको सिलिन्डर बजारमा ल्याउन पाइने प्रावधान लागू गरिएको छ। तर, श्रीराम ग्यासको गोदाममा ६ हजारभन्दा बढी सिलिन्डरमा पूरा ग्यास रहेको भेटियो। बजारमा ग्यासको यत्रो अभाव भएका वेला डिलरलाई धमाधम वितरण गरेर आपूर्ति सहज बनाउनुपर्नेमा गोदाममै भण्डारण गर्नुमा उचित मनसाय देखिएन। अनावश्यक भण्डारण गरी राखेको कसुरमा ऐनअनुसार जरिवाना गरिएको छ।

सिंहदरबार, राष्ट्रपति कार्यालय र प्रधानमन्त्रीनिवास जोगाउन नसक्ने सैनिक अधिकारीमाथि पनि कारबाहीको सिफारिस

नवराज मैनाली/नयाँ पत्रिका

जेन-जी आन्दोलनमा सिंहदरबार, राष्ट्रपति कार्यालय र प्रधानमन्त्रीनिवास बालुवाटार जोगाउन नसकेको भन्दै ती निकायको सुरक्षामा खटिएका सैनिक अधिकारीमाथि पनि कारबाहीका लागि जाँचबुझ आयोगले सिफारिस गरेको छ। उनीहरूले सावधानी नअपनाउँदा ती निकाय जलेको निष्कर्ष निकाल्दै पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोगले कारबाही सिफारिस गरेको हो।

आन्दोलनकारीहरू राष्ट्रपति कार्यालय र प्रधानमन्त्रीनिवाससमेत छिरेर आगजनी र तोडफोड गरेका थिए। त्यसअघि नै राष्ट्रपति र प्रधानमन्त्रीलाई अन्यत्र लगिएको थियो। ती निकायको सुरक्षाको मुख्य जिम्मेवारी नेपाली सेनाले सम्हाल्दै आएको छ। सेनाले आन्दोलनकारीलाई रोक्न आवश्यक प्रयास नगरेको देखिएकाले कारबाहीको सिफारिस गरिएको आयोगका एक अधिकारीले बताए।

'सिंहदरबार, राष्ट्रपति कार्यालय र प्रधानमन्त्री कार्यालयको सुरक्षामा खटिएका सैनिक अधिकारीले सामान्य बल प्रयोग पनि गरिएको

» पृष्ठ २ मा क्रमशः



२४ भदौमा आगजनी भएको सिंहदरबार क्षेत्र

सिंहदरबारभित्रै सेनाको नरसिंह दल गण छ। आन्दोलनमा सिंहदरबार, राष्ट्रपति कार्यालयसहित देश जलिरहँदा सेना रमिते बनेको भनेर आलोचना हुँदै आएको छ। सेनाले गत कात्तिकमै नरसिंह दल गणका गणपतिलगायत केही अधिकृतमाथि छानबिन गरेको थियो। अहिले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले पनि उनीहरूलाई नै कारबाही सिफारिस गरेको छ। तर, समग्र सेनाको भूमिकाबारे प्रश्न उठाएको छैन।

■ जेन-जी आन्दोलनसम्बन्धी मानव अधिकार आयोगको प्रतिवेदन पनि तयार

अर्को साता सार्वजनिक हुने

जेन-जी आन्दोलनमा भएको दमन र क्षति सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले छानबिन टुंग्याएको छ। आयोगले आगामी साता प्रतिवेदन सार्वजनिक गर्ने तयारी गरेको छ। आयोगले सदस्य लिली थापाको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो। समितिले बिहीबार प्रतिवेदन बुझाउने तयारी गरेको छ। 'छानबिन सकाएका छौं, बिहीबार अध्यक्षज्यूलाई प्रतिवेदन बुझाउँछौं,' छानबिन समिति संयोजक थापाले भनिन्, 'आयोगको बैठकमा पेस भएपछि सम्भवतः अर्को साता सार्वजनिक हुनेछ।' आयोगले २४ भदौमै सो समिति गठन गरेको थियो। १ महिनाभित्रै आयोगले प्रतिवेदन तयार गर्ने लक्ष्य लिएको छ। तर, अस्वाभाविक रूपमा आयोगको छानबिन लम्बिएको छ।

संसद् छिर्नुअघि रास्वपा सांसदलाई 'संसदीय पाठशाला'

नयाँ पत्रिका

निर्वाचनबाट झन्डै दुईतिहाइ जनादेश प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभामा निर्वाचित आफ्ना सांसदलाई संसद् प्रवेशअघि नै संसदीय अभ्यासबारे प्रशिक्षण दिन थालेको छ। प्रत्यक्ष र समानुपातिक प्रणालीबाट निर्वाचित सांसदहरूका लागि ललितपुरको ग्वार्कोस्थित होटेल रोयल टुलिपमा मंगलबारदेखि दुईदिने आवासीय अभिमुखीकरण कार्यक्रम सुरु हुँदै छ।

पार्टीले कार्यक्रमलाई अनिवार्य बनाउँदै सांसदहरूलाई उपस्थित हुन निर्देशन दिएको छ। अभिमुखीकरणको प्रक्रिया र विषयवस्तु सार्वजनिक नहोस् भनेर रास्वपाले ६ बुँदे कठोर निर्देशनसमेत दिएको छ। प्रतिनिधिसभामा रास्वपाका १८२ सांसद निर्वाचित भएका छन्। तीमध्ये १३ जना दोहोरिएका छन् भने अरू नयाँ हुन्। त्यसमा पनि कतिपय राजनीतिक पृष्ठभूमि नरहेका छन्।

निर्देशनअनुसार कार्यक्रम पूर्ण रूपमा आवासीय हुनेछ। सहभागी सांसदहरूले खाना र आवास 'सेयरिङ बेसिस'मा उपयोग गर्ने व्यवस्था गरिएको छ। कार्यक्रम हलमा मोबाइल प्रयोग निषेध गरिएको छ भने अन्य व्यक्ति वा पाहुनालाई प्रवेश नदिने व्यवस्था गरिएको छ। 'व्यावसायिक क्याजुअल' पोसाकमा सहभागी हुन निर्देशन छ।

» पृष्ठ २ मा क्रमशः

हावाहुरी...

पृष्ठ १ बाट क्रमशः

देउरालीका आशिष तामाङको ज्यान गएको छ भने दुईजना घाइते भएका छन् । त्यस्तै, हावाहुरीले रुखको हाँगा भाँचिएर लाग्दा रुकुम पूर्वको सानीभेरी गाउँपालिका- ५, हाँसुका ५५ वर्षीय धन खत्रीको मृत्यु भएको छ । मिस्त्रीको काम गरेर घर फर्किने क्रममा आइतबार ओखरको रुखको हाँगा भाँचिएर उनलाई लागेको प्रहरीले जनाएको छ ।

यो अवधिमा चट्याङका पाँच र हावाहुरीका १७ घटना भएका छन् । बैतडी, कैलाली, गुल्मी, कास्कीमा पनि चट्याङ खसेको थियो । हावाहुरीका कारण दोलखा, रामेछाप, कैलाली, भोजपुर, जाजरकोट र सुर्खेतमा पनि घरमा क्षति पुगेको छ । त्यस्तै, पाँचथर, झापा, मोरङ, रामेछाप, दोलखा, रुपन्देही, म्याग्दी र कैलालीका आठ ठाउँमा आगलागी भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार फागुन अन्तिम सातादेखि जेठसम्मको यो याममा तापक्रम बढ्ने र अपराह्नपछि वेला-वेला अचानक पानी, हुरी, चट्याङ र असिना पर्न सक्छ । विभागका मौसमविद् डेभिड ढकालले प्रि-मनसुनमा पश्चिमी वायुसँगै स्थानीय वायु पनि विकसित हुने भएकाले मध्याह्नपछि सजग हुनुपर्ने बताए । 'बिहान पख घाम लाग्छ । दिउँसो अत्यधिक गर्मी बढेपछि



हावाहुरीले टीकापुर नगरपालिका- ५, डोडपुरको गहुँबालीमा पुऱ्याएको क्षति । तस्बिर सौजन्य : दुर्गा भण्डारी

अचानक बादल लाग्ने र पानी पर्ने हुन्छ । हावाहुरी र चट्याङको जोखिम बढी हुन्छ,' उनले भने, 'त्यही भएर खेतबारी, घरबाहिरका काम बिहान गर्नु उपयुक्त हुन्छ ।'

सोमबार काठमाडौं उपत्यकासहित देशका विभिन्न क्षेत्रमा हावाहुरीसहित पानी पऱ्यो । सबैभन्दा बढी धनकुटामा ३२.२ मिलिमिटर वर्षा मापन भएको छ । आइतबार विभिन्न क्षेत्रमा ठुलो हावाहुरी चल्दा गहुँसहित अन्नबालीमा क्षति गरेको थियो । हावाहुरीसँगै वर्षा हुँदा काठमाडौंसहित देशका मुख्य सहरको वायु प्रदूषण भने घटेको छ ।

पछिल्लो एक साता काठमाडौंको वायु प्रदूषणको मात्रा जनस्वास्थ्यका लागि हानिकारक अवस्थामा पुगेको थियो । तर, अघिल्लो साता शुक्रबार र शनिबार हल्का वर्षा हुँदा प्रदूषण केही कम भएकामा सोमबार हावाहुरीसँगै पानी परेपछि प्रदूषण अझै कम भएको छ ।

श्रीराम ग्यासको...

पृष्ठ १ बाट क्रमशः

विभागले सोमबार दिउँसो अनुगमन गर्दा यति ठुलो परिमाणमा ग्यास फेला पारेको हो ।

सिलिन्डरको यो संख्या काठमाडौं उपत्यकामा रहेका श्रीराम ग्यासको सबै डिलरलाई एक चरण वितरण गर्न पुग्छ । उपत्यकाका ग्यास डिलरमा एकपटकमा ४० देखि ८० सिलिन्डर ग्यास भर्ने गर्छ । श्रीराम ग्यासको उपत्यकामा १३० डिलर छन् ।

वाणिज्य विभागका निर्देशक नरहरि तिवारीले श्रीराम ग्यासले ठुलो परिमाणमा ग्यास अनावश्यक सञ्चय गरेर कृत्रिम अभावलाई प्रश्रय दिएको पाइएको बताए । उनका अनुसार विभागले उपभोक्ता संरक्षण ऐन, २०५४ अनुसार कारबाहीस्वरूप तीन लाख जरिवाना तिराएको छ ।

'खाना पकाउने ग्यासको अभाव हुन थालेपछि आपूर्ति सहज बनाउन भनेर अहिले आधा ग्यास भरिएको सिलिन्डर बजारमा ल्याउन पाइने प्रावधान लागू गरिएको छ । तर, श्रीराम ग्यासको गोदाममा ६ हजारभन्दा बढी सिलिन्डरमा पूरा ग्यास रहेको भेटियो,' उनले भने, 'बजारमा ग्यासको यत्रो अभाव भएका वेला डिलरलाई धमाधम वितरण गरेर आपूर्ति सहज बनाउनुपर्नेमा गोदाममै भण्डारण गर्नुमा उचित मनसाय देखिएन । अनावश्यक भण्डारण गरी राखेको कसुरमा ऐनअनुसार जरिवाना गरिएको छ ।'

अनुगमन टोलीले अनावश्यक भण्डारण गरेको ठहर्दै जरिवाना तिराए पनि श्रीराम ग्यास उद्योग सञ्चालकले भने त्यस्तो नियत नभएको दाबी गरेका छन् । उद्योगका प्रबन्धक डिल्ली ढकालले निगमलाई गोदाममा ग्यास भएको विषय पहिल्यै जानकारी दिएको बताउँदै अनुगमन टोलीले जरिवाना तिराएर अन्याय गरेको दाबी गरे ।

'२८ फागुन रातिबाट आधा ग्यास भरिएको सिलिन्डर मात्रै प्रचलनमा ल्याउने निर्णय भयो, जबकि त्यतिवेलासम्म हाम्रो गोदाममा ग्यास भरिएका सिलिन्डर धेरै थिए,' उनले भने, 'राति एकाएक आधा ग्यास भरिएको सिलिन्डर मात्रै बजारमा ल्याउने निर्णय भएपछि गोदाममा ग्यास भरिएका सिलिन्डर रहेको र त्यसलाई कसरी व्यवस्थापन गर्ने भनेर आयल निगमलाई पत्राचार गरेका थियौँ । निगमले त्यसको समाधान दिएन, विभागले अनुगमन गरेर कारबाहीको निर्णय गऱ्यो ।'

ढकालका अनुसार निगमले सोमबार दिउँसो मात्रै गोदाममा ग्यास भरिएका सिलिन्डर ठुलो मात्रामा के-कति कारणले मौज्दात रहेको भनेर लिखित प्रस्टीकरण सोधेको थियो । 'लिखित प्रस्टीकरण सोधेको केही समयमै अनुगमन टोली आएर छापा हान्यो र जरिवाना तिराएर गयो,' ढकालले भने, 'हामीसँग रहेको ग्यास परिमाणबारे सरोकारवाला निकायलाई जानकारी दिएकै भरमा अनुगमन गरेर कारबाही गर्ने काम भयो ।'

आयल निगमको एलपिजी तथा एभिएसन विभाग प्रमुख विनीतमणि उपाध्यायले गोदाममा ठुलो मात्रामा ग्यास सञ्चय गरेको अवस्थामा अनुगमन टोलीले फेला पारेको विषयमा जानकारी प्राप्त भएको बताउँदै उक्त ग्यासबारे उद्योगले पहिल्यै पत्राचार भने गरेको बताए । 'ग्यास भरिएका सिलिन्डर गोदाममा छन् भनेर सम्बन्धित उद्योगले जानकारीचाहिँ गराएको थियो,' उनले भने । गोदाम अनुगमनमा वाणिज्य विभागका अधिकारीसँग आयल निगमका कर्मचारी पनि सहभागी थिए ।

काठमाडौं उपत्यकामा पुस अन्तिम सातादेखि नै ग्यास आपूर्ति असहज बनिरहेको छ । इरान र अमेरिका-इजरायल युद्धका कारण मध्यपूर्वमा युद्ध सुरु भएपछि ग्यास आपूर्ति झन् कष्टकर बन्दै गएको छ । माग धान्न भन्दै सरकारले शुक्रबारदेखि आधा ग्यास (७.१ किलोग्राम) भरिएको सिलिन्डर मात्रै प्रयोगमा ल्याउने निर्णय कार्यान्वयन गरिरहेको छ ।

जफत गरिएका सिलिन्डर आयल निगमको टेकुस्थित अस्थायी डिपोबाट वितरण गर्न निर्देशन

वाणिज्य विभागले श्रीराम ग्यासको गोदामबाट फेला पारेको ६ हजार ३७७ थान ग्यास भरिएका सिलिन्डर आयल निगमलाई बिक्री गर्न निर्देशन दिएको छ । विभागका निर्देशक नरहरि तिवारीले निगमको वितरण प्रणालीमा ल्याएर सिलिन्डरहरू उपभोक्तालाई उपलब्ध गराउन निर्देशन दिएको बताए ।

आयल निगमले ग्यास आपूर्ति सहजताका लागि टेकुस्थित पुरानो कार्यालयबाट नेपाल, एभरेस्ट, सुगम, एचपीलगायत ब्रान्डका ग्यास सिलिन्डर बिक्री गरिरहेको छ । सोही स्थानबाट श्रीराम ब्रान्डको भरिएका ग्यास सिलिन्डर पनि बिक्री-वितरण थाल्न विभागले निर्देशन दिएको हो । आयल निगमका निर्देशक विनीतमणि उपाध्यायले विभागबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने बताए । 'विभागले के-कस्तो निर्देशन दिन्छ, त्यसको परिपालना गर्न हामी तयार छौँ,' उनले भने ।

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय, बाँके

फोन नं. ०८१-५३०१५८
०८१-५२६५७९
hobanke@lumbini.gov.np

सेवा करारमा स्वास्थ्यकर्मी लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०३)

प्रस्तुत बिषयमा यस कार्यालय अन्तरगतको जमुनाह सीमा नाकामा रही स्वास्थ्य सेवा उपलब्ध गराउन देहायको संख्यामा स्वास्थ्यकर्मी सेवा करारमा लिनुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १०(दश) दिनभित्र राजश्व तिरेको रसिद र आवश्यक कागजात सहित तोकिएको आवेदन (दरखास्त) दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

क्र.सं.	विज्ञापन नं.	पद	सेवा/समूह	तह	किसिम	पदसंख्या	शैक्षिक योग्यता
१.	०५/०८२-८३	अ.न.मी.	स्वास्थ्य / प.हे.न	चौथो	खुला	१(एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. (ANM) कोष उत्तीर्ण

नोट : विज्ञापन सम्बन्धी विस्तृत विवरण कार्यालयको वेबसाइट र सूचना पाटीमा हेर्न सकिने छ ।

सुनीता पौडेल
कार्यालय प्रमुख

Infrastructure Development Office
Khalanga, Jajarkot

Letter of Intent (LoI)

Date of Publication : 2082/12/03(17 March, 2026)

This is to notify (as per Section 27(2) of public procurement Act 2063) to all concerned bidders that, we are going to award following contract as per IFB No.: JKT-10/082-083 published on Mission Today National Daily Newspaper Date on 2082/10/02 to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

S.N	Contract ID No.	Project Name	Substantially responsive lowest evaluated biddders	Bid Amt. inc. Vat & PS (NRs.)
1	IDO/JKT/W/NCB/BLD/56/082-083	Construction of Bhanubhakta Ma.Bi, Nalgad-04, Jajarkot,	M/S Subina Construction, Barekot-6, Jajarkot	29,55,876.86
2	IDO/JKT/W/NCB/BLD/57/082-083	Construction of Jana Swasthya Pra.Bi., Nalgad-09-Baskot, Jajarkot	M/S Subina Construction, Barekot-6, Jajarkot	51,07,660.95
3	IDO/JKT/W/NCB/BLD/58/082-083	Construction of himalayadewi Aa.bi. Barekot-01, Jajarkot	M/S Jyoti Construction and Suppliers, Ramidanda , Jajarkot	38,87,172.81
4	IDO/JKT/W/NCB/BLD/59/082-083	Construction of Janapriya Aa.Bi., Barekot-03-Mulsam, Jajarkot	M/S Nishan Nirman Sewa, Barekot-5 Jajarkot	43,97,717.33
5	IDO/JKT/W/NCB/BLD/60/082-083	Construction of Himalay Aa.Bi., Barekot-04-Gothgau, Jajarkot	M/S Nishan Nirman Sewa, Barekot-5 Jajarkot	38,05,330.79
6	IDO/JKT/W/NCB/BLD/62/082-083	Construction of Swasthe Sakha Barekot-02, Jajarkot	M/S Jyoti Construction and Suppliers, Ramidanda , Jajarkot	20,73,173.98
7	IDO/JKT/W/NCB/BLD/63/082-083	Construction of Samudayek Swastha Ekaai Barekot-04-Maina, Jajarkot	M/S Nishan Nirman Sewa, Barekot-5 Jajarkot	34,71,744.3

Office Chief

सरकारको...

पृष्ठ १ बाट क्रमशः

निर्वाचनबाट प्राप्त ताजा जनादेशका आधारमा नयाँ सरकार गठनको औपचारिक आह्वान अझै नभए पनि पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता तथा भावी प्रधानमन्त्रीका उम्मेदवार बालेन्द्र शाहसहितका शीर्ष नेताहरूले सम्भावित 'मोडालिटी'बारे छलफल अघि बढाएका हुन् । 'नयाँ सरकारको तयारीका विषयमा सभापति र वरिष्ठ नेताहरूबिच निरन्तर संवाद भइरहेको छ, तर प्रक्रिया अझै औपचारिक रूपमा सुरु भएको छैन,' रास्वपा सहमहामन्त्री विपिन आचार्यले भने ।

छलफलमा सहभागी नेताहरूका अनुसार जनताका अपेक्षालाई परिणाममा रूपान्तरण गर्ने, सत्तापक्षका सांसदलाई जनअपेक्षा पूरा गर्ने दिशामा कसरी परिचालन गर्ने तथा सुशासन स्थापनाका लागि प्राथमिकता क्षेत्र निर्धारण गर्ने विषयमा केन्द्रित बहस भइरहेको छ । निकट स्रोतका अनुसार सुशासनलाई केन्द्रमा राख्दै तीव्र गतिमा काम गर्न सक्ने र नतिजा दिन सक्ने टिम तयार गर्ने गरी अनौपचारिक संवाद अघि बढाइएको छ ।

समानुपातिक सांसद छनोट प्रक्रिया टुंगिएसँगै नेताहरू संसदीय दलको नेता चयन, सरकार गठन प्रक्रिया, प्रारम्भिक नीतिगत प्राथमिकता तथा संसद्मा सत्तारूढ सांसदहरूको भूमिकाबारे छलफलमा केन्द्रित भएका छन् । विशेष गरी जेन-जी आन्दोलनले उठाएका सुशासनका मुद्दालाई व्यवहारमा कसरी रूपान्तरण गर्ने भन्ने विषयमा नेतृत्व तहमा विशेष चासो देखिएको छ ।

'सरकारको प्राथमिकतामा के रहने, सत्तापक्षका सांसदलाई कसरी प्रभावकारी रूपमा परिचालन गर्ने र जनतामा पैदा भएको ठुलो आशालाई कसरी काममा रूपान्तरण गर्ने भन्ने विषयमा शीर्ष नेताहरूबिच घनीभूत छलफल भइरहेको छ,' बालेननिकट एक नेताले भने । उनका अनुसार निर्वाचनबाट प्राप्त संसदीय शक्तिलाई सुशासन, पारदर्शिता र जवाफदेहिता स्थापित गर्ने दिशामा कसरी प्रयोग गर्ने भन्ने विषयमा विभिन्न प्रस्ताव र अवधारणामाथि छलफल जारी छ ।

निर्वाचन परिणाम सार्वजनिक भएसँगै अबको सरकार कस्तो बन्नेछ भन्ने विषयमा राजनीतिक वृत्तमा चासो बढेको छ । विशेष गरी बालेन नेतृत्वको सरकारको मन्त्रिपरिषद् कस्तो बन्ने भन्ने विषयमा विभिन्न अनुमान भइरहेका छन् । स्रोतका अनुसार प्रधानमन्त्रीले सहज रूपमा काम गर्न सक्ने र प्रधानमन्त्रीको कार्यशैलीसँग तालमेल मिलाउने सक्षम तथा परिणाममुखी टिम बनाउने समझदारी नेतृत्वबिच बनेको छ ।

सभापति लामिछानेनिकट एक नेताका अनुसार मन्त्री छनोटमा 'डेलिभरी' अर्थात् काम गर्ने र परिणाम दिने क्षमतालाई प्राथमिकता दिइनेछ । 'पदीय भागबन्डाभन्दा पनि जनअपेक्षा कसरी पूरा गर्ने भन्ने दुवै नेताको मुख्य चिन्ता हो । त्यसैले, यसपटक फरक ढंगले सरकार बनाइनेछ,' उनले भने, 'बालेन शाहको काम गर्ने रफ्तार, दृढता र ऊर्जा सम्हाल्न सक्ने व्यक्तिहरू नै क्याबिनेटमा आउनेछन् ।' उनका अनुसार निर्वाचनमा टिकट बाँड्दा जित्ने प्राथमिकतामा थिए र यसैगरी क्याबिनेटमा काम मापदण्ड लागू हुनेछ ।

छरितो मन्त्रिपरिषद्

जेन-जी आन्दोलनको म्यान्डेट र जनअपेक्षा सम्बोधन गर्न सक्ने सानो, छरितो र परिणाममुखी मन्त्रिपरिषद् बनाउने दिशामा रास्वपाले गृहकार्य अघि बढाएको छ । मन्त्री चयनमा काम गर्ने क्षमता र परिणाम दिने क्षमतालाई प्रमुख मापदण्ड बनाइने बताइएको छ ।

आचार्यका अनुसार पार्टीको वाचापत्रमै संघीय सरकारमा १८ मन्त्रालयको संरचनाको कुरा उल्लेख गरिएको छ । 'औपचारिक छलफल सुरु भइसकेको छैन, तर मन्त्रालयलाई छरितो बनाउने साझा अवधारणाअनुसार काम भइरहेको छ,' उनले भने ।

आचार्यले जनअपेक्षा सम्बोधन नै सरकार निर्माणको मूल आधार हुने बताए । उनका अनुसार पार्टीको वाचापत्रअनुसार परिणाम दिन सक्ने सक्षम व्यक्तिलाई मात्र मन्त्री बनाइनेछ । 'राइट पिपुललाई राइट प्रोसेसबाट पठाउँछौँ । सही र डेलिभर गर्न सक्ने सांसद मन्त्री हुन्छन्, अरू साथीहरूले 'ब्याक' बसेर काम गर्नुहुन्छ,' उनले भने ।

आचार्यले वाचापत्रमै संघमा १८ वटा मन्त्रालयको कुरा गरेको भन्दै अब गठन हुने सरकारमा मन्त्रिमण्डल छिटो छरितो हुने बताए । 'औपचारिक विषय प्रवेश पाएको छैन । तर, वाचापत्रको प्रतिबद्धता पूरा गर्नुपर्छ भन्ने हो । मन्त्रालयहरू छरितो बनाउनुपर्छ भन्ने साझा अवधारणा काम भइरहेको छ,' उनले भने ।

रास्वपा वरिष्ठ नेता बालेन्द्रको सचिवालयका अनुसार १५ जनाको सानो मन्त्रिमण्डल बनाउने गरी छलफल भइरहेको छ । 'डेलिभरी दिने मुख्य हो । सकेसम्म समावेशी चरित्रको छरितो मन्त्रिमण्डल बनाउने कुरा चलेको छ,' सचिवालयका एक सदस्य भन्छन्, 'औपचारिक रूपमा छलफल भइसकेको छैन । तर, १५ हाराहारी मन्त्रालयबाटै चलाउने भन्ने छ ।'

सभापति रविको सचिवालयले पनि डेलिभरी दिने छरितो मन्त्रिमण्डल बनाउने सैद्धान्तिक सहमति रहेको र संख्या तय भइनसकेको जनाएको छ । 'सभापतिज्यू र वरिष्ठ नेताबिच सरकारका निर्माणका विविध विषयमा निरन्तर समन्वय भइरहेको छ । प्रधानमन्त्रीको स्पिरिट समात्ने खालको छरितो टिम बन्छ,' सचिवालय स्रोतले भन्यो ।

रास्वपा प्रवक्ता मनीष झाले निर्वाचन आयोगले अन्तिम परिणाम प्रतिवेदन राष्ट्रपतिलाई बुझाएपछि नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढ्ने बताए । 'आयोगले रिपोर्ट बुझाइसकेपछि हामी नयाँ सरकार गठनका लागि दाबी गर्छौं । यो बिचमा संसदीय दलको नेता बालेनलाई चयन गर्छौं । त्यसपछि राष्ट्रपतिले हाम्रो वरिष्ठ नेतालाई प्रधानमन्त्री नियुक्त गर्नुहुन्छ,' उनले भने, 'को मन्त्री हुने भन्ने आपसी सल्लाहमै टुंगिन्छ ।'

विधान संशोधनको गृहकार्य

संसदीय दलको नेता चयन गर्ने प्रावधान व्यावहारिक नभएको भन्दै प्रश्न उठेपछि सरकार गठनपूर्व रास्वपाले विधान संशोधनको गृहकार्य अगाडि बढाएको छ । सांसदलाई अभिमुखीकरण सकिएपछि केन्द्रीय समिति बैठक बसेर विधान संशोधन गर्ने सहमहामन्त्री विपिन आचार्यले बताए ।

समानुपातिकतर्फ ११० सांसद निर्वाचित

निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० सांसद निर्वाचित भएको घोषणा गरेको छ । आयोगका प्रवक्ता नारायण भट्टराईका अनुसार दलहरूले प्राप्त गरेको मतका आधारमा बन्दसूचीबाट पठाइएका नामलाई आयोगको निर्णयअनुसार निर्वाचित घोषणा गरिएको हो ।

आयोगले २८ फागुनमा समानुपातिक मतपरिणामअनुसार सिट बाँडफाँट गर्दै थ्रेसहोल्ड पार गरेका ६ दललाई बन्दसूचीबाट उम्मेदवारको नाम पठाउन तीन दिनको समय दिएको थियो । आयोगका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीले ५७, कांग्रेसले २०, एमालेले १६, नेकपाले ९, श्रम संस्कृति पार्टीले ४ र राष्ट्रिय प्रजातन्त्र पार्टीले ४ सिट प्राप्त गरेका छन् ।

निर्वाचित सांसदहरूलाई ५ चैत बिहान ११:३० बजे आयोगपरिसरबाट प्रमाणपत्र वितरण गरिने आयोगले जनाएको छ । प्रवक्ता भट्टराईले समानुपातिकतर्फ निर्वाचित सांसदलाई प्रमाणपत्र प्रदान गरिसकेपछि राष्ट्रपतिलाई अन्तिम परिणाम प्रतिवेदन बुझाइने बताए । उनका अनुसार ५ चैतमै प्रतिवेदन बुझाउने तयारी छ ।

निर्वाचन परिणामको अन्तिम प्रतिवेदन बुझेपछि राष्ट्रपतिले बहुमत प्राप्त दललाई सरकार गठनका लागि आह्वान गर्नेछन् । त्यसपछि बहुमतप्राप्त दलका नेताले दाबी गरेपछि प्रधानमन्त्रीमा नियुक्त हुनेछ । संसद् सचिवालयका अनुसार १० चैतभित्रै बालेन प्रधानमन्त्री नियुक्त हुने सम्भावना छ ।

नयाँ सरकारको...

पृष्ठ १ बाट क्रमशः

संयोजकत्वमा १५ सदस्यीय उच्चस्तरीय समिति गठन गरेकी थिइन् । प्रधानमन्त्री कार्यालयले विभिन्न मन्त्रालयका प्रतिनिधि, जेन-जी प्रतिनिधि, निजी क्षेत्र, गैरसरकारी तथा नागरिक समाज, विज्ञलगायत समावेश गरेर समिति गठन गरेको थियो । जेन-जी आन्दोलनको मर्म र उनीहरूसँग गरेको सम्झौताका अतिरिक्त सार्वजनिक प्रशासन एवं सेवाप्रवाहमा जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता बढाउनेबारे सुझाव लिन र सिफारिस गर्न समितिलाई कार्यादेश दिइएको थियो ।

प्रवक्ता अर्यालका अनुसार आगामी सरकारमा आउने मन्त्रिपरिषद् सदस्यलाई कानुनी जिम्मेवारीलगायतका सम्बन्धमा कार्यसम्पादन र कार्यविभाजन नियमावलीलगायतले निर्दिष्ट गरेबमोजिम जानकारी कार्यालयले दिनेछ । 'कार्यालयले आफ्नो काम र तयारी गरिरहेको छ । मन्त्रालयहरूले पनि तयारी गरिरहेकै होलान्,' उनले भने, 'सरकारको भावनाअनुरूप सहयोग गर्ने गरी कार्यालयले काम गर्छ ।'

सरकारको बजेट, राजस्व र खर्च प्रणालीसँग जोडिएको महत्त्वपूर्ण निकाय अर्थ मन्त्रालयमा पनि आगामी सरकारबारे चासो देखिन्छ । मन्त्रालयमा अहिले आगामी आर्थिक वर्षको बजेटको तयारी प्रक्रिया चलिरहेको छ । मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले मन्त्रालयले आफ्ना समस्या पहिचान गरेको बताए । 'आगामी सरकारलाई दिने गरी समस्याबारे गृहकार्य गर्दै छौँ । डिजिटलाइज्ड गर्ने, भ्रष्टाचार नियन्त्रण र सेवाप्रवाहका विषयमा सुधारका लागि मन्त्रालयले गृहकार्य गरिरहेको छ । यथार्थ बजेटिङ, राजस्व लक्ष्य पूरा गर्ने, खर्चलाई प्रभावकारी बनाएर बजेटलाई नतिजामुखी बनाउनेलगायत विषय मन्त्रालयसँग जोडिएका छन्,' उनले भने, 'तत्काल सुधार गर्न सकिने विषय पनि मन्त्रालयले कार्ययोजना बनाएर कार्यान्वयन गरिरहेकै छ । मन्त्रालयले आफ्नोतर्फबाट काम र तयारी गरिरहेको छ । आगामी राजनीतिक नेतृत्वको मार्गनिर्देशअनुसार काम गर्न तयार छौँ ।'

गृह मन्त्रालयमा पनि आगामी सरकारबारे चासो छ । मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेका अनुसार गृह प्रशासनको आफ्नै नियमित काम छन् । आफ्नो कार्यक्षेत्रमा कतिपय सुधारका विषयलाई मन्त्रालयले विगतदेखि अगाडि बढाए पनि स्रोत-साधनलगायतका कारण सोचेअनुरूप अघि बढ्न नसकेको उनले बताए । निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व पूरा गर्ने काममा मन्त्रालय केन्द्रित हुँदाकै बिचमा पनि सुशासन र सेवाप्रवाहका विषय पहिचान गरेर मन्त्रालयले काम गरिरहेको उनको भनाइ छ । यिनै विषयलाई तीव्रता दिने, शान्ति सुव्यवस्थालाई सुदृढ बनाउने र सरकारको प्रभावकारिता बढाउने विषयमा काम गर्न मन्त्रालय तयार रहेको प्रवक्ता काफ्लेले बताए । 'कर्मचारीतन्त्रलाई राजनीतिले लिएको नीति कार्यान्वयन गर्ने दायित्व हुन्छ,' उनले भने, 'नयाँ राजनीतिक नेतृत्वले लिने सोचअनुरूप थप प्रभावकारी ढंगले काम गर्न मन्त्रालय उत्साहित छ ।'

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित २२ मन्त्रालय छन् । मन्त्रालयमा दोहोरो जिम्मेवारीसहित प्रधानमन्त्री सुशीला कार्कीसमेत ११ मन्त्री छन् ।

सिंहदरबार...

पृष्ठ १ बाट क्रमशः

देखिएन, उनीहरूले सक्रियता बढाएको भए यो हदको क्षति हुने थिएन भन्ने हाम्रो निष्कर्ष हो,' आयोगका ती अधिकारी भन्छन्, 'यस विषयमा हामीले कारबाही गर्न भनेका हौँ ।'

आन्दोलनमा देश जलिरहँदा सेना रमिते बनेको भनेर आलोचना हुँदै आएको छ । २४ भदौको राति १० बजेपछि मात्र सेना सुरक्षामा खटिएको थियो । त्यतिवेलासम्म काठमाडौंका प्रहरी कार्यालयदेखि महत्त्वपूर्ण सरकारी संरचना र केही व्यावसायिक घरानासमेत जलेर नष्ट भइसकेका थिए । आयोगले प्रधानसेनापति अशोकराज सिग्देलसँग समेत बयान भने लिएको थियो । तर, समग्र सेनाको भूमिकाबारे प्रश्न उठाएको छैन । उपत्यका पृतनाको नेतृत्वको कमजोरीबारे समेत केही बोलेको छैन ।



महत्त्वपूर्ण निकायको सुरक्षामा खटिएका अधिकृतलाई मात्र कारबाहीको सिफारिस गरेको छ । आयोगका अधिकारीले सेनाको माथिबाट बल प्रयोग गर्ने आदेश नआएको दाबी गरेका छन् । सेनाले गत कात्तिकमै सिंहदरबारस्थित नरसिंह दल गणका गणपतिलगायत केही अधिकृतमाथि छानबिन गरेको थियो । अहिले आयोगले पनि उनीहरूलाई नै कारबाही सिफारिस गरेको हो ।

अर्कोतर्फ नेपाल प्रहरीको हकमा भने तत्कालीन आइजिपीमाथि नै मुद्दा चलाउन सिफारिस गरिएको छ । तत्कालीन आइजिपी खापुङलाई मुद्दा चलाउनुपर्ने र अन्य अधिकारीमाथि गम्भीर प्रकृतिको विभागीय कारबाहीको सिफारिस भएको छ ।

एकथरी प्रहरीलाई अधिक बल प्रयोग गरिएकोका कारबाही सिफारिस भएको छ भने केहीलाई बल प्रयोग नगर्दा कार्यालयमा आगजनी र हतियार लुटिएको विषयमा दोषी देखाउँदै कारबाही सिफारिस भएको छ । तत्कालीन प्रहरी नेतृत्वमाथि फौजदारी मुद्दा चलाउन सिफारिस भएपछि यसले प्रहरीमा असन्तुष्टि देखिएको छ । यसरी प्रहरीमाथि कारबाही भएमा भोलिका दिनमा भिड नियन्त्रणमा कर्मचारीलाई खटाउन नसकिने प्रहरी अधिकारीको गुनासो छ । आयोगको प्रतिवेदन निष्पक्ष हुन नसकेको भन्दै प्रहरी अधिकारीले असन्तुष्टि जनाएका छन् । यद्यपि, प्रतिवेदनको विवरण भने अझै सार्वजनिक भइसकेको छैन ।

आयोगले गत २४ फागुनमा प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझाएको थियो । प्रधानमन्त्रीले आफ्नै सरकारले प्रतिवेदन सार्वजनिक गर्ने बताएकी थिइन् । तर, नौ दिन हुँदासम्म प्रतिवेदन सार्वजनिक भएको छैन । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले प्रतिवेदन ग्रहण गर्ने निर्णय गरे पनि सार्वजनिक गर्ने-नगर्ने विषयमा कुनै निर्णय गरेको छैन । जेन-जी अगुवाहरूले प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै दैनिक प्रदर्शन गरिरहेका छन् ।

जेन-जी आन्दोलनसम्बन्धी मानव अधिकार आयोगको प्रतिवेदन पनि तयार, अर्को साता सार्वजनिक हुने

जेन-जी आन्दोलनमा भएको दमन र क्षति सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले छानबिन टुंग्याएको छ । आयोगले आगामी साता प्रतिवेदन सार्वजनिक गर्ने तयारी गरेको छ ।

आयोगले सदस्य लिली थापाको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । समितिले बिहीबार प्रतिवेदन बुझाउने तयारी गरेको छ । 'छानबिन सकाएका छौँ, बिहीबार अध्यक्षज्यूलाई प्रतिवेदन बुझाउँछौँ,' छानबिन समिति संयोजक थापाले भनिन्, 'आयोगको बैठकमा पेस भएपछि सम्भवतः अर्को साता सार्वजनिक हुनेछ ।'

आयोगले २४ भदौमै सो समिति गठन गरेको थियो । १ महिनाभित्रै आयोगले प्रतिवेदन तयार गर्ने लक्ष्य लिएको छ । तर, अस्वाभाविक रूपमा आयोगको छानबिन लम्बिएको छ ।

८१ जनाको बयान, १४१ जनासँग छलफल

आयोगले तत्कालीन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखकसहित ८१ जनाको बयान लिएको छ । स्रोतका अनुसार राष्ट्रिय सुरक्षा समितिदेखि जिल्ला सुरक्षा समितिसम्मका अधिकारीसँग आयोगले बयान लिएको हो । त्यस्तै, १४१ जनासँग आयोगले छलफल गरेको छ ।

त्यस्तै, विज्ञ राखेर ब्यालेस्टिक जाँचसमेत गरेको थियो । जसमा आन्दोलनकारीमाथि शरीरको माथिल्लो भागमा घातक हतियारबाट गोली प्रहार गर्दा ठुलो क्षति भएको निष्कर्ष आयोगले निकालेको छ । आयोगको छानबिनमा प्रहरीदेखि राजनीतिक नेतृत्वसम्मको दोष देखिएको छानबिन समितिका एक अधिकारीले बताए ।

संसद् छिर्नुअघि...

पृष्ठ १ बाट क्रमशः

यस्तै, सांसदहरूलाई परिवार सदस्य, साथी वा अन्य अतिथि आमन्त्रण नगर्न पनि निर्देशन दिइएको छ । होटेलपरिसर वा बाहिर पार्किङ गर्न पाइने भए पनि चालक तथा अन्य सहयोगी सदस्यको भोजन र आवासको व्यवस्था सांसदकै जिम्मेवारीमा रहने उल्लेख गरिएको छ ।

सहमहामन्त्री विपिन आचार्यका अनुसार पार्टीबाट निर्वाचित १८२ सांसदलाई प्रशिक्षण दिन लागिएको हो । 'कार्यक्रम प्रारम्भिक स्तरको 'बेसिक ओरियन्टेसन' हो,' उनले भने, 'सबै सांसद एकैपटक एउटै प्लेटफर्ममा भेटिएका छैनन् । पार्टीका दृष्टिकोण, संसदीय अभ्यास र आगामी जिम्मेवारीबारे साझा बुझाइ बनाउन पहिलो चरणको अभिमुखीकरण गरिएको हो ।'

उनका अनुसार कार्यक्रममा पार्टीका विचार, निर्वाचनका क्रममा सार्वजनिक गरिएको वाचापत्र तथा नागरिकसँग गरिएको प्रतिबद्धताबारे छलफल हुनेछ । साथै, संसद्मा काम सुरु गर्दा ध्यान दिनुपर्ने प्रारम्भिक अभ्यासबारे जानकारी गराइनेछ । आचार्यका अनुसार अभिमुखीकरण औपचारिकभन्दा बढी अन्तरक्रियात्मक प्रकृतिको हुनेछ । 'यो एक प्रकारको 'आइसब्रेक' कार्यक्रम पनि हो । एक-अर्कालाई चिन्ने, अनुभव आदान-प्रदान गर्ने र आधारभूत ज्ञान साझा गर्ने उद्देश्य छ,' उनले नयाँ पत्रिकासँग भने ।

कार्यक्रममा यसअघि संसद्मा काम गरिसकेका सांसदहरूले आफ्नो अनुभव सुनाउनेछन् भने नयाँ सांसदहरूले चुनावी अभियानका अनुभव र जनअपेक्षाबारे धारणा राख्ने बताइएको छ । 'संसदीय मामिलाका जानकार तथा मन्त्रालयसँग अनुभव भएका विज्ञहरूलाई पनि प्रशिक्षणका लागि आमन्त्रित गरिएको छ,' उनले भने ।

स्वास्थ्य बिमालाई राष्ट्रिय परिचयपत्रसँग जोडिँदै

कतिपय बिमितले बिमाको दोहोरो सुविधा तथा फरक-फरक ठाउँबाट सेवा लिएको भेटिएपछि दुरुपयोग रोक्न नवीकरण वा बिमामा आबद्ध हुँदा राष्ट्रिय परिचयपत्र बुझाउनुपर्ने व्यवस्था गरिँदै



■ स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक डा. **कृष्णप्रसाद पौडेल** भन्छन्-



बिमालाई अब राष्ट्रिय परिचयपत्रसँग जोडेका छौं, एउटै व्यक्तिले धेरै ठाउँमा बिमा गराउने र जहाँ गयो त्यहींबाट सेवा लिने किसिमको विकृति देखिएकाले राष्ट्रिय परिचयपत्र र बायोमेट्रिकसँग जोड्न थालिएको हो। सुरुमा अनिवार्य भनेका छैनौं, तर निश्चित समयसीमा दिएर राष्ट्रिय परिचयपत्र ल्याउन भन्छौं। हाल ७० प्रतिशत बिमितसँग राष्ट्रिय परिचयपत्र छ, सोहीकारण पनि यस्तो नियमले सेवाग्राहीलाई असहज नहोला।

शिवहरि घिमिरे/नयाँ पत्रिका

स्वास्थ्य बिमा बोर्डले राष्ट्रिय परिचयपत्रका आधारमा बिमितलाई सेवाप्रवाह गर्ने भएको छ। अब बिमितले नवीकरण गर्दा तथा बिमामा आबद्ध हुँदा राष्ट्रिय परिचयपत्र पनि बुझाउनुपर्नेछ। कतिपय बिमितले बिमाको दोहोरो सुविधा तथा फरक-फरक ठाउँबाट सेवा लिएको भन्दै दुरुपयोग रोक्न राष्ट्रिय परिचयपत्रसँग जोडिएको हो।

बिमा नवीकरण तथा बिमामा आबद्ध हुन आउनेहरूको बायोमेट्रिकसमेत गरिनेछ। यसो हुँदा बिमितले दोहोरो सेवा-सुविधा लिने अवस्था नहुने बोर्डका कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेलले बताए। उनका अनुसार सुरुमा यो नियम कडिकडाउ गरिनेछैन। तर, बिमामा आबद्ध हुन आउनेलाई राष्ट्रिय परिचयपत्रसमेत ल्याउन भनिनेछ। यदि कसैसँग राष्ट्रिय परिचयपत्र छैन भने निश्चित समयमा बनाएर पेस गर्न अनुरोध गरिनेछ।

'बिमालाई अब राष्ट्रिय परिचयपत्रसँग जोडेका छौं, एउटै व्यक्तिले धेरै ठाउँमा बिमा गराउने र जहाँ गयो त्यहींबाट सेवा लिने किसिमको विकृति देखिएकाले राष्ट्रिय परिचयपत्र र बायोमेट्रिकसँग जोड्न थालिएको हो,' पौडेलले भने, 'सुरुमा अनिवार्य भनेका छैनौं, तर निश्चित समयसीमा दिएर राष्ट्रिय परिचयपत्र ल्याउन भन्छौं, हाल ७० प्रतिशत बिमितसँग राष्ट्रिय परिचयपत्र छ, सोहीकारण पनि यस्तो नियमले सेवाग्राहीलाई असहज नहोला।' उनले पहिलो चरणमा सेवा लिन आउनेलाई राष्ट्रिय परिचयपत्र नभएकै आधारमा सेवाबाट वञ्चित भने नगराइने बताए।

स्वास्थ्य बिमामा विकृति बढेको र भार थेग्न नसकेको भन्दै सरकारले हाल ओपिडी, इमर्जेन्सी र शल्यक्रिया सेवाको थैलीको दायरासमेत तोकेको छ। पछिल्लो तथ्यांकअनुसार बिमाको कात्तिकसम्मको भुक्तानी मात्रै ६ अर्ब ८९ करोड केन्द्र सरकारबाट निकासा हुन बाँकी छ। मंसिर, पुस, माघ र फागुनको बिमा भुक्तानीसम्बन्धी प्रक्रियाका लागि रुजुको कार्य भइरहेको छ। ०७४ देखि कार्यान्वयनमा आएको स्वास्थ्य बिमा कार्यक्रममा एक करोड दुई लाख मानिस आबद्ध छन्। त्यसमध्ये ६९ लाख बिमितले सेवा लिइरहेका छन्। सेवा लिनेको संख्या धेरै भएपछि बिमामा राज्यले वार्षिक २५ अर्वभन्दा बढी बजेट खर्च गर्नुपरेको छ। तर पनि बीमा व्यवस्थित बन्न सकिरहेको छैन। स्वास्थ्य बिमा सेवाप्रवाहमा समस्या भएपछि आलोचनासमेत हुने गरेको छ।

■ १,२८९ औषधिमध्ये वीरमा तीन सय मात्रै पाइन्छन्



स्वास्थ्य बिमाको थैलीमा एक हजार दुई सय ८९ वटा औषधि समावेश छन्। हाल वीरमा बिमाका १२८९ वटा औषधिमध्ये तीन सय हाराहारी औषधि मात्रै पाइन्छ। बिमाको औषधि सप्लाई गर्ने कम्पनीलाई वीरले ५८ करोड रूपैयाँ भुक्तानी गर्न बाँकी छ। उक्त रकम सरकारबाट बिमाको रकम आएपछि मात्रै योजना वीरको छ।

त्यस्तै, त्रिवि शिक्षण अस्पतालको फार्मेसीमा पनि बिमामा समावेश औषधि निकै कम छन्। यहाँ जम्मा दुई सय प्रकारका मात्रै बिमामा समावेश औषधि पाइन्छन्। तर १ माघदेखि यहाँ बिमा सेवा नै बन्द छ। स्वास्थ्य बिमा बोर्डले ०८१ मा स्पष्ट रूपमा बिमामा पाइने औषधिको नाम र मूल्यसूची तयार पारेको थियो। उक्त सूची बिमा सेवाप्रदायक स्वास्थ्य संस्थाहरूलाई समेत पठाउँदै तोकिएभन्दा बढी शुल्क नलिन बिमा बोर्डले निर्देशन दिएको थियो। तर, सरकारी अस्पतालभित्रैका फार्मेसीले ग्राहकलाई ठग्ने गरेको भेटिएको छ। बिमा बोर्डले तय गरेको औषधि नत बिमा बोर्डमा नै पाइन्छ नत अस्पतालहरूमा नै। अझ कतिपय अस्पतालले त नियम नै बनाएर बिमामा तोकिएको भन्दा बढी शुल्क लिइरहेका छन्। जसमा वीर अस्पताल, पाटन अस्पताल, त्रिवि शिक्षण अस्पतालदेखि निजीसम्मका अस्पताल पर्छन्। यी अस्पतालभित्र र बाहिर राखिएका फार्मेसीले बिमामा तोकिएको मूल्यभन्दा बढीमा औषधि बिक्री-वितरण गरिएका छन्।

स्वास्थ्य बिमामा समावेशमध्ये ४० प्रकारका औषधिलाई आधार मानेर स्वास्थ्य बिमा बोर्डले तय गरेको सूची, सरकारी अस्पतालका फार्मेसी र निजी फार्मेसीमा पुगेर सोध्दा फरक-फरक मूल्य पाइयो। एउटै औषधि, तर फार्मेसी तथा अस्पतालअनुसार समेत फरक मूल्य भेटिएपछि बिमामा सरकारी अस्पतालले नै सेवाग्राहीलाई लुटिरहेको पुष्टि हुन्छ। तर, बिमा बोर्डका कार्यकारी निर्देशक डा. कृष्ण पौडेलले हाल बोर्ड, सरकारी अस्पताल र निजी फार्मेसीमा फरक-फरक मूल्य भएकाले त्यसलाई एकरुपता दिन सबैतिर पत्राचार भएको दाबी गरे।

'एउटै औषधि तर मूल्य भने ठाउँअनुसार फरक, यो त राम्रो भएन, अझ सरकारीमै पनि बोर्डले तोकेको भन्दा बढी महँगो पर्नु राम्रो होइन,' उनले भने, 'वीर अस्पतालले ०७७ देखि टेन्डर गर्न पाएको छैन, त्यहाँ बिमामा समावेश भएका धेरै औषधि नपाइने अवस्था छ, हामीले अस्पताललाई पत्राचार गरेर सेवा सहज बनाउन भनेका छौं।' उनका अनुसार विगतमा बोर्डले तोकेको दरेट कायम गर्न र टेन्डर गर्दा जुन रेटमा ल्याइएको थियो, त्यही रेटमा औषधि बिक्री गर्न भनेर बोर्डले बिमाप्रदायक सबै स्वास्थ्य संस्थाहरूलाई पत्राचारसमेत गरेको छ। कार्यकारी निर्देशक पौडेलले हाल बिमाका थुप्रै औषधि नपाइने अवस्थाको स्वीकार गर्दै सबै सरकारी फार्मेसीलाई अनिवार्य औषधि राख्न पत्राचार गरिएको बताए।

स्वास्थ्य मन्त्रालयका पूर्वप्रमुख विशेषज्ञ डा. सुशीलनाथ प्याकुरेलले स्वास्थ्य बिमामा हुने भिड कम गर्न र व्यवस्थित गर्न प्राथमिक स्वास्थ्यचौकी तथा केन्द्रहरूलाई सुधार गर्नुपर्ने बताए। सामान्य रोगको तल्लो तहमै उपचार हुने सहज प्रबन्ध गर्न सके ठुला अस्पतालमा हुने भिड र बिमा हुने ओपिडी खर्च घट्ने बताए। 'स्थानीय स्वास्थ्यचौकी तथा उपचार केन्द्रलाई सुधार गर्न सके एक तहको बिरामी छानिएर त्यहीं उपचार गराउँछ, यसले संघीय अस्पतालमा हुने भिड पनि कम गराउँछ,' उनले भने।

■ 'फेक रेस्क्यु' प्रकरण

पर्यटकलाई उजुरी फिर्ता लिन ट्रेकिङ कम्पनीको दबाब

नयाँ पत्रिका

नेपाल आएका पर्यटकलाई हेलिकोप्टरमा जबर्जस्ती 'उद्धार' गरी बिमा रकम हुत्याउने धन्दामा संलग्न पर्यटन व्यवसायीले उजुरी गर्ने पर्यटकलाई धम्क्याउन थालेका छन्। आफूविरुद्धका उजुरी फिर्ता लिन भन्दै उनीहरूले पर्यटकलाई धम्क्याउन थालेका हुन्।

प्रहरीले केन्द्रीय अनुसन्धान ब्युरोले पानोराम हिमालय ट्रेकिङका सञ्चालक पासाङ शेर्पालाई पक्राउ गरेपछि उनका दाइ तेन्जिङ शेर्पाले एक क्यानेडियन पर्यटकलाई इमेल गरी आफूहरूविरुद्धको उजुरी फिर्ता लिन दबाब दिएका हुन्। सिआइबी स्रोतका अनुसार त्यसबारेमा पनि ती पर्यटकले सिआइबीलाई जानकारी गराएका छन्।

सो ट्रेकिङका अध्यक्ष पासाङलाई सिआइबीले गत २७ फागुनमा पक्राउ गरेको हो। उनका दाइ तेन्जिङ पनि सिआइबीको छानबिनमा रहेको स्रोत बताउँछ। सो कम्पनीमार्फत ट्रेकिङ गएका ती क्यानेडियन नागरिकलाई उनको इच्छाविपरीत हेलिकोप्टरमा उद्धार गरी उनीहरूकै समूहको एक अस्पतालमा भर्ना गरी लाखौं बिमा असुली गरिएको थियो। सो विषयमा प्रमाणसहित ती पर्यटकले उजुरी गरेका छन्। सो उजुरीले प्रहरीले छानबिन गर्नुका साथै आफ्नो कम्पनीको व्यवसायसमेत चौपट भएको भन्दै इमेलमार्फत उजुरी फिर्ता लिन लगाइएको छ।



● **रामहरि शर्मा काफ्ले**, प्रमुख सरकारी वकिल कार्यालय, काठमाडौं

सिआइबी स्रोतका अनुसन्धान प्रतिवेदनमाथि अध्ययन भइरहेको छ। केही दिनमै अभियोगपत्र दर्ता गर्छौं।

सिआइबी स्रोतका यसरी हालसम्म चारजना विदेशी पर्यटकले उजुरी दिइसकेका छन्। उनीहरूकै उजुरीका आधारमा सिआइबीले पहिलो चरणको अनुसन्धान पूरा गरेर आइतबार सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाइसकेको छ। सिआइबीले १६ ट्रेकिङ कम्पनी, चार हेलिकोप्टर कम्पनी, पाँच रेस्क्यु कम्पनी, तीन अस्पताल, तीनजना बिमा कम्पनीका स्थानीय एजेन्ट र एक ट्रेकिङ गाइडको संलग्नता पुष्टि देखिएको भन्दै ती कम्पनीका ३३ जनाविरुद्ध मुद्दा सिफारिस गरेको छ।

ब्युरोले चारवटा कसुरमा कारबाहीको सिफारिस गरेको छ। संगठित अपराधसहित राष्ट्रहितविरुद्धको कसुर, आपराधिक लाभ, लिखतसम्बन्धी कसुरमा मुद्दा चलाउन सिफारिस गरिएको ब्युरोले जनाएको छ।

३३ मध्ये प्रहरीले १० जनालाई थुनामै राखी अनुसन्धान गरिरहेको छ। माउन्टेन रेस्क्यु सर्भिसका सञ्चालक जयराम रिमाल, एभरेस्ट एक्सपिरियन्स एन्ड असिस्टेन्स प्रालिका सुवास केसी र मुक्ति पाण्डे, नेपाल चार्टर सर्भिस प्रालिका रवीन्द्र अधिकारी, मास्टर हिमालय ट्रेक्सका विवेक पाण्डे, नेपाल चार्टर सर्भिसका अपरेसन म्यानेजर विवेक थपलियालाई पक्राउ गरिसकेको छ। त्यस्तै, श्रीद्धि इन्टरनेसनल अस्पतालका सञ्चालक डा. गीर्वाणराज तिमिल्सिना, वायुसेवा सञ्चालक संघका पूर्वउपाध्यक्ष राजेन्द्रबहादुर सिंह, रोयल होलिडेजका सन्दीप तिवारी तथा पानोराम ट्रेकिङका पासाङ शेर्पालाई पनि पक्राउ गरी हिरासतमा राखिएको हो। उनीहरूको सम्पत्तिउपर भने दोस्रो चरणमा अनुसन्धान गरिने प्रहरीले जनाएको छ।

संक्षेप

अमेरिकी जनरल भोवेलले भेटे प्रधानसेनापति

काठमाडौं/ अमेरिकी सेनाको प्यासिफिक कमान्डका उपकमान्डर लेफ्टिनेन्ट जनरल जोयल बी भोवेलले प्रधानसेनापति अशोकराज सिग्देलसँग सोमबार भेटवार्ता गरेका छन्। उनी चार सदस्यीय टोलीसहित आइतबार काठमाडौं आएका थिए। भारत र भुटानको भ्रमणपछि नेपाल आएका जनरल भोवेल र प्रधानसेनापति सिग्देलबिच रक्षा सहकार्य एवं द्विपक्षीय चासोका विषयमा छलफल भएको छ। 'द्विपक्षीय चासो र हितका बारेमा छलफल भएको छ', सैनिक प्रवक्ता सहायकरथी राजाराम बस्नेतले नयाँ पत्रिकासँग भने, 'यो पहिले नै तय भएको उहाँको नियमित नेपाल भ्रमण हो।' प्रधानसेनापतिसहित जंगी अड्डामा उच्च सैनिक अधिकारीसँग उनको छलफल भएको छ। अमेरिकी सेनाले नेपाली सेनालाई मानवीय सहायता, विपत् व्यवस्थापन र अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा गर्ने सहयोगलगायतका बारेमा पनि छलफल भएको छ। अमेरिकी जनरल भोवेल मंगलबार वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र पाँचखालको भ्रमणमा जाने कार्यक्रम छ। त्यसलगत्तै उनी स्वदेश फर्किने क्रममा बैंकक प्रस्थान गर्ने कार्यक्रम छ।

छोराछोरीसहित बेपत्ता आमाको शव भेरी नदीमा भेटियो

सुर्खेत/ छोराछोरीसहित सम्पर्कविहीन रहेकी ३८ वर्षीया महिलाको शव भेटिएको छ। गुर्भाकोट नगरपालिका-१२ पिप्ले बस्ने माया कठायत ११ वर्षकी छोरी आशा र ५ वर्षको छोरा दीपकसहित आइतबारदेखि बेपत्ता भएकी थिइन्। प्रहरी र स्थानीयले खोजी गर्दा उनको शव भेरी नदीमा भेटिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ। सोमबार साँझ ५ बजेतिर हराएको स्थानदेखि सात किलोमिटर दक्षिणतर्फ लेकबेँसी नगरपालिका- ३ पटारेस्थित भेरी नदीको किनारमा शव भेटिएको जिल्ला प्रहरी प्रवक्ता तथा डिएसपी मोहनजंग बुढथापाले बताए। मृतकका श्रीमान्ले शवको सनाखत गरिसकेका छन्। उनका दुई छोराछोरीको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ। तीनैजना घरबाट सम्पर्कविहीन भएको मायाका श्रीमान भुपेन्द्र कठायतले आइतबार नै प्रहरीलाई खबर गरेको जिल्ला प्रहरी कार्यालय ले जनाएको छ। खबर पाएलगत्तै प्रहरी वरिष्ठ हवल्दार गोपाल गुरुङको कमाण्डमा चारजनाको प्रहरी टोली, वडाध्यक्षलगायत स्थानीयसहितको संयुक्त टोलीले खोजतलास गर्दा माया घरदेखि तीन किलोमिटर टाढाको दूरीमा रहेको भेरी नदीको किनारमा उनले प्रयोग गरेको झोला, सल, चप्पल र एक थान मोबाइल फेला जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता बुढथापाले बताए।

दुई दिनमा तीन चोरी, तीन युवा पक्राउ

रामेछाप/ रामेछापको दोरम्बा शैलुङ गाउँपालिकामा दुई घर र लिखु तामाकोशी गाउँपालिकामा एक घर गरी दुई दिनमा तीनवटा घरमा चोरी भएको छ। घरमा कोही नभएको मौका पारी घरको ढोका फोडेर नगद, सुन र ल्यापटप, पसलमा रहेको बियर, रेडबुल, लिची जुस, चुरोटलगायतका सामग्री चोरी गरेका छन्। चोरीमा संलग्नमध्ये दोरम्बा शैलुङ गाउँपालिकाका दुई र लिखु तामाकोशी गाउँपालिकाका एक गरी तीनजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। चोरीमा संलग्न दोरम्बा शैलुङ गाउँपालिका- १ का २९ वर्षीय आटी तामाङ र ३७ वर्षीय फेमस तामाङ छन्। शनिबार बिहान दोरम्बा शैलुङ गाउँपालिका- १ खोलाखर्कस्थित शैलुङ जाने बाटोमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। चेकजाँचका क्रममा चोरीको सामग्री फेला परेपछि उनीहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको छ। उनीहरूले शुक्रबार दोरम्बा शैलुङ गाउँपालिका- ७ थापागाउँका बमबहादुर नगरकोटीको घरबाट १५ हजार नगद, आधा तोला सुनको तिलहरी चोरी गरेका थिए। त्यस्तै, दोरम्बा शैलुङ गाउँपालिका- ६ का सुकदेव गौतमको घरमा पनि चोरी भएको छ। गौतमको घरबाट तीन हजार नगद र ल्यापटप चोरी भएको प्रहरीले जनाएको छ। त्यसैगरी, लिखुतामाकोशी गाउँपालिका- ६ माथिल्लो खिम्ती बजारमा चिया-खाजा पसल सञ्चालन गर्दै आएका बद्रीबहादुर थापाको पसलमा समेत चोरी भएको छ।

■ इनिसालाई न्याय माग्दै विद्यार्थी



सुर्खेतकी इनिसा विकको सामूहिक बलात्कारपछि हत्याको विरुद्धमा सोमबार दलित जेन-जी एलाइन्सले माइतीघरमा निकालेको खबरदारी तथा प्रदर्शनमा सहभागी विद्यार्थी। उनीहरूले 'बलात्कारीलाई फाँसी दे', 'लैंगिक विभेद अन्त्य गर' लगायतका नारा लेखिएको प्लेकार्ड बोकेका थिए। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

मुख्यमन्त्रीले घुस मागेको आरोप लगाएका वन अधिकृतविरुद्ध मुद्दा

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहमाथि घुस मागेको आरोप लगाउने प्रदेश डिभिजन वन अधिकृत कृष्णदत्त भट्टविरुद्ध प्रहरीले विद्युतीय अपराध ऐनअन्तर्गत कारबाही प्रक्रिया अगाडि बढाएको छ।

मुख्यमन्त्री शाहका स्वकीयसचिव प्रयागराज खनालले दिएको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालयले भट्टलाई नियन्त्रणमा लिएर मुद्दा अगाडि बढाइएको हो। धनगढीस्थित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट सोमबार दिउँसो भट्ट पक्राउ परेका हुन्।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक योगेन्द्र तिमिल्सिनाले भट्टविरुद्ध विद्युतीय अपराध ऐनअन्तर्गत अनुसन्धान अगाडि बढाइएको जानकारी दिए। 'भट्टविरुद्ध विद्युतीय अपराध ऐनअन्तर्गत कारबाहीको माग गर्दै जाहेरी परेको छ। त्यही जाहेरीका आधारमा पक्राउ गरेर अनुसन्धान अगाडि बढाएका छौं,' उनले भने।

खनालले २९ फागुनमा जाहेरी दिएपछि प्रहरीले कैलाली जिल्ला अदालतबाट पक्राउपुर्जी लिएको थियो। भट्टले एक सञ्चारमाध्यमलाई हालै दिएको भिडियो अन्तर्वार्तामा आफ्नो सरुवा रोक्न मुख्यमन्त्री शाहले आफूसँग पाँच लाख रुपैयाँ घुस मागेको आरोप लगाएका थिए। मुख्यमन्त्रीलाई पाँच लाख घुस दिन नसकेकै कारण आफूलाई डिभिजन वन कार्यालय धनगढीको प्रमुखबाट सरुवा गरिएको उनको दाबी थियो।

मुख्यमन्त्रीमाथि घुस मागेको आरोप लगाएका भट्टसँग उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले समेत स्पष्टीकरण माग गरेको थियो। मन्त्रालयका सचिव दीर्घनारायण कोइरालाले मागेको स्पष्टीकरणको जवाफ दिन मन्त्रालय गएका बेला उनी पक्राउ परेको बताइएको छ। जिल्ला प्रहरी कार्यालय स्रोतका अनुसार मुख्यमन्त्रीको दबाबमा भट्टलाई पक्राउ गरिएको हो।

सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवस्तरीय निर्णयबाट गत साउनमा भट्टको सरुवा डिभिजन वन कार्यालय पहलमानपुर गरिएको थियो। सरुवाविरुद्ध भट्टले उच्च अदालत दिपायलमा रिट दायर गरेका थिए।

एसइई केन्द्र घट्दा दुर्गमका विद्यार्थी मारमा, ताप्लेजुङमा ६ केन्द्र कटौती

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

यस वर्ष ताप्लेजुङमा सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)का लागि परीक्षा केन्द्र संख्या घटाइएपछि दुर्गम क्षेत्रका विद्यार्थीलाई समस्या हुने भएको छ। अघिल्लो वर्षको तुलनामा ६ वटा परीक्षा केन्द्र कटौती गरिएका छन्।

आगामी १९ चैतदेखि सुरु हुने एसइई परीक्षाका लागि जिल्लामा यस वर्ष ११ वटा मात्रै परीक्षा केन्द्र निर्धारण गरिएको शिक्षा विकास तथा समन्वय एकाइ ताप्लेजुङले जनाएको छ। केन्द्र संख्या घटाइएपछि विशेषगरी दुर्गम भूगोल भएका मैवाखोला र मिक्वाखोला गाउँपालिकाका विद्यार्थी मारमा परेका छन्। शिक्षा विकास तथा समन्वय एकाइ ताप्लेजुङका प्रमुख योगेश्वर भट्टराईका अनुसार नयाँ निर्देशिकाअनुसार कम्तीमा एक सय ५९ भन्दा कम परीक्षार्थी भएका स्थानमा परीक्षा केन्द्र राख्न नपाइने व्यवस्था आएकाले केन्द्र संख्या घटाउनुपरेको हो। सोही मापदण्ड लागू गर्दा मैवाखोला र मिक्वाखोला गाउँपालिकामा कुनै पनि परीक्षा केन्द्र कायम हुन नसकेको उनले बताए।

दुर्गम भूगोल भएका यी पालिकाका विद्यार्थीले अब छिमेकी पालिकाका परीक्षा केन्द्रमा पुगेर परीक्षा दिनुपर्ने भएकाले यात्रा दूरी र खर्च दुवै बढ्ने देखिएको छ। कतिपय विद्यार्थीलाई परीक्षा अवधिभर केन्द्रनजिकै डेरा बसेर परीक्षा दिनुपर्ने अवस्था आउन सक्ने स्थानीय शिक्षक बताउँछन्। दैनिक आउजाउ सम्भव नभएका स्थानबाट आउने विद्यार्थीका लागि बसोवास, खानपान र यातायात खर्च अभिभावकका लागि थप आर्थिक भार बन्ने सम्भावना छ। यस वर्ष फुङलिङ नगरपालिकामा चारवटा परीक्षा केन्द्र कायम गरिएका छन्। भानुजन माध्यमिक विद्यालय, युवा वर्ष माध्यमिक विद्यालय कैंजले, बालसुबोधिनी संस्कृत माध्यमिक विद्यालय मेदिवुङ र सिद्धकाली माध्यमिक विद्यालय दोखु परीक्षा केन्द्र तोकिएका छन्। सिरिजंगा गाउँपालिकामा सिनाम माध्यमिक विद्यालय सिनाम र तेल्लोक माध्यमिक विद्यालय तेल्लोक गरी दुईवटा केन्द्र छन्।



अन्य पालिकामा भने एक-एकवटा परीक्षा केन्द्र कायम भएका छन्। फक्ताङलुङ गाउँपालिकामा सिँवा माध्यमिक विद्यालय लिङखिम, मेरिङदेन गाउँपालिकामा त्रिभुवन माध्यमिक विद्यालय थुकिमा, पाथीभरा याङवरक गाउँपालिकामा थेचम्बु माध्यमिक विद्यालय थेचम्बु, सिदिङ्वा गाउँपालिकामा भन्ज्याङ माध्यमिक विद्यालय लिम्बुदिन तथा आठराई त्रिवेणी गाउँपालिकामा सरस्वती माध्यमिक विद्यालय हाङपाङलाई परीक्षा केन्द्र तोकिएको छ। यस वर्ष साबिकमा रहेका केही परीक्षा केन्द्र भने हटाइएका छन्। फुङलिङको जनता माध्यमिक विद्यालय हाङदेवा, मैवाखोलाको मैवाखोला माध्यमिक विद्यालय दुंगेसाँघु, मिक्वाखोलाको मोती माध्यमिक विद्यालय खोक्लिङ, आठराई त्रिवेणीको दुर्गा माध्यमिक विद्यालय फूलबारी, फक्ताङलुङको सरस्वती माध्यमिक विद्यालय तापेथोक र सिरिजंगाको गणेश माध्यमिक विद्यालय खेवाङ परीक्षा केन्द्र कटौतीमा परेका हुन्।

परीक्षा केन्द्रअनुसार परीक्षार्थीको संख्या पनि फरक-फरक छ। जिल्लामा सबैभन्दा बढी परीक्षार्थी रहेको केन्द्र आठराई त्रिवेणी गाउँपालिकाको सरस्वती माध्यमिक विद्यालय हाङपाङ बनेको छ, जहाँ २३६ जना विद्यार्थीले परीक्षा दिनेछन्। यस वर्ष ताप्लेजुङमा कुल दुई हजार नौजना परीक्षार्थी एसइई परीक्षामा सहभागी हुने भएका छन्। साधारण धारतर्फ नियमिततर्फ एक हजार ३४९ तथा ग्रेडवृद्धितर्फ ५४७ विद्यार्थी छन्। प्राविधिक धारतर्फ नियमिततर्फ एक सय तीन र ग्रेडवृद्धिका १९ जना परीक्षार्थी रहेको शिक्षा विकास तथा समन्वय एकाइ ताप्लेजुङले जनाएको छ।

आगामी सरकारका चुनौती र कार्यभार

जनताले निर्वाचनमार्फत स्थिर सरकार, सुशासन, भ्रष्टाचार अन्त्य र गुणस्तरीय जनजीविकाको अपेक्षासहित नयाँ दललाई दुईतिहाइनिकट बहुमत दिएका हुन्



● विष्णुहरि मरासिनी

अग्रलेख

गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलन र यसकै बलमा बनेको अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की राष्ट्रपतिबाट आफूलाई सुम्पिएको कार्यभार सम्पन्न गरी छिटै बिदा हुने संघारमा छिन् । अनेक आशंका र टिप्पणीबिच घोषित मितिमै निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराएकामा प्रधानमन्त्रीप्रति सबैको सकारात्मक टिप्पणी रहेको पाइन्छ । यस वर्षको निर्वाचनको नतिजा हेर्दा नयाँ शक्ति अर्थात् रास्वपाप्रति जनताको आकर्षण तीव्र बढेको देखियो । लगभग दुईतिहाइको बहुमत दिएर जनताले आमूल परिवर्तनका लागि स्थिर सरकारको परिकल्पना गरेको देखिन्छ । यसै सन्दर्भमा यस लेखमा अब बन्ने भावी सरकार र यसले प्राथमिकता दिनुपर्ने केही कार्यबारे संक्षिप्त समीक्षा गर्न खोजिएको छ ।

जनतामा नयाँप्रतिको आकर्षण : नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापछि ०४७ मा विश्वको उत्कृष्टमध्ये भनिएको संविधान घोषणा भयो । सक्रिय राजतन्त्र संवैधानिक सीमामा बाँधियो । ०४८ सालमा सम्पन्न आमनिर्वाचनमा नेपाली कांग्रेसले बहुमत प्राप्त गरे पनि पार्टीको आन्तरिक संघर्षका कारण ०५१ मा मध्यावधि निर्वाचन भयो । निर्वाचनबाट एमालेको बढी सिट प्राप्त भए पनि सरकार अल्पमतको बन्न पुग्यो । त्यसैवेलादेखि सरकार बनाउने र गिराउने खेलमा दलहरू कुनै राजनीतिक आस्था, दर्शन या विचार नमिल्नेबिच पनि सहकार्य गर्ने र छोटो समयमै सरकार परिवर्तन गर्ने प्रक्रिया सुरु भयो । ०५२ मा सुरु भएको माओवादी सशस्त्र संघर्षले विकराल रूप लिँदै गर्दा राज्यका संस्था कमजोर हुन पुगे । अस्थिर सरकार, भ्रष्टाचार, चरम सत्तालिप्साका कारण सरकार जनताको सारथी बन्न सकेन । कहिले राजाको निरकुंश शासन, कहिले पार्टीको सरकार हुँदै ०६२/६३ को जनआन्दोलनपश्चात् माओवादी र राज्यपक्षबिच सम्झौता भई निर्वाचन सम्पन्न भए पनि ०६४ को निर्वाचनपछि संविधानसभाले संविधान जारी गर्न सकेन । परिणामतः पुनः ०७० मा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भयो । सो निर्वाचनपछि गठित संविधानसभाले संविधान निर्माण गरी जारी गऱ्यो । नयाँ संविधानले संघीय व्यवस्थासहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना गर्दै ०७४ को निर्वाचनपछि झन्डै दुईतिहाइको कम्युनिस्ट सरकार बन्यो । सो सरकार पनि पटक-पटक परिवर्तन हुँदै जेनतेन संसद्ले आफ्नो कार्यकाल पूरा गऱ्यो । ०७९ मा अर्को निर्वाचन सम्पन्न भए पनि कुनै पनि दलले स्पष्ट बहुमत ल्याउन सकेन । परिणामतः पुरानै शृंखला दोहोरिन पुग्यो । पटक-पटक सरकार परिवर्तन, व्यापक भ्रष्टाचार, सार्वजनिक सेवा प्रवाहमा सरकारको प्रभावकारिता शून्य हुँदै जाँदा जनता निकै निराश बन्दै गए । त्यसैबिच दुई ठुला दल मिली सरकार सञ्चालन गरे पनि सरकारले जनतालाई महत्त्व नदिई बहुमतको दम्भ प्रकट देखाउँदा जनतामा असन्तुष्टि चुलियो । विज्ञान र प्रविधिको युगमा रमाइरहेका नयाँ पुस्ता सामाजिक सञ्जाललगायत एक्कासि बन्द भएपछि विभिन्न माग लिएर सडकमा उत्रिए । प्रदर्शन हिंसात्मक बनेपछि करिब ७६ जनाले सहादत प्राप्त गरे । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली राजीनामा दिएर सुरक्षित स्थानमा भागेपछि देशमा सरकारविहीनताको अवस्था सिर्जना भयो । यस्तो विषम परिस्थितिमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार बन्यो र सरकारले घोषित मितिमा निर्वाचन सम्पन्न गऱ्यो । निर्वाचनको परिणामले परम्परागत तीन ठुला दललाई कडा झड्का दिएको छ । जनता जनार्दन हुन् र लोकतन्त्रमा विश्वास गर्ने हरेकले यसलाई सहर्ष स्वीकार गरी आफूलाई परिमार्जन गर्नुपर्छ ।

नयाँ सरकारका चुनौती र आगामी कार्यभार : जनमत कहिल्यै स्थिर हुँदैन । जनता २१औँ शताब्दीका परिवर्तनका संवाहक हुन् । कसैले जनतालाई सधैं प्रयोग गर्ने तर जनताको जीवनमा चुनाव जितेपछि फर्केर नआउने प्रवृत्तिलाई टुलुटुलु हेरेर बस्दैनन् । यस अर्थमा अब बन्ने सरकारले पनि जितको उन्मादमा भन्दा पनि विवेकपूर्ण ढंगबाट साँच्चै मेरो सरकार, मेरो गौरव भन्ने अनुभूति तीन करोड जनताले गर्ने गरी राज्य सञ्चालन गर्नुपर्छ । जनमतको आडमा पुरानै संस्कार र प्रवृत्तिमा काम गर्ने हो भने जनताले दण्डित गर्न पाँच वर्ष कुर्नैपर्दैन । तसर्थ, जनताले निर्वाचनमार्फत स्थिर सरकार, सुशासन, भ्रष्टाचार अन्त्य र गुणस्तरीय जनजीविकाको अपेक्षासहित नयाँ दललाई दुईतिहाइनिकट बहुमत दिएका हुन् । नयाँ सरको आगामी यात्रा पक्कै पनि सहज छैन, तर असम्भव पनि छैन । यस सन्दर्भमा आगामी सरकारले केही विषयलाई गम्भीरतासाथ अगाडि बढाउनुपर्छ ।

जेन-जीका माग र सहिद परिवार : भदौ २३/२४ को क्रान्तिको मुख्य कारण व्याप्त भ्रष्टाचार, सुशासन, जनताप्रतिको जिम्मेवारी र जनताको जीवनस्तरमा आएको ह्रास हो । नेताहरूको सत्ताको म्युजिकल दौड, आलोपालो राज्यको दोहन, अस्थिर सरकार, नातावाद, कृपावादसँगै तत्कालीन अवस्थामा सामाजिक सञ्जालमा गरिएको प्रतिबन्ध नै हो । सामाजिक सञ्जाललाई नियमन र नियन्त्रण गर्नु आवश्यक पनि छ । तसर्थ, अब बन्ने सरकारले कुशासन अन्त्य गरी विनाप्रतिशोध, कसैलाई काखा, कसैलाई पाखा नगरी सबैखाले भ्रष्टाचारका काण्डलाई उच्चस्तरीय आयोगमार्फत छानबिनको दायरामा ल्याउने काम अविलम्ब गर्नुपर्छ । घाइते तथा सहिद परिवारका लागि राज्यले प्राथमिकतामा राखी उपचार र रोजगारीको व्यवस्था गर्नुपर्छ । राज्यकोषबाट दिने राहतभन्दा पनि काम गर्ने वातावरण मिलाउनेतर्फ प्राथमिकता दिनुपर्छ । भदौ २३/२४ गतेको घटनाको छानबिन र त्यसबाट प्राप्त प्रतिवेदनलाई विनापूर्वाग्रह कार्यान्वयनमा लगी राज्यको सार्वजनिक र व्यक्तिगत सम्पत्तिमाथि प्रहार गर्ने व्यक्तिलाई समेत कानुनी दायरामा ल्याउनुपर्छ । कानुनको शासन मान्य छ, अराजकता र विध्वंसकारी क्रियाकलाप लोकतन्त्रमा दण्डित हुनुपर्छ ।

> नेपाली जनताले यसपटक निकै ठुलो अपेक्षासाथ परिवर्तनका पक्षमा मतपेटिकामार्फत क्रान्ति गरेका छन् । अब विगतबाट पाठ सिकेर जनताप्रति इमानदारीपूर्वक समर्पित भई यो देशको मुहार फेर्ने जिम्मा आगामी सरकारको हो ।

संविधान संशोधन र सुशासन : संविधानका आधारभूत संरचना र असंशोधनीय व्यवस्थाबाहेकका नेपालको वर्तमान संविधानमा सुधार गर्नुपर्ने विषय पहिचान गरी सबै राजनीतिक दलको सहमतिमा शासकीय स्वरूप, व्यवस्था, राज्यको संरचना, निर्वाचन प्रणाली, न्यायालयको न्यायाधीश नियुक्ति, संवैधानिक पदमा नियुक्ति तथा न्यायपरिषद्को संरचनाजस्ता विषयमा तुरुन्त सुधार गर्नुपर्ने देखिन्छ । प्रदेशको संरचनामा सुधार, स्थानीय तहमा अधिकार र स्रोतको बढोत्तरी गर्नुपर्ने देखिन्छ । संघीय संरचनालाई कसरी चुस्त र दुरुस्त बनाउने र कर्मचारी शिक्षक र अन्य राज्यको तलब खाने व्यक्ति कुनै पनि दलीय आबद्धता जनाई भ्रातृ संगठनका रूपमा रहने व्यवस्था अन्त्य हुने गरी संवैधानिक र कानुनी सुधार गरिनुपर्छ । जनमुखी कानुन र संरचनागत सुधार गर्ने सन्दर्भमा विलम्ब गर्नुहुँदैन ।

शिक्षा, स्वास्थ्य र रोजगारी : जनताले सबैभन्दा पहिला गुणस्तरीय शिक्षा, स्वास्थ्य र देशमै रोजगारीको सुविधा होस् भन्ने पवित्र उद्देश्यसाथ नयाँलाई रोजेका छन् । सार्वजनिक शिक्षामा सुधार अति आवश्यक छ । निजी शिक्षा अत्यन्त महँगो र सार्वजनिक शिक्षाको गुणस्तरमा भएको ह्रासलाई तुरुन्त नीतिगत र व्यवस्थापकीय सुधार गर्नु जरुरी छ । सरकारी अस्पतालमा गुणस्तरीय सेवा छैन, निजीमा उपचार गर्न क्षमता छैन । देशमा रोजगार छैन । वैदेशिक रोजगारीले परिवारमा विखण्डन ल्याएको छ । यस परिस्थितिमा तीनवटै विषयलाई सम्बोधन गर्ने गरी शिक्षा, सिप र रोजगारलाई उच्च प्राथमिकतामा राखी व्यापक सुधारको खाँचो छ । पक्कै पनि नयाँ सरकारको जोड यसमा रहनेछ ।

सार्वजनिक सेवा प्रवाहमा सुधार : सार्वजनिक सेवा सहज, सरल, कम खर्चिलो र जनताको वरिपरि घुम्ने हुनुपर्छ भन्ने मान्यता राखिन्छ । नेपालको सन्दर्भमा सार्वजनिक सेवा प्राप्त गर्न निकै कठिन कार्यविधिगत जटिलता, झन्झटिलो, नातावाद, कृपावाद, घुसखोरी, शक्ति र भनसुनजस्ता प्रवृत्तिबाट प्रभावित छन् । सरकारको कार्यकुशलता र प्रभावकारिताको मापन नै जनताको सार्वजनिक सेवामा पहुँच हो । यसमा अब बन्ने सरकारले व्यापक सुधार गरी तुरुन्त परिणाम देखिने गरी कार्य गर्नुपर्छ ।

उच्च राजनीतिक संस्कारको प्रदर्शन : विजेता दलले यो पनि बिर्सन हुँदैन, जनताले गफ होइन, डेलिभरी खोजेका छन् । जनताले दल होइन मत, परिवर्तन गरेका हुन् । नयाँले केही गर्ने आसमा जनताले जुन साथ दिएका छन्, यसलाई सर्वोपरी ठानी पुराना दलले सबै बिगारे भन्ने भाष्य निर्माण गरेर अगाडि बढ्ने गल्ती अब बन्ने नयाँ सरकारले गर्नुहुँदैन । बरु पुराना दलले गरेका सकारात्मक कामको अनुसरण गर्दै कमजोरीलाई सच्याएर अगाडि बढ्नुपर्छ । राष्ट्रिय स्वतन्त्र पार्टीका विजेता उम्मेदवार पनि हिजो अन्य दलमा आबद्ध व्यक्ति थिए । उनीहरू आज यता आउनासाथ सबै ठिक हुने होइन । तसर्थ, उच्च राजनीतिक संस्कार, राज्य निर्माणमा एकजुट भई यो स्वर्गजस्तो देशलाई साँच्चै गर्वलायक बनाउन सदाचार, नैतिकता र उच्च राजनीतिक संस्कार प्रदर्शन गर्नु वाञ्छनीय हुन्छ । अब, नेपालमा राजनीतिक लडाइँभन्दा पनि गरिबी, बेरोजगारी, पछौटेपनविरुद्ध युद्ध छेडेर देशलाई साँच्चै गर्व गर्नलायक बनाउने जिम्मा रास्वपाको काँधमा आएको छ ।

सन्तुलित विदेश सम्बन्ध : हाम्रो जस्तो भूराजनीतिक अवस्था रहेको देशमा सन्तुलित विदेश सम्बन्ध कायम गर्नु निकै चुनौतीपूर्ण कार्य हो । यसलाई राष्ट्रहितको प्रयोगमा कुनै उक्साहटविना कसरी सन्तुलित ढंगले अगाडि बढ्ने भनेर बहस गर्नुपर्छ । अर्थात्, खासगरी उत्तरको चीन र दक्षिणतिरको भारतसँगको हाम्रा ऐतिहासिक सम्बन्ध र दुईबिच सम्भावनाको पुलका रूपमा अगाडि बढ्नेतर्फ ध्यान केन्द्रित हुनुपर्छ । असमान सन्धिहरूको पुनरालोकन, खुला सिमाना र सीमा विवादको विवेकपूर्ण समाधान आजको आवश्यकता हो । साथै, दुवै राष्ट्रले गरेको आर्थिक उन्नतिसित जोडिएर नेपालको उन्नतिमा कसरी सहकार्य गर्ने भन्ने सन्दर्भमा उचित र दीर्घकालीन रूपमा सोचविचार गरी अगाडि बढ्नुपर्छ । असंलग्नताको सिद्धान्तमा रहेको नेपालको परराष्ट्र नीतिलाई सोहीबमोजिम अंगिकार गरी दुबै राष्ट्रबिच सौहार्दपूर्ण सम्बन्ध स्थापित गर्नु उपयुक्त हुन्छ ।

अन्त्यमा : विगतमा राजनीतिक दलबाट पटक-पटक धोका पाएको महसुस गरेका नेपाली जनताले यसपटक निकै ठुलो अपेक्षा गरी परिवर्तनका पक्षमा आफ्नो अभूतपूर्ण मत प्रकट गरेका छन् । यो अवस्था चानचुने नभई मतपेटिकामार्फत गरेको ठुलो क्रान्ति नै हो । तसर्थ, विगतबाट पाठ सिकेर जनताप्रति इमानदारीपूर्वक समर्पित भई यो देशको मुहार फेर्ने जिम्मा अब बन्ने सरकारको हो । नयाँ सरकारका कामबाट आगामी दिनमा नेपालले विकासको फड्को मार्ने, सुशासन स्थापना हुने, जेन-जीको बलिदानले केही हदसम्म भए पनि सार्थकता पाउने अपेक्षा आमजनताको छ । न आत्तिनु, न मात्तिनु भनेझैं जितको उन्मादमा फेरि पुरानै दलको शैलीमा काम गर्दा क्षणिक रूपमा कसैले फाइदा पाए पनि पुनः क्षति व्यहोर्ने र प्रतिक्रान्ति हुन बेर लाग्दैन । यस तथ्यलाई आगामी सरकारले ध्यानमा राख्नुपर्ने देखिन्छ ।

(मरासिनी नेपाल सरकारका कानुन अधिकृत हुन्)

---

३ प्रश्न

अर्थशास्त्री **केशव आचार्य**लाई



आठ महिनामा १९.२४ प्रतिशत मात्र पुँजीगत खर्च हुनुले के संकेत गर्छ ?

विगतदेखि नै पुँजीगत खर्च कुनै पनि सरकारको प्राथमिकतामा परेको देखिन्न । झन् ०७४ पछि त यस्तै अवस्था मात्र दोहोरिइरहेको छ । हरेकपटक असारमा मात्र पुँजीगत खर्च बढ्ने अवस्था देखियो । मध्यावधि समीक्षाले जहिल्यै बजेटको आकार घटायो । जेन-जी विद्रोहपछि बनेको नयाँ सरकारको मुख्य म्यान्डेट नै चुनाव गराउनु थियो । त्यसैले, सरकारको समग्र ध्यान नै चुनावमा केन्द्रित भयो । अर्थले बजेट बनाउने र खर्च विकासे मन्त्रालयले गर्ने हो । विगतमा खर्बौंको ठेक्का तोडियो । तर, त्यसको विकल्प खोजिएन । त्यसले गर्दा पनि हाम्रो विकास निर्माणको काम टुहुरो भयो । प्रधानमन्त्रीको ध्यान पनि पुराना दल र जेन-जीहरूसित ट्याकल गर्ने दिशामा मात्र केन्द्रित भयो । त्यसैले पनि यस वर्ष विगतको भन्दा पनि पुँजीगत खर्चको अवस्था झनै खराब देखियो ।

हाम्रो पुँजीगत खर्च गर्ने क्षमता किन नबढेको होला ?

निर्माण व्यवसायी र सरकारका अधिकांश सचिवले हाम्रो सार्वजनिक खरिद ऐन पुँजीगत खर्चमा बाधक भएको गुनासो गर्दै आएका छन् । विगतमा केपी ओली प्रधानमन्त्री भएको समयमा पटक-पटक यो ऐन संशोधन गरियो, तैपनि काम भने प्रभावकारी भएन । ठेक्का सम्झौतापछि पाइने मोबिलाइजेसनको रकम ठेक्काअनुसारको काममा नलगाई अन्यत्र लगाउने प्रवृत्तिले पनि हाम्रो पुँजीगत खर्चमा समस्या देखिएको हो ।

पुँजीगत खर्च बढाउन नयाँ सरकारले के गर्नुपर्ला ?

नयाँ सरकारले सार्वजनिक खरिद ऐनमा कहाँकहाँ कमजोरी छन्, पत्ता लगाएर संशोधन गरी त्यसैअनुसार नियमावली पनि ल्याउनुपर्छ । लामो समयदेखि अड् किरहेको निजामती सेवा ऐन पारित गरी लागू गरिनुपर्छ । यस ऐनलाई प्रक्रियामुखीभन्दा पनि परिणाममुखी बनाउनु जरुरी छ । प्रधानमन्त्रीले अन्य कुरामा नअल्झिई विकास, निर्माणका काममा अनुगमन गर्नुपर्छ । साथै, पुँजीगत खर्चमा आउने कुनै पनि बाधा, अड्काउ फुकाउन सरकार तत्काल तयार हुनुपर्छ ।

प्रेरक प्रसंग

गधाको बाटो

जंगलको नजिकै रहेको एउटा सानो गाउँमा भोलु नामको गधा थियो । त्यो गाउँ बाँकी संसारबाट बिल्कुलै अलग थियो । त्यहाँ बाहिरबाट न कोही आउँथे, न कोही त्यहाँबाट बाहिर जान्थे ।

एकपटक भोलुले सोच्यो- यो जंगलको पारि गएर हेर्नुपऱ्यो, उता के रहेछ ? दोस्रो दिन ऊ बिहानै जंगलतिर अघि बढ्यो । जंगल निकै घना थियो र गधा निकै मूर्ख । ऊ कुनै सोचविचारविनै जता मन लाग्यो, त्यतै हिँड्न थाल्यो । जसोतसो गरेर उसले जंगल पार गऱ्यो र अर्कोपट्टि रहेको गाउँ पुग्यो ।

उता गाउँमा हल्ला मच्चियो- भोलु गधा गाउँ छाडेर हिँड्यो । सबैले उसको चर्चा गर्न थाले । भोलुको चर्चा सुनेर गाउँका कुकुरको एउटा झुन्डले पनि गाउँ छाड्ने निश्चय गऱ्यो । उनीहरू गधाको गन्ध पछ्याउँदै सोही बाटो हुँदै जंगल पार गरेर अर्को गाउँ पुगे ।

त्यसपछि गाउँका अन्य पशुबिच पनि जंगल पार गर्ने होड नै चल्यो र सबैले गधाले खोजेको बाटोबाटै जंगल पार गरे । बारम्बार एउटै बाटोबाट हिँड्दाहिँड्दा त्यहाँ एउटा राम्रै गोरेटो तयार भयो । वर्षौंपछि मानिस पनि सोही बाटो हुँदै जंगल पार गर्न थाले । बिस्तारै गाउँको जनसंख्या पनि बढ्यो । अनि, सरकारले जंगलको बिचबाट सडक निर्माण गर्ने निर्णय गऱ्यो ।

सहरबाट आएका इन्जिनियरको टोलीले जंगलको अध्ययन गऱ्यो । त्यस क्रममा गाउँलेले गधाले बनाएको गोरेटोबारे बताउँदै त्यसैमाथि सडक बनाउँदा ठिक हुने सल्लाह दिए । इन्जिनियर टोलीका प्रमुखले गाउँलेको सल्लाह सुनेर प्रश्न गरे- यो गोरेटो कसले बनाएको हो ? गाउँका एक वृद्धले पूरै कहानी सुनाउँदै भने- यो गोरेटो एउटा गधाले बनाएको हो ।

इन्जिनियरले भने- तपाईंहरू मान्छे भएर पनि एउटा गधाले खोजेको बाटो पछ्याइरहनुभएको देख्दा अचम्म लाग्यो । यो गोरेटो निकै लामो र अप्ठ्यारो पनि छ । अहिले हामीले जुन नक्सा बनाएका छौं- त्यो सीधा र तपाईंहरूले भनेकोभन्दा चारगुना छोटो र सुरक्षित पनि छ । बल्ल गाउँलेले आफूहरूले गधाले बनाएको बाटो पछ्याएर गल्ती गरेको महसुस गरे ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

प्रधानमन्त्री कार्कीमाथि प्रश्न

२१ फागुनको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेकी प्रधानमन्त्री सुशीला कार्कीले पदबाट बिदा भएर जाँदाजाँदै सर्वोच्च अदालतमा करारका नायब सुब्बास्तरका कम्प्युटर अपरेटरलाई आफ्नो पिए भएकै भरमा प्रकृति संरक्षण कोषको अध्यक्षमा नियुक्ति दिएर विवादास्पद काम गरेकी छिन् । निर्वाचन सम्पन्न गराएर आफूलाई सुम्पिएको दायित्व कुशलतापूर्वक सम्पन्न गराउने प्रधानमन्त्री कार्कीले आफ्ना पिए आदर्श श्रेष्ठलाई सो पदमा नियुक्त नगरी नहुने बाध्यता के आइपऱ्यो ? गत भदौमा नेपोटिज्मविरुद्धको आन्दोलनले उनलाई प्रधानमन्त्री पदमा स्थापित गरेको हो । अहिले उनै कार्कीले तीन सचिव र विज्ञहरू रहने कोषमा योग्यता र क्षमता केही नभएका नासु स्तर का कर्मचारीले एकैपटक त्यसरी नियुक्ति दिनुको कारण के हो । उनले सार्वजनिक रूपमै यस प्रश्नको जवाफ दिऊन् ।

● **सीता कुइँकेल**, सानेपा, ललितपुर

इन्धन बजारमा अनुगमन गर

अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेयता नेपालमा मात्र नभई संसारभर नै पेट्रोलियम पदार्थको अभाव देखिन थालेको छ । नेपालमा पनि त्यसको गम्भीर प्रभाव देखिन थालेको छ । यतिखेर सरकारले पेट्रोलियम पदार्थको मूल्य ह्वात्तै बढाएको छ । उता खाना पकाउने एलपी ग्यासको अवस्था पनि त्यस्तै छ । धेरै अघिदेखि बजारमा अभाव देखिँदै आएको एलपी ग्यासको अभाव झनै बढेको छ । सरकारले बजार अनुगमन तीव्र बनाओस् ।

● **सुमन मैनाली**, ब्रह्मटोल, काठमाडौं

सरकारको सराहनीय काम

मकवानपुर जिल्लाको दुर्गम कैलाश गाउँपालिकामा पहिलोपटक अस्पतालस्तरको स्वास्थ्य सेवा सुरु भएको समाचार सुन्दा निकै खुसी लाग्यो । एउटा दुर्गम गाउँका लागि १० शय्याको अस्पताल सञ्चालनमा आउनु पनि निकै खुसीको विषय हो । गाउँघरमै दुई चिकित्सकसहित विभिन्न स्वास्थ्य कर्मचारीको दरबन्दी कायम हुनु पनि खुसीकै विषय हो । अब सरकारले दरबन्दीअनुसार चिकित्सक, नर्स र अन्य स्वास्थ्य कर्मचारीसहित सम्भव भएसम्मका आधुनिक उपकरणसहित सेवा दिनु आवश्यक छ ।

● **सुधा प्रजा**, हेटौंडा-६, मकवानपुर

मधेशी दलको खुसी

बालेन्द्र शाह प्रधानमन्त्री बनेपछि आफ्ना एजेन्डा सफल हुने भन्दै शाहको जितमा मधेशी दलका नेतृत्व खुसी छन् भन्ने सुन्दै छु । तर, नयाँ पत्रिकाको कार्टुनमा भने मधेशी दलका नेतृत्व रोइरहेको देखाइएको छ । भर्तृहरिले भाइको जिम्मामा राजकाजको बागडोर सुम्पेर वनगमन गरे । भर्तृहरि खुसी थिए वा थिएनन्, त्यो त कुनै वितरागीले नै बताउन सक्ला । भीष्मले भाइका लागि गद्दी त्यागे । उनी पनि खुसी नै थिए । भरतका लागि रामले पनि गद्दी त्यागे । उनी पनि खुसी नै थिए । एउटा खुसी अर्को प्रकारको पनि हुन्छ । मधेशी दलका नेतृत्वको खुसी कुन प्रकारको हो, यसको निर्णय पाठकले गर्दा हुन्छ ।

इन्दिरा गान्धी भारतकी प्रधानमन्त्री हुँदा त्यहाँका महिला यस्तै खुसी भएका थिए होलान् । तर, तीन तलाक र कतिपय महिला पक्षका विधेयक मोदीकालमा पास भए । द्रौपदी मुर्मु राष्ट्रपति भइन् । आदिवासी खुसी भए । तर, मुर्मुले भन्दा बढी आदिवासी उत्थानको काम त महाश्वेता देवीले गरेकी छिन् । ब्रिटेनका महिला मार्गरेट थ्याचरभन्दा पहिल्यैदेखि खुला र समृद्ध थिए । अहिले बालेन शाह र रास्वपाले आफ्नो पत्ता खोलेका छैनन् । पत्ता खोलेपछिको पहिलो सूर्यको किरणले मात्र दिनको कुरा बताइदिन्छ । नेपालजस्तो देशको त कुरै छाडौं, चीन, भारत र अन्य समृद्ध देशका धोती पनि ट्रम्पले खुस्काइदिएका छन् ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
sy4256206@gmail.com

भारतमा ग्यास अभाव हुन नदिने सरकारको प्रयास

भारत सरकारले चालेका विभिन्न प्रयासका बाबजुद ग्यासको अभाव पूरै टार्न कठिन हुने विश्लेषकले औंल्याएका छन्



देश/विदेश

● उदित बाबना

इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरेपछि सुरु भएको युद्ध लम्बिँदै जाँदा भारतमा प्रमुख ऊर्जाका स्रोतको अभाव देखिन थालेको छ । भारतको कच्चा तेल आपूर्तिको लगभग ३५-५० प्रतिशत हिस्सा आउने साँघुरो समुद्री मार्ग स्ट्रेट अफ होर्मुजको अवरोध लामो समय रहेमा भारतको समस्या बढ्नेछ । भारत कच्चा तेलका लागि मात्र नभई तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) र तरलीकृत पेट्रोलियम ग्यास (एलपिजी)जस्ता आवश्यक इन्धनका लागि पनि यो समुद्री मार्गमा धेरै निर्भर छ । भारतको घरेलु एलपिजी मागको लगभग ६० प्रतिशत हिस्सा आयातमार्फत पूरा गरिन्छ । यसका लगभग ८०-९० प्रतिशत खाडी देशहरू- कतार, युएई, साउदी अरेबिया र कुवेतबाट स्ट्रेट अफ होर्मुजको बाटो हुँदै आउँछ । बाँकी ४० प्रतिशत हिस्सा भने भारतभित्रै उत्खनन् गरेर उत्पादन गरिन्छ ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले खाना पकाउने ग्यासको अभाव नभएको बताए पनि दिल्ली, उत्तर प्रदेश, पञ्जाब, महाराष्ट्रलगायत देशका धेरै राज्यमा ग्यास सिलिन्डरका लागि लामो लाइन देखिन थालेको छ । देशका कैयौं होटेल तथा रेस्टुरेन्ट संघहरूले व्यावसायिक प्रयोग हुने ग्यास अभावको मुद्दा उठाएका छन् । 'चेन्नई होटेल संघ'ले सोमबार मात्र प्रधानमन्त्री मोदीलाई पत्र लेख्दै निर्बाध आपूर्तिको व्यवस्था मिलाउन आग्रह गरेको छ ।

ग्यास आपूर्तिमा देखिएको भारी कमीको प्रतिक्रियामा भारतको केन्द्र सरकारले गत मंगलबार राजपत्रमा एक सूचना जारी गर्दै 'आवश्यक वस्तु ऐन' लागू गरेर प्राकृतिक ग्यासको आपूर्तिलाई नियमन गर्ने निर्णय गऱ्यो । 'प्राकृतिक ग्यास (आपूर्ति नियमन) आदेश २०२६' नामक सो आदेशले ग्यास आपूर्ति नियमित गर्ने र उपलब्धता सुनिश्चित गर्ने बताएको छ । यसमा घरेलु उपभोक्तालाई उच्चतम प्राथमिकता दिँदै औद्योगिक तथा उत्पादन क्षेत्रका ग्राहकलाई विगत ६ महिनाको अवधिमा तिनले गरेका औसत खपतको ८० प्रतिशतसम्म मात्र ग्यास दिने भनिएको छ । त्यस्तै, फर्निचर उद्योगलाई भने तिनले ६ महिनामा गरेका औसत खपतको ७० प्रतिशतसम्म छुट्याइएको छ । खाडी देशबाट आउने ग्यास आयातमा परेको प्रभावबिच सरकारले घरेलु उत्पादन पनि बढाउने भनेको छ । भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हरदीप सिंह पुरीले बिहीबार संसद्मा बोल्दै यसबारे जानकारी गराए । शुक्रबार सरकारले 'रिफाइनरी निर्देशन'अनुरूप एलपिजी उत्पादन ३० प्रतिशतसम्मले बढाइएको र अन्य भागबाट थप खरिद पनि द्रुत गतिमा अगाडि बढाएको बतायो ।

सरकारका यी भनाइका बाबजुद बजार विश्लेषकले भने पछिल्लो वृद्धि पनि मागको तुलनामा कम हुन सक्ने बताएका छन् । केप्लर नामक संस्थाका 'मोडलिङ तथा रिफाइनरी' शाखाका प्रमुख विश्लेषक सुमित रिटोलियाले 'भारतका रिफाइनरीले हालको घरेलु उत्पादनभन्दा १०-२० प्रतिशतले बढाए भने पनि घरेलु आपूर्ति अझै ४७-५० प्रतिशत मात्र पुग्ने' औंल्याए । उता सरकारले अर्को कदममार्फत सहरी र ग्रामीण दुवै ग्राहकका लागि एलपिजी बुकिङ चक्रलाई परिमार्जन गरेको छ । अब दुई ग्यास सिलिन्डर बुकिङबिचको न्यूनतम अन्तर सहरी क्षेत्रका लागि २१ दिनबाट बढाएर २५ दिन र ग्रामीण क्षेत्रका लागि २५ दिनबाट ४५ दिन गरिएको छ ।

उता पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री सिंहका



अनुसार ग्यास अभाव पूरा गर्न एलएनजी आपूर्ति सुरक्षित गर्न विभिन्न धेरै देशसँग वार्ता गरिरहेको पनि बताएका छन् । 'वैकल्पिक आपूर्ति मार्गमार्फत लगभग हरेक दिन ठुला एलएनजी जहाजहरू भारतीय बन्दरगाह आइपुगिरहेका छन् । भारतको ग्यास उत्पादन र आपूर्ति व्यवस्था यति बलियो छ कि द्वन्द्व लामो समयसम्म लम्बिएको अवस्थामा पनि यसमा कुनै समस्या आउनेछैन,' मन्त्री पुरीले भने ।

होटेल र रेस्टुरेन्ट संघहरूले उठाएका चिन्तालाई सम्बोधन गर्न सरकारले तीन सदस्यीय समिति गठन गरेको छ । यस समितिमा इन्डियन आयल कर्पोरेसन, हिन्दुस्तान पेट्रोलियम कर्पोरेसन लिमिटेड र भारत पेट्रोलियम कर्पोरेसन लिमिटेडका कार्यकारी निर्देशक सामेल छन् । यो समितिमार्फत देशका सबै राज्यका नागरिक आपूर्ति विभाग र रेस्टुरेन्ट संघहरूसँग विस्तृत बैठक भइरहेको र छलफल चलिरहेको मन्त्री सिंहले बताए । बिहीबार नै भारत सरकारले आतिथ्य र रेस्टुरेन्ट क्षेत्रका लागि बायोमास, आरडिएफ पेलेट र मड्तिेल तथा कोइलाजस्ता वैकल्पिक इन्धनको अस्थायी प्रयोगलाई एक महिनाका लागि अनुमति दिएको छ । यो कदमपछि देशभरका व्यावसायिक प्रतिष्ठान अब आफ्नो इन्धन परिवर्तन गर्न सक्षम हुनेछन् । अन्य क्षेत्रले वैकल्पिक इन्धन प्रयोग गर्दा ग्यास सिलिन्डर प्राथमिकता प्राप्त उपभोक्तालाई उपलब्ध हुने सुनिश्चित हुनेछ ।

उता भारतको 'वातावरण, वन र जलवायु परिवर्तन मन्त्रालय'ले देशका सबै राज्यका प्रदूषण नियन्त्रण बोर्डलाई एलपिजी र एलएनजीभन्दा प्रदूषणकारी रहेका इन्धनको प्रयोगमा यसअघि कायम प्रतिबन्ध केही काललाई खुलाउन सुझाब दिएको छ । योसँगै बायोमास र कोइलाजस्ता वैकल्पिक इन्धनको प्रयोगलाई अनुमति दिनु भनेको भारतीय भान्साबाट परम्परागत इन्धन चरणबद्ध रूपमा हटाउने सरकारको पछिल्ला केही वर्षदेखिको प्रयासमा ठुलो धक्का हो । सरकारले उल्लिखित परम्परागत इन्धनलाई महिला स्वास्थ्य र वातावरणीय क्षतिको जोखिमसँग जोडेर चरणबद्ध रूपमा हटाउने अभियान चलाएको थियो । तर, अहिले ऊर्जा संकटका लागि भनेर यसमा केही खुकुलो गर्न खोजिएको छ । आशा गरौं, यो अल्पकालका लागि चालिएको संकटकालीन व्यवस्था होस् ।

द प्रिन्टबाट

(उदित नयाँदिल्लीमा कार्यरत पत्रकार हुन्)

इरान युद्धले निम्त्याउन सक्छ विश्वव्यापी खाद्य संकट



● ब्राम गभर्नर



● सेरोन बर्क

ब्राम गोभार्ट्स सिइएमएमवाइटीका महानिर्देशक हुन् भने सेरोन सोही संस्थाकी प्रमुख सम्पर्क अधिकारी हुन् ।



इरानविरुद्ध अमेरिका-इजरायलको युद्ध अभियान सुरु भएदेखि दिनमा १०० वटा जहाज बाहिरिने 'स्ट्रेट अफ होर्मुज'बाट थोरै जहाज मात्र पार गर्न सफल भएका छन् । इरानले यो साँघुरो जलमार्गमा विस्फोटक समुद्री बारुदी सुरुङ(माइन) राखेको समाचार आएका छन् । यदि समाचार साँचो हो भने यो समुद्री माग कैयौँ दिन मात्र होइन, महिनौँसम्म बन्द रहने सम्भावना छ । यो महत्त्वपूर्ण मार्ग लामो समयसम्म बन्द हुँदाको विश्वव्यापी ऊर्जा बजारमा लाग्ने धक्काको सबैभन्दा तत्काल र खतरनाक परिणाम पेट्रोल पम्पमा भन्दा पनि हाम्रो भान्सामा देखा पर्न सक्छ ।

धेरैको सोचविपरीत 'स्ट्रेट आफ होर्मुज' तेल ट्यांकरहरूको मात्र ढुवानी मार्ग होइन, यो विश्वव्यापी खाद्य प्रणालीको एक महत्वपूर्ण धमनी पनि हो । विश्वभर उब्जाइने गहुँ, मकै, चामल, भटमास, चिनी र पशु आहारा उब्जाउने किसान यहाँबाट आउने रसायनिक मल र इन्धनमा निर्भर हुन्छन् । त्यसबाहेक आयातीत खाद्यान्नमा अत्यधिक निर्भर खाडी राष्ट्रहरू त झन् बढी खाद्यान्न अभावको खतरामा छन् । अन्न, चामल, पशुआहारा र खाना पकाउने तेलका लागि ती देश यही जलमार्गमाथि बढी निर्भर छन् ।

कोभिड-१९ महामारीले आपूर्ति शृंखलाको कमजोरी केवल युद्धकालीन समस्या मात्र नभएको देखाएको थियो । यसैले गर्दा विगत केही वर्षदेखि कैयौँ खाडी देशले आफ्नो खाद्य प्रणालीलाई बलियो बनाउन, रणनीतिक भण्डार विस्तार गर्न र घरेलु उत्पादनमा लगानी गर्ने दिशामा कदम चालेका छन् । तिनले वैकल्पिक ढुवानी मार्गको विकल्प खोज्ने क्रममा केही कार्गो जमिनको सडक प्रयोग गर्ने विकल्प खोजेका छन् । तीमध्ये एक विकल्प लाल सागरमा रहेको साउदी अरेबियाको जेद्दाह इस्लामिक बन्दरगाह हो । यी उपायहरूले खाडी देशको खाद्य सुरक्षामा केही सुधार ल्याएको छ, तथापि तिनले मात्र हाल फारसी खाडीमा लाग्न सक्ने देखिएको लामो नाकाबन्दीको असर क्षतिपूर्ति दिन सक्दैनन् ।

बहराइन, कुवेत, कतार, संयुक्त अरब इमिरेट्स(युएई), साउदी अरब र इराकमा खपत हुने लगभग ७० प्रतिशत खाद्यान्न 'स्ट्रेट अफ होर्मुज' हुँदै जान्छ । लगभग १० करोड जनसंख्या बसोवास रहेको यी देशहरूमा प्रतिदिन लगभग आठ करोड किलोग्राम खाद्यान्न आवश्यक पर्छ, जुन सकड मार्गमार्फत ओसारपसार गर्न निकै कठिन हुन्छ । यसले नाकाबन्दीको अवस्थामा खाडीमा खाद्यान्न आपूर्तिका लागि अभूतपूर्व खर्च र मिहिनेत आवश्यक पर्नेछ । तुलनाका लागि, संयुक्त राष्ट्र संघको विश्व खाद्य कार्यक्रमले सन् २०२४ मा ७१ देशका ८ करोड १० लाख मानिसहरूलाई प्रतिदिन औसतमा ७० लाख केजी मात्र खाना पुऱ्याउँथ्यो । उसो त होर्मुजबाट आवागमन पूर्ण बन्द हुँदा इरानलाई पनि उसका अरब छिमेकीहरूजत्तिकै हानि पुग्नेछ । समुद्री व्यापारमा आएको अवरोधले यो देशलाई ऊर्जा निर्यातमा अवरोध पुऱ्याएर तथा गहुँ, चामल, पशु आहार र वनस्पति तेलजस्ता आयातीत प्रमुख वस्तुहरूको लागत बढाएर दोहोरो मार पार्नेछ । परिणामस्वरूप इरानमा खानादेखि अन्य आधारभूत आवश्यकता बढ्नेछ । खासमा यस्तै महँगी यो वर्षको सुरुमा सो देशमा ठुलो विरोध प्रदर्शन बढाउन सघाएको थियो ।

ऐतिहासिक रूपमा, खाद्यान्नको मूल्य वृद्धि र अभाव राजनीतिक अस्थिरताको प्रमुख कारक बन्ने गरेको देखिन्छ । सन् २००८ मा, बढ्दो ऊर्जा र रासायनिक मलको लागत, विषम मौसम तथा गलत नीतिले धेरै ठाउँमा बालीको मूल्य लगभग दोब्बर भयो । यसले दर्जनौँ देशहरूमा खाद्यलाई लिएर दंगा निम्त्यायो । केही वर्षपछि, सन् २०१० र २०११ मा, रुसमा ऐतिहासिक खडेरी र गर्मीको लहरले अन्नको बाली घट्दा विश्वव्यापी खाद्य मूल्य रेकर्ड स्तरमा बढ्यो । त्यसले रुसी खाद्यान्नमा बढी निर्भर अरबी देशमा अरब बसन्त(आन्दोलन)को माहोल निर्माण गरेको थियो ।

> इरानले 'स्ट्रेट अफ हर्मुज' बन्द गरेसँगै धेरैको ध्यान तेलको मूल्यमा केन्द्रित छ । तर, त्योभन्दा पनि तत्काल र खतरनाक असर विश्वव्यापी खाद्य आपूर्तिमा पर्ने देखिन्छ । यदि सो जलमार्ग लामो समय बन्द भयो भने विश्वभरको कृषि उब्जनी प्रभावित हुनेछ र मध्यपूर्वका १० करोडभन्दा बढी मानिस मानवीय विपत्तिको जोखिममा पर्न सक्छन् ।

पछिल्लो समय सन् २०२२ मा युक्रेनमा रुसको आक्रमणपछि विश्वभर अन्न, रासायनिक मल र इन्धनको मूल्य बढ्दा खाद्य असुरक्षामा तीव्र वृद्धि भयो । जलवायु संकट र महामारीको प्रभाव अझै नसकिएको अवस्थामा विश्वव्यापी खाद्य प्रणालीमा असर पर्दा विश्वमा अहिले दोस्रो विश्वयुद्धको अन्त्यपछिकै हिंसात्मक द्वन्द्वमा गुज्रिनु अचम्मको कुरा होइन ।

स्ट्रेट अफ होर्मुजको अवरोधको प्रभाव खाडीभन्दा धेरै टाढासम्म फैलिनेछ । दक्षिण एसियादेखि सबसहारा अफ्रिकासम्म र युरोप र संयुक्त राज्य अमेरिकासम्मका किसानहरूको रासायनिक मल र इन्धनको आपूर्ति प्रभावित हुनेछ । प्राकृतिक ग्यास नाइट्रोजनजन्य मलको प्रमुख तत्त्व हो, जुन मललाई आधुनिक कृषिको आधारशिला मानिन्छ । नाइट्रोजनजन्य मलले बाली उत्पादनलाई ऐतिहासिक उच्चतमस्तरमा पुग्न मद्दत गरेको छ । विश्वमा खपत हुने कुल नाइट्रोजनजन्य मलको अनुमानित ३०-४० प्रतिशत यही स्ट्रेटबाट बाहिरिन्छ । जब रासायनिक मल र इन्धन महँगो हुन्छ, किसान कम मल प्रयोग गरेर वा कम एकड रोपेर खर्च समायोजन गर्ने गर्छन् । फलस्वरूप, खाद्य उत्पादन घट्छ, र यसको प्रभाव सम्पूर्ण खाद्य प्रणालीमा पर्छ । किसानदेखि खाद्य सामग्री बोक्ने ट्रकचालकसम्म र खाद्य प्रशोधक हुँदै खाद्यान्नको महँगी घरपरिवारसम्म आइपुग्छ । खाद्यान्न, इन्धन र रासायनिक मलको ढुवानीमा आएको अवरोधको असर हप्ता वा महिना दिनभित्र मूल्यवृद्धिका रूपमा देखिन सक्छ ।

तर, केही दिनभित्र अर्को स्रोत पनि जोखिममा पर्न सक्छ, जुन हो पानी । यदि द्वन्द्वले खाडीको पानीलाई दूषित गऱ्यो र समुद्रको पानीबाट नुन छुट्याएर शुद्ध गर्ने 'डिसेलिनेसन प्लान्ट'मा क्षति पुग्यो भने परिणाम विनाशकारी हुनेछ । जोखिम पहिले नै उच्च छ । गत साता पहिलेदेखि नै पानीको अभाव सामना गरिरहेका बहराइन र इरानका डिसेलिनेसन प्लान्टमा आक्रमण भएको थियो । यदि ती आक्रमण जानाजानी गरिएको भए यो अन्तर्राष्ट्रिय कानुनअन्तर्गत युद्ध अपराध मानिनेछ । किनकि त्यस्तै संयन्त्र नष्ट वा दूषित हुँदा लाखौँ सर्वसाधारणको जीवनलाई खतरामा पर्छ । युक्रेनले महत्त्वपूर्ण पूर्वाधारमा पुगेको क्षति युद्धबिच पनि मर्मत गर्न सकिने देखाएको छ, तर डिसेलिनेसन संयन्त्र अत्यन्त जटिल हुने भएकाले तिनमा त्यस्तो तीव्र सुधार सम्भावना हुँदैन ।

द्वन्द्व झड्किरहने मध्यपूर्वमा दशकौँदेखि अन्तर्राष्ट्रिय सुरक्षा अग्रसरताले त्यस भेगमा आमविनाशकारी हतियारहरूको प्रसार रोक्नमा ध्यान केन्द्रित गर्दै आएका छन् । तैपनि समुद्री मार्गमा राखिने बारुदी सुरुङ वा निरन्तर सैन्य द्वन्द्वले 'स्ट्रेट अफ होर्मुज' बन्द हुँदा विश्वव्यापी खाद्य र ऊर्जा प्रणालीलाई गम्भीर असर पुग्ने देखिन्छ । यसले क्षेत्रीय पानी संकट निम्त्याएर आमनागरिकमा ठुलो क्षति ल्याउन सक्छ । द्वन्द्वका सबै पक्षहरूले बृहत् अन्तर्राष्ट्रिय समुदायसँग मिलेर यस्तो परिणाम रोक्न सम्भव भएसम्म सबै कारबाही अघि बढाउनुपर्छ । साथै, यो परिघटना विश्वव्यापी खाद्य प्रणाली कति कमजोर रहेछ भन्ने सबैका लागि चेतावनी हुनुपर्छ । अर्को यस्तै धक्काले लाखौँ मानिसहरूलाई मानवीय संकटितर धकेल्नुअघि नीति-निर्माताले सबलता विकास गर्न काम गर्नुपर्छ ।

- प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज



सन् १९४१ : वासिंटन डिसीमा नेसनल ग्यालरी अफ आर्ट खुल्यो । अमेरिकी राष्ट्रपति फ्र्याङ्कलिन रुजवेल्टले उद्घाटन गरेको यो ग्यालरी अहिले विश्वका सबैभन्दा उत्कृष्ट कलासंग्रहका लागि चिनिन्छ ।

सन् १९५९ : दलाई लामा तिब्बतबाट भारत भागे । ल्हासामा चिनियाँविरुद्ध विद्रोह उठेपछि १४औँ दलाई लामा रहेका तेन्जिन ग्यात्सोका अनुयायी र सल्लाहकार उनको जीवन खतरामा पर्न सक्ने डरमा थिए ।

सन् १९६९ : गोल्डा मेर इजरायलको पहिलो महिला प्रधानमन्त्री बनिन् । बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचर शक्तिमा आउनुभन्दा धेरै पहिले नै इजरायलमा मेर 'आइरन लेडी'का रूपमा चिनिन्थिन् ।

सन् १९९३ : कलकत्तामा भएको बम आक्रमणमा ८६ को मृत्यु । बाउबजारमा जुवा खेलाउने मोहम्मद रसिद खानले थुपारिराखेका बम रातको समयमा एकाएक विस्फोट हुँदा यो हताहती भएको थियो ।

सन् १९९२ : दक्षिण अफ्रिकामा रंगभेदको अन्त्य । जनमतसंग्रहमा ६८.७ प्रतिशत श्वेत दक्षिण अफ्रिकीले मुलुकमा जातीय विभेद उन्मूलनको पक्षमा मतदान गरेका थिए ।

उत्तर कोरियाले गऱ्यो ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार



प्योङयाङ / संयुक्त राज्य अमेरिका र दक्षिण कोरियाली सेनाले आफ्नो वार्षिक सैन्य अभ्यास गरिरहेको वेला उत्तर कोरियाले आफ्नो पश्चिमी तटबाट धेरै ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ । जापानी र दक्षिण कोरियाली रक्षा बलले उक्त जानकारी दिएको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले प्योङयाङसँग वार्ताका लागि नयाँ प्रस्ताव राखिरहेका वेला उत्तरले व्यालिस्टिक मिसाइल प्रहार गरेको रोयटर्सले रिपोर्ट गरेको छ । जापानको अनुमानअनुसार क्षेप्यास्त्र अधिकतम ८० किलोमिटर (५० माइल)को उचाइमा पुगेका थिए र टोकियोको विशेष आर्थिक क्षेत्रबाहिर कोरियाली प्रायद्वीपको पूर्वी तटनजिकै अवतरण गर्नुअघि लगभग ३४० किलोमिटर उडेका थिए । क्षेप्यास्त्रबाट नजिकैको विमान वा जहाजमा कुनै क्षतिको रिपोर्ट थाहा नभएको प्राप्त विवरणमा जनाइएको छ । योनहाप समाचार एजेन्सीका अनुसार प्योङयाङले पूर्वी समुद्रतर्फ लगभग १० वटा ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ, जसलाई जापानको समुद्र पनि भनिन्छ । जेसिएसले यो घटना वर्षको सुरुदेखि नै उत्तर कोरियाले ब्यालिस्टिक क्षेप्यास्त्र प्रहार गरेको तेस्रोपटक भएको बताएको छ ।

दक्षिण कोरियाली समाचार एजेन्सीले भन्यो, 'अतिरिक्त प्रक्षेपणविरुद्ध दक्षिण कोरियाली, जापानी र अमेरिकी सेना उच्च निगरानी स्थितिमा छन् ।' प्योङयाङले आफ्ना छिमेकीमाथि क्रोधको संकेत दिन प्रायः क्षेप्यास्त्र र अन्य प्रक्षेपण प्रहार गर्छ । शनिबारको प्रक्षेपण इरानमा अमेरिका-इजरायल आक्रमण र क्षेत्रभरि तेहरानको प्रतिशोधात्मक हमलाद्वारा मध्यपूर्वमा सल्किएको युद्धमा विश्व केन्द्रित भएको वेला भएको हो ।

यस हप्ताको सुरुमा उत्तरले मार्च १९ सम्म चल्ने १० दिने फ्रिडम सिल्ड अभ्यासको सुरुवातको विरोध गरेको थियो । अभ्यासमा दक्षिण कोरिया र अमेरिकाको हजारौँ सेना संलग्न छन् । उत्तर कोरियाली नेता किम जोङ उनकी शक्तिशाली बहिनी किम यो जोङले सियोल र वासिंटनलाई कोरियाली प्रायद्वीपको 'स्थिरतालाई नष्ट' गरेको र सैन्यशक्ति प्रदर्शन गरेर यसको सिमानामा तनाव चर्काएको आरोप लगाएकी छिन् । यस हप्ताको सुरुमा उत्तर कोरियाले नयाँ नौसेना विनाशकबाट क्रुज मिसाइल पनि प्रहार गरेको थियो ।

पछिल्लो ब्यालिस्टिक क्षेप्यास्त्र प्रक्षेपणले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले किमसँग भेटवार्ता गर्न सक्ने अनुमानलाई नयाँ रूप दिएको छ । ट्रम्पको पहिलो कार्यकालमा दुई नेताहरूले शिखर सम्मेलन गरेका थिए, यद्यपि तिनीहरूमा कुनै ठोस प्रगति भएन । उनीहरूले तीनपटक भेटे । उनीहरूको अन्तिम भेट २०१९ मा भएको थियो, जतिवेला दुई नेताहरूले कोरियाली प्रायद्वीपलाई विभाजन गर्ने असैनिकीकृत क्षेत्रको भ्रमण गरेका थिए ।

विलियमले सार्वजनिक गरे डायनाको नयाँ तस्बिर



बेलायत / राजकुमार विलियमले आमा दिवस मनाउने क्रममा आफ्नी दिवंगत आमा राजकुमारी डायनासँगको एउटा नयाँ तस्बिर सार्वजनिक गरेका छन् । परिवारको निजी संग्रहबाट लिइएको पहिले नदेखिएको तस्बिरमा डायना १९८४ मा दुई वर्षीय विलियमसँग परिवारको मुख्य घर हाइग्रोभमा जंगली फूलहरूले भरिएको खेतमा बसेको देखाइएको छ । इन्स्टाग्राममा पोस्ट गर्दै विलियमले लेखे, 'आज र हरेक दिन मेरी आमालाई सम्झँदै । आज आफूले माया गर्ने कसैलाई सम्झिरहेका सबैको बारेमा सोच्दै । आमा दिवसको शुभकामना ! सन् १९९७ मा कार दुर्घटनामा ३६ वर्षको उमेरमा मृत्यु भएकी डायना यस वर्ष जुलाई १ मा ६५ वर्षकी हुने थिइन् ।

उनको मृत्युको समयमा उनका छोराहरू राजकुमार विलियम र राजकुमार ह्यारी क्रमशः १५ र १२ वर्षका थिए । दुवै दाजुभाइले वर्षौँदेखि सानै उमेरमा आफ्नी आमा गुमाउनुको दर्दनाक प्रभावबारे खुलेर बोल्दै आएका छन् । शाही परिवारको आधिकारिक एक्स खाताले तस्बिरहरूको चयनसहितको आमाको दिवसको सन्देश पनि साझा गरेको छ । क्याप्सनमा लेखिएको थियो, 'सबैतिरका आमाहरूलाई शुभकामना र आज आफ्ना आमाहरूलाई सम्झनेहरूलाई ।' १९५३ मा खिचिएको कालो र सेतो तस्बिरमा स्वर्गीय रानी स्कटल्यान्डको बालमोरलमा राजा र उनकी बहिनी एनी (जो अहिले राजकुमारी रोयल हुन्)सँग बेन्चमा बसिरहेकी देखिन्छिन् ।

विश्वको शक्तिशाली रकेट मंगलग्रहमा प्रक्षेपण गरिने

न्युयोर्क / यसै वर्षको अन्त्यमा मानवनिर्मित रोबोट अप्टिमससहित विश्वको शक्तिशाली रकेट स्टारसिप मंगलग्रहमा प्रक्षेपण गरिने भएको छ । स्पेसएक्सका संस्थापक एलन मस्कले उक्त जानकारी दिएका हुन् । 'स्टारसिप अर्को वर्षको अन्त्यमा अप्टिमसलाई लिएर मंगलग्रहका लागि प्रस्थान गर्नेछ । यदि अवतरण राम्रो भयो भने सन् २०२९ सम्ममा मानव अवतरण सुरु हुन सक्छ, यद्यपि मानव अवतरण सुरु हुन सन् २०३१ सम्म लाग्ने सम्भावना बढी छ,' मस्कले भनेका छन् । विश्वको सबैभन्दा शक्तिशाली रकेट 'स्टारसिप' मंगलग्रहको उपनिवेशीकरणका लागि दीर्घकालीन दृष्टिकोणको कुञ्जी हो ।

टेस्लाका कार्यकारी प्रमुखसमेत रहेका मस्कले गत वर्ष एक कार्यक्रममा कम्पनीको अप्टिमस रोबोट सार्वजनिक गरेका थिए । उनले कुनै दिन सानातिना काम गर्न सक्ने र मित्रता पनि गाँस्न सक्ने 'डान्सिङ रोबोट'लाई २० हजारदेखि ३० हजार डलरसम्ममा बिक्री गर्न सकिने बताएका छन् । 'स्ट्याच्यु अफ लिबर्टीभन्दा लगभग १०० फिट अग्लो (४०३ फिट) स्टारसिप अन्ततः पूर्ण रूपमा पुनः प्रयोग गर्न सकिने गरी डिजाइन गरिएको छ । नासाले आफ्नो आर्टेमिस कार्यक्रमका लागि मुन ल्यान्डरको रूपमा स्टारसिपको परिमार्जित संस्करणको पनि प्रतीक्षा



गरिरहेको छ, यसले यस दशकमा अन्तरिक्षयात्रीलाई चन्द्रमामा फर्काउने लक्ष्य राखेको छ । स्पेसएक्सले ती मिसन पूरा गर्नुअघि यसले यान विश्वसनीय र चालक दलका लागि सुरक्षित छ भनेर प्रमाणित गर्नुपर्छ । गहिरो अन्तरिक्ष अभियानको यानको सुरक्षा सुनिश्चित हुनुपर्छ । गतवर्ष 'स्टारसिप प्रोटोटाइप'को पछिल्लो परीक्षण उडान एक ज्वालामुखी विस्फोटमा परिणत भएपछि स्पेसएक्सले धक्काको सामना गर्नुपरेको थियो ।

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति २०८२/१२/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयमा ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋणकर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितिपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रूपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक विदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याइन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैंले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिवाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **२०८२/१२/१७ गते, मंगलबार**

बोलपत्र खोलिने मिति/समय — **२०८२/१२/१९ गते बिहीबार, दिनको ३ बजे/स्थान सम्बन्धित शाखा कार्यालय**

क्र.सं	शाखा कार्यालय फुटुङ	
१.	**ऋणीको नाम, ठेगाना**	**व्यक्तिगत जमानतकर्ताको विवरण**
	नाम : पशुपति दाहाल ना.प्र.प.नं. २०१५४, जारी मिति २०५३/०४/१७, तनहुँ बाबुको नाम : खेमराज दाहाल बाजे नाम : मेघनाथ दाहाल ठेगाना : तनहुँ जिल्ला, भानु गा.वि.स. वडा नं. ६, हाल : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १६,	**१. नाम : गीता दाहाल** ना.प्र.प.नं. ४३१०१९/२३२, जारी मिति २०६७/०७/०९, तनहुँ पतिको नाम : पशुपति दाहाल ससुराको नाम : खेमराज दाहाल ठेगाना : तनहुँ जिल्ला, भानु गा.वि.स. वडा नं. ६, हाल : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १६,
	धितोको विवरण	
	पशुपति दाहालको नाममा मालपोत कार्यालय मनमैजु, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, फुटुङ वडा नं. ३ स्थित कित्ता नं. १७५ को क्षेत्रफल ५०८.७४ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
२.	**शाखा कार्यालय असन, काठमाण्डौ**	
	ऋणीको नाम, ठेगाना	
	नाम : सन्नी देवन ना.प्र.प.नं.६७-०२-७४-०६६३१, जारी मिति २०७४/०७/१६, कैलाली पिताको नाम : लोक बहादुर परियार, बाजेको नाम : देव बहादुर दमाई ठेगाना : जोशीपुर-४, कैलाली, हाल : जोशीपुर-४, कैलाली	
	व्यक्तिगत जमानतकर्ताहरुको विवरण	
	१. नाम : लोक बहादुर परियार ना.प्र.प.नं. ८७५९, जारी मिति २०५२/१०/०४, कैलाली पिताको नाम : देव बहादुर दमाई बाजेको नाम : धन वीर परियार ठेगाना : जोशीपुर-४, कैलाली हाल : जोशीपुर-४, कैलाली	**२. नाम : सीता देवी परियार** ना.प्र.प.नं. २३८४१, जारी मिति २०६३/०३/२६, कैलाली पतिको नाम : लोक बहादुर परियार ससुराको नाम :देव बहादुर दमाई ठेगाना : जोशीपुर-४, कैलाली हाल : जोशीपुर-४, कैलाली
	धितोको विवरण	
	सन्नी देवनको नाममा दर्ता कायम रहेको काठमाडौं, वडा नं. ३ थानकोट , स्थित कित्ता नं. ३३५ क्षेत्रफल १२७.१६ (वर्ग मि.) भएको जग्गा तथा सम्पूर्ण लिगलिगापात समेत ।	
३.	**शाखा कार्यालय सुन्धारा, काठमाण्डौ**	
	ऋणीको नाम ठेगाना	
	नाम : पूजा श्री एडभरटाईजिङ एण्ड मार्केटिङ प्रा.लि. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं दर्ता नं. ५२२५३/०६४/०६५, दर्ता मिति : २०६४/११/२८, पान नं. ३०२८९१५६२, दर्ता मिति : २०६४/११/२९ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११, बबरमहल, **प्रोप्राईटर : अमरनाथ ढकाल**	
	ऋणी तथा व्यक्तिगत जमानतकर्ताको विवरण	**जमानतकर्ताको विवरण**
	१. नाम : अमरनाथ ढकाल ना.प्र.नं. ६९६२, जि.प्र.का. स्याङजा जारी मिति : २०४५/०१/२३ बाबुको नाम : गोविन्द ढकाल बाजेको नाम : हरिशंकर ढकाल ठेगाना : स्याङजा जिल्ला, फापरथुम वडा नं. ६ हाल : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७	**२. नाम : लक्ष्मी ढकाल** ना.प्र. नं. २९२२७, जि.प्र.का. स्याङजा जारी मिति : २०५२/०९/०९ पतिको नाम : अमरनाथ ढकाल ससुराको नाम : गोविन्द ढकाल ठेगाना : स्याङजा जिल्ला, फापरथुम वडा नं. ६ हाल : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७
	धितोमा रहेको सम्पतिको विवरण	
	१. अमर नाथ ढकालको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, कल्याणपुर वडा नं. ३ स्थित कित्ता नं. १६३७ को क्षेत्रफल ०-०-१० (विघा) भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. लक्ष्मी ढकालको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, कल्याणपुर वडा नं. ३ स्थित कित्ता नं. ८४९३, १६३९, १६३८ र १६३६ को क्षेत्रफल क्रमशः २५५.९९ (व.मि.), ०-१-०, ०-१-०, ०-०-१० (विघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
४.	**शाखा कार्यालय न्युरोड, काठमाण्डौ**	
	ऋणीको नाम, ठेगाना	
	नाम : विजय श्रेष्ठ ना.प्र.नं. १३४४१, जि.प्र.का. काठमाडौं जारी मिति : २०४२/ ११/२० बाबुको नाम : बाबु काजी श्रेष्ठ बाजेको नाम : बलदेव श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९	**नाम सुनिता श्रेष्ठ** ना.प्र.नं. २९८/१२६३, इ.प्र.शा. उर्लाबारी, मोरङ्ग जारी मिति २०५१/०२/२२ पतिको नाम : विजय श्रेष्ठ, ससुराको नाम : बाबु काजी श्रेष्ठ ठेगाना : मोरङ्ग जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. ४ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९
	जमानतकर्ताको विवरण	**धितोको विवरण**
	नाम : मैया श्रेष्ठ ना.प्र. नं. १९३१, जि.प्र.का. काठमाडौं जारी मिति : २०४२/०४/२४ पतिको नाम बाबु काजी श्रेष्ठ, ससुराको नाम : बलदेव श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९	मैया श्रेष्ठको नाममा मालपोत कार्यालय डिल्लीबजार काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९ स्थित कित्ता नं. ११९ को क्षेत्रफल १५८.४० व.मी. भएको जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालय: फुटुङ फोन नं. ०१-४१६८६०५
शाखा कार्यालय: असन, काठमाण्डौ फोन नं. ०१-५३१६२४२
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ३ चैत ०८२

खाडी मुलुक तनावग्रस्त बनेपछि श्रमिकको रोजाइमा मलेसिया

नयाँ पत्रिका

अमेरिका-इजरायल र इरान युद्धले मध्यपूर्वका खाडी मुलुकहरू तनावग्रस्त बनेपछि फागुनमा वैदेशिक रोजगारका लागि मलेसिया जाने युवाको संख्या बढेको छ। अघिल्ला महिनाहरूमा चौथो वा पाँचौं श्रम गन्तव्य मुलुक रहेको मलेसिया जान फागुनमा सबैभन्दा धेरै १२ हजार ६ सय एक जनालाई श्रम स्वीकृति प्रदान गरिएको वैदेशिक रोजगार विभागले जनाएको छ।

फागुनमा कुल ५२ हजार नौ सय ४४ युवाले वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक जान श्रम स्वीकृति लिएको विभागले जनाएको छ। मध्यपूर्वमा तनाव भएपछि विभागले १७ फागुनदेखि प्रभावित १२ मुलुक साउदी अरेबिया, युएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलमा श्रम स्वीकृति रोकेको छ। तर, त्यसअघि नै युनाइटेड अरब इमिरेट्सका लागि ११ हजार चार सय ९२ लाई श्रम स्वीकृति प्रदान गरिएको थियो। फागुनको तथ्यांकमा पनि युद्धरत देशहरूमा धेरै युवाहरू वैदेशिक रोजगारीका लागि पुगेका छन्। तथ्यांकअनुसार कतारमा ६ हजार सात सय ५७, साउदीमा ६ हजार दुई सय २५, रोमानियामा तीन हजार दुई सय ६८, कुवेतमा तीन हजार ४६, जापानमा एक हजार ६ सय एक, साइप्रसमा नौ सय ३२, बहराइनमा सात सय ७० र ओमानमा सात सय ५१ युवाले वैदेशिक रोजगारीमा जान श्रम विभागबाट श्रम स्वीकृति लिएका छन्।

फागुनमा कुल एक सय चार मुलुकका लागि श्रम स्वीकृति प्रदान गरिएको छ। विभागका अनुसार ४६ हजार चार सय ५२ पुरुष र ६ हजार चार सय ९२ महिलाले श्रम स्वीकृति लिएर विभिन्न मुलुक गएका छन्। यसमध्ये कोरिया र इजरायलमा पाँच सय ७४ युवा पुगेका छन्।

विभागकी महानिर्देशक मिरा आचार्यले युद्धग्रस्त १२ देशमा श्रम स्वीकृति स्थगनको निर्णयलाई निरन्तरता दिइरहेको बताइन्। 'मध्यपूर्वका १२ देशमा श्रम स्वीकृति रोक्ने निर्णय कार्यान्वयन भइरहेको छ,' उनले भनिन्, 'अन्य देशहरूमा भने श्रम स्वीकृति प्रदान भइरहेको छ।'

आठ महिनामा बिदेसिएका युवाको तथ्यांक

महिना	संख्या	मुलुक
साउन	६८,११०	१०५
भदौ	६७, ९७२	७७
असोज	६४,६३४	१४
कात्तिक	७३,०९४	१०६
मंसिर	६५,७०५	१०८
पुस	६२,५५९	१०५
माघ	७०,५०३	१०७
फागुन	५२,९४४	१०४

स्रोत : वैदेशिक रोजगार विभाग

रोजगारी खोज्दै फागुनसम्म पाँच लाख युवा बिदेसिए

वैदेशिक रोजगार विभागका अनुसार चालू आर्थिक वर्ष ०८२/८३ को साउनदेखि फागुनसम्म पाँच लाख २५ हजार पाँच सय २१ युवा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएर बाहिरिएका छन्। विभागका अनुसार साउनमा ६८ हजार एक सय १०, भदौमा ६७ हजार नौ सय ७२, असोजमा ६४ हजार ६ सय ३४, कात्तिकमा ७३ हजार ९४, मंसिरमा ६५ हजार सात सय पाँच, पुसमा ६२ हजार पाँच सय ५९, माघमा ७० हजार पाँच सय तीन र फागुनमा ५२ हजार नौ सय ४४ युवा श्रम स्वीकृति लिएर विदेश गएको विभागको तथ्यांक छ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान भैसेपाटी, ललितपुर

पुनः निवेदन आव्हान सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः २०८२/१२/०३)

यस प्रतिष्ठानबाट स्थानीय तहसँग लागत साझेदारीमा आधारभूत सीपमूलक तालिम सञ्चालन गर्ने सम्बन्धमा मिति २०८२/१०/२८ मा प्रकाशित निवेदन आव्हान सम्बन्धी सूचना मिति २०८२/११/०६ गतेको सूचनाद्वारा स्थगित गरिएकोमा इच्छुक स्थानीय तहहरूबाट प्रतिष्ठान वा ईमेलः navt2080@gmail.com मा मिति २०८२/१२/१२ गतेभित्र निवेदन पेश गर्न पुनः आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइट www.vsdta.gov.np वा www.oshc.gov.np वा फोन नं ९८४४३२४१३५ मा सम्पर्क गर्न सकिनेछ।

कार्यकारी निर्देशक

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/१२/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयबाट निम्न बमोजिम कर्जा लिने ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोवाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क.स	शाखा कार्यालय व्याम्हासिंह	
	ऋणीको नाम, ठेगाना	व्यक्तिगत जमानतकर्ताको विवरण
१.	नाम : तिर्थ लक्ष्मी धोंजु ना.प्र.प.नं. २९-१८९ जारी मिति २०४५/०२/१०, भक्तपुर ठेगाना : भक्तपुर न.पा. वडा न ११, भक्तपुर हालको ठेगाना : भक्तपुर न.पा. वडा न ०८, भक्तपुर पति/बाबुको नाम : नाती भक्त दुमरु/रत्नभक्त धोंजु ससुरा/बाजेको नाम : कृष्ण भक्त दुमरु/रण बहादुर	नाम : नाती भक्त दुमरु ना.प्र.प.नं. २५४६ जारी मिति २०५०/०३/१६, भक्तपुर ठेगाना : भक्तपुर न.पा. वडा न ०५, भक्तपुर हालको ठेगाना : भक्तपुर न.पा. वडा न ०८, भक्तपुर बाबुको नाम : कृष्ण भक्त दुमरु बाजेको नाम : विकु लाल दुमरु
	धितोको विवरण	
	मालपोत कार्यालय भक्तपुरमा तिर्थ लक्ष्मी धोंजुको नाममा दर्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर न.पा २ स्थित किता नं. ३९५ र ५५० को क्षेत्रफल (०-१-०-३) र (०-०-०-३) को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
२.	शाखा कार्यालय विराटनगर, मोरङ	
	ऋणीको नाम, ठेगाना	
	नाम : उर्सा हेल्थकेयर प्रा.लि नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय ,कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं.: २३७१०८/७६/०७७, दर्ता मिति : २०७७/०३/०१, पान नं.: ६०९७४८६१३, दर्ता मिति : २०७८/०४/१७ ठेगाना : विराटनगर वडा न .०७, मोरङ, संचालकहरुको नाम : उपेन्द्र प्रसाद यादव र : सन्तोष कुमारी राय	
	व्यक्तिगत जमानतकर्ताहरुको विवरण	
	१. नाम : उपेन्द्र प्रसाद यादव ना.प्र.नं. ५१६, जि.प्र.का. मोरङ जारी मिति : २०४५/०१/२९ बाबुको नाम : कुल दिप लाल यादव बाजेको नाम : रसिक लाल यादव ठेगाना : टकुवा गा.वि.स. वडा न .९ ,मोरङ हाल : विराटनगर वडा न .०७, मोरङ	२. नाम : संतोष कुमारी राय ना.प्र.नं. ८३९, जि.प्र.का. मोरङ जारी मिति : २०४६/०२/३२ ससुराको नाम : कुल दिप लाल यादव पतिको नाम : उपेन्द्र प्रसाद यादव ठेगाना : विराटनगर वडा न .११ ,मोरङ हाल : विराटनगर वडा न .०७, मोरङ
	३. नाम : रोहन यादव ना.प्र.नं. ०५-०२-७३-०१०५२, जि.प्र.का. मोरङ जारी मिति : २०७३/०३/१२ बाबुको नाम : उपेन्द्र प्रसाद यादव बाजेको नाम : कुल दिप लाल यादव ठेगाना : रंगेली वडा न .११ ,मोरङ हाल : विराटनगर वडा न .०७, मोरङ	४. नाम : पुनिता कुमारी ना.प्र.नं. १९-०१-७०-०५९६०, जि.प्र.का. सर्लाही जारी मिति : २०७०/११/१३ ससुराको नाम : उपेन्द्र प्रसाद यादव पतिको नाम : रोहन यादव ठेगाना : धनगढा. वडा न .५ ,सर्लाही हालको ठेगाना : विराटनगर वडा न .०७, मोरङ
	५. रागिनी यादव ना.प्र..नं. ०५-०२-७४-०००९२, जि.प्र.का. मोरङ, जारी मिति : २०७४/०१/०८ बाबुको नाम : उपेन्द्र प्रसाद यादव, बाजेको नाम : कुल दिप लाल यादव ठेगाना : सुनवर्षी. वडा न .४ ,मोरङ, हाल : विराटनगर वडा न .७, मोरङ	
	धितोको विवरण	
	उपेन्द्र प्रसाद यादवको नाममा मालपोत कार्यालय रंगेली मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला टकुवा वडा नं. ९ क स्थित किता नं. ८९६,२१३ को क्षेत्रफल क्रमशः : ०-२-२-०, ०-८-१५-० तथा मोरङ जिल्ला टकुवा वडा नं. ४ ग स्थत किता नं. २ को क्षेत्रफल ०-७-५-० मा भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालयः च्याम्हासिंह फोन नं. ०१-६६१९९१०
शाखा कार्यालयः विराटनगर, मोरङ फोन नं. ०२१-५१७७७६
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

जेन-जी आन्दोलनको क्षतिपछि विदेशी लगानीमा चरम निराशा

■ फागुनमा ३८ करोड ६० लाख मात्रै प्रतिबद्धता ■ स्थायी सरकार बन्ने भएसँगै अब प्रतिबद्धता बढ्ने अपेक्षा

● उद्योग विभागका महानिर्देशक **जितेन्द्र बस्नेत** भन्छन्-



जेन-जी आन्दोलनले नेपालमा लगानी सुरक्षाको चुनौती देखायो। त्यसपछि लगानीकर्ता सोधपुछका लागि आउने गरेका छन्। तर, लगानी प्रतिबद्धता गरेका छैनन्, संख्याका आधारमा प्रतिबद्धता उच्च छ। तर, रकमका आधारमा कम छ। हामीलाई रकमका आधारमा पनि लगानी प्रतिबद्धता चाहिन्छ। केही लगानीकर्ता चुनावसम्म पर्खे र हेरको अवस्थामा थिए। गत २१ फागुनमा चुनाव शान्तिपूर्ण ढंगले सम्पन्न भयो। अब एकल स्थायी सरकार बनेपछि त्यसले विदेशी लगानीमा सकारात्मक प्रभाव पार्ने आशा छ।

आव	०८१/८२		०८२/८३	
महिना	परियोजना	प्रतिबद्धता रकम	परियोजना	प्रतिबद्धता रकम
साउन	९०	९ अर्ब १५ करोड २५ लाख	१२७	२४ अर्ब १० करोड ५० लाख
भदौ	५९	३ अर्ब ८३ करोड २४ लाख	१०९	८ अर्ब ९८ करोड ७० लाख
असोज	५५	३ अर्ब ४५ करोड ६३ लाख	७५	२ अर्ब चार करोड ५७ लाख
कात्तिक	५९	२ अर्ब २२ करोड ३७ लाख	७१	१ अर्ब ५४ करोड ३९ लाख
मंसिर	५६	२ अर्ब ११ करोड २२ लाख	५६	१ अर्ब ९१ करोड ४९ लाख
पुस	३५	४ अर्ब ९९ करोड ९१ लाख	३९	५९ करोड ९५ लाख
माघ	३२	१ अर्ब ६ करोड ५२ लाख	४९	१ अर्ब ४ करोड ७२ लाख
फागुन	४०	१७ अर्ब ७९ करोड ८६ लाख	३०	३८ करोड ६० लाख

मिलन विश्वकर्मा/नयाँ पत्रिका

२३ र २४ भदौको जेन-जी आन्दोलनपछि वैदेशिक लगानी प्रतिबद्धतामा चरम निराशा देखिएको छ। साउन र भदौ महिनाको तुलनामा असोजयता वैदेशिक लगानी प्रतिबद्धता घट्दो क्रममा देखिएको छ। त्यसमा फागुनमा चालू आवकै सबैभन्दा कम लगानी प्रतिबद्धता आएको उद्योग विभागको तथ्यांक छ।

विभागका अनुसार फागुनमा ३० परियोजनामा ३८ करोड ६० लाख रुपैयाँबराबरको मात्रै वैदेशिक लगानी प्रतिबद्धता आएको छ, यो चालू आवको अन्य महिनाहरूको तुलनामा सबैभन्दा कम हो। यस अवधिमा अटोमेटिक रुटबाट २६ परियोजनामा १८ करोड ७० लाख र स्वीकृत मोडेलबाट चार परियोजनामा १९ करोड ९० लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको हो। गत आवको फागुनमा ४० परियोजनामा १७ अर्ब ७९ करोड ८६ लाखबराबरको लगानी प्रतिबद्धता आएको थियो।

विभागका अनुसार चालू आवको साउनमा एक सय २७ परियोजनामा २४ अर्ब १० करोड ५० लाख रुपैयाँको वैदेशिक लगानी प्रतिबद्धता आएको थियो। त्यसपछि भदौमा १०९ परियोजनामा आठ अर्ब ९८ करोड ७० लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको देखिन्छ। असोजमा भएको आन्दोलनपछि भने लगानी प्रतिबद्धता घट्दो क्रममा छ। असोजमा ७५ परियोजनामा दुई अर्ब चार करोड ५७ लाख, कात्तिकमा ७१ परियोजनामा एक अर्ब ५४ करोड ३९ लाख र मंसिरमा ५६ परियोजनामा एक अर्ब ९१ करोड ४९ लाख रुपैयाँ वैदेशिक लगानी प्रतिबद्धता आएको थियो। त्यसपछि पुसमा ३९ परियोजनामा ५९ करोड ९५ लाख रुपैयाँ, माघमा ४९ परियोजनामा एक अर्ब चार करोड ७२ लाख रुपैयाँ र फागुनमा ३० परियोजनामा ३८ करोड ६० लाख रुपैयाँ लगानी प्रतिबद्धता आएको छ।

आठ महिनामा ४० अर्ब ६६ करोड प्रतिबद्धता

चालू आवको पहिलो आठ महिनामा पाँच सय ५४ परियोजनामा ४० अर्ब ६६ करोड ९३ लाखबराबरको लगानी प्रतिबद्धता आएको छ। यो गत आवको सोही अवधिको तुलनामा संख्याका आधारमा बढी भए पनि रकमका आधारमा भने कम हो। गत आवको पहिलो आठ महिनामा चार सय २७ परियोजनामा ४४ अर्ब ६६ करोड तीन लाख ७३ हजार रुपैयाँ लगानी प्रतिबद्धता आएको थियो। गत आवभर भने आठ सय ४० परियोजनामा ६४ अर्ब ९६ करोड ५१ लाख ४३ हजार रुपैयाँ लगानी प्रतिबद्धता आएको थियो। समीक्षा अवधिमा साना पाँच सय ३७, मझौला आठ र ठुला आठ परियोजनामा वैदेशिक लगानी प्रतिबद्धता आएको छ।

भौतिक सुरक्षा खोज्दै छन् विदेशी लगानीकर्ता

विभागका महानिर्देशक जितेन्द्र बस्नेतले जेन-जी आन्दोलनको असरले वैदेशिक लगानी प्रतिबद्धता प्रभावित भएको बताए। 'माघ-फागुनको समयमा चीनमा चाडपर्व हुँदा चिनियाँ लगानी नआउने नै रहेछ। तर, यसपालि त्यो भन्न कम भएको छ। जेन-जी आन्दोलनले नेपालमा लगानी सुरक्षाको चुनौती देखायो। त्यसपछि लगानीकर्ता सोधपुछका लागि आउने गरेका छन्। तर, लगानी प्रतिबद्धता गरेका छैनन्,' उनले भने, 'संख्याका आधारमा प्रतिबद्धता उच्च छ। तर, रकमका आधारमा कम छ। हामीलाई रकमका आधारमा पनि लगानी प्रतिबद्धता चाहिन्छ।' कपितय विदेशी लगानीकर्ता चुनावसम्म पर्खे र हेरको अवस्थामा पनि बसेको उनले बताए।

आन्दोलनका क्रममा उद्योग तथा व्यवसायीमाथि पनि आक्रमण भयो। चन्द्रागिरि केबलकार, हिल्टन होटेल, भाटभाटेनी सुपरमार्केटजस्ता व्यवसायमा आक्रमण भयो। व्यवसायीका घरमाथि समेत आक्रमण भयो। त्यसले लगानीको सुरक्षामा चुनौती देखाएको छ। अहिले विभागमा धाउने विदेशी लगानीकर्ताले सोधपुछमा यस विषयलाई विशेष चासोका साथ सोधपुछ गर्दै सुरक्षाको ग्यारेन्टीसमेत खोजेका छन्।

अब लगानी प्रतिबद्धता बढ्ने अपेक्षा

महानिर्देशक बस्नेतले अब विदेशी लगानी प्रतिबद्धता बढ्ने बताए। 'केही लगानीकर्ता चुनावसम्म पर्खे र हेरको अवस्थामा थिए। गत २१ फागुनमा चुनाव शान्तिपूर्ण ढंगले सम्पन्न भयो। त्यसमा राष्ट्रिय स्वतन्त्र पार्टीको बहुमत आएको छ,' उनले भने, 'अब एकल र स्थायी सरकार बनेपछि त्यसले विदेशी लगानीमा सकारात्मक प्रभाव पार्ने आशा छ।'

कुन क्षेत्रमा कति ?

समीक्षा अवधिमा कृषि क्षेत्रमा सबैभन्दा धेरै २१ अर्ब ९० करोड ८० लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ। १४ परियोजनामा साबराबरको लगानी प्रतिबद्धता आएको हो। यस्तै, पर्यटनमूलक क्षेत्रका एक सय ५५ परियोजनामा ११ अर्ब २० लाख ५० हजार रुपैयाँबराबरको लगानी प्रतिद्धबता आएको छ।

यस्तै, सेवा क्षेत्रका ३८ परियोजनामा तीन अर्ब ६२ करोड ८० लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ।

यस्तै, उत्पादनमूलक क्षेत्रका ३७ परियोजनामा दुई अर्ब ५२ करोड ५६ लाख रुपैयाँ, ऊर्जाका एक परियोजनामा १८ करोड ४२ लाख, खनिज दुई परियोजनामा ११ करोड ५० लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ।

संख्याका आधारमा सूचना प्रविधि क्षेत्रमा धेरै आकर्षण देखिएको छ। सूचना प्रविधिका तीन सय सात परियोजना एक अर्ब ३० करोड ६४ लाख ३६ हजार रुपैयाँ लगानी प्रतिबद्धता आएको छ।



सरकारको नेतृत्व गर्न लागेको रास्वपाको कस्तो छ विदेशी लगानीसम्बन्धी नीति ?

अब सरकारले नेतृत्व गर्न लागेको राष्ट्रिय स्वतन्त्र पार्टीले विदेशी लगानीको प्रक्रियालाई 'वान-स्टप' बनाउने बताएको छ। 'स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन र सहजीकरणका लागि एकै स्थानमा फाइल पेस गरेपछि अन्य निकाय धाउनुनपर्ने व्यवस्थासहित वान-स्टप सेवा केन्द्रको कार्यान्वयन गर्छौं,' पार्टीको घोषणापत्रमा भनिएको छ।

उक्त निकायले परियोजना स्थल उपलब्ध गराउने, वन तथा वातावरणसम्बन्धी स्वीकृति प्रक्रिया सहज र समयबद्ध रूपमा पूरा गराउने, तथा स्थानीय तह र सम्बन्धित सरकारी निकायसँग आवश्यक समन्वय गर्ने रास्वपाको भनाइ छ।

'साथै, लगानी सहजीकरणका लागि आवश्यक कानुन, नियमावली तथा कार्यविधि निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्छौं। डिजिटल माध्यमबाट सजिलो, द्रुत र निःशुल्क रूपमा व्यवसाय दर्ता गराउँछौं,' रास्वपाको घोषणापत्रमा भनिएको छ। योअनुसार अब विदेशी लगानी आकर्षित हुने अपेक्षा गरिएको छ।

नेपालमा लगानी बढाउन गैरआवासीय नेपालीलाई प्रधानमन्त्री कार्कीको आह्वान

नयाँ पत्रिका

मातृभूमिको माया र जिम्मेवारी सम्झेर नेपालको विकास यात्रामा सक्रिय सहभागिता जनाउन प्रधानमन्त्री सुशीला कार्कीले प्रवासी नेपालीलाई आह्वान गरेकी छिन्। गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२औं अधिवेशन तथा अन्तर्राष्ट्रिय सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले प्रवासी नेपालीलाई मातृभूमिमा लगानी गर्न आह्वान गरेकी हुन्। 'नेपालको विकास र समृद्धिका लागि सरकारको प्रयास मात्र पर्याप्त हुँदैन। स्वदेश तथा विदेशमा रहेका सबै नेपालीको सहकार्य, लगानी, ज्ञान र नवप्रवर्तन आवश्यक हुन्छ। त्यसैले म सम्पूर्ण गैरआवासीय नेपालीलाई मातृभूमिप्रतिको माया र जिम्मेवारीलाई सम्झेर नेपालको विकास यात्रामा सक्रिय सहभागिताका लागि आह्वान गर्दछु,' उनले भनिन्।



कार्यक्रममा एनआरएनएका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले नेपाललाई नेपालीले नै बनाउने बताए। 'संस्थामा बिचमा केही समस्या आएका थिए। तर, ती समस्यालाई थाहा पाएर निराकरण गरेर तब मात्र अगाडि बढिन्छ भन्ने लागेर सबैले मिहिनेत गरेर हाम्रो बाटोमा फेरि ल्याइदिनुभएको छ,' उनले भने।

एनआरएनएका संस्थापक अन्तर्राष्ट्रिय संयोजक एवं म्यानमारका लागि नेपाली पूर्वराजदूत भीम उदासले समृद्ध नेपाल निर्माणका लागि रणनीतिक साझेदारी जरुरी भएको र एनआरएनए उपयुक्त प्लाटफर्म भएको बताए। पूर्वअध्यक्ष जीवा लामिछानेले विदेशमा बसे पनि गैरआवासीय नेपालीमा देशका लागि केही गर्नुपर्ने भावना रहेको बताए। प्रवासी नेपाली एक भएर समृद्ध नेपालको अभिभारामा हातेमालो गर्न चाहेको उनको भनाइ छ। एनआरएनए एकेडेमिकहरूको संस्था हो भन्ने डा. हेमराज शर्मा निर्विरोध अध्यक्ष भएबाट पुष्टि भएको पनि बताए।

पूर्वअध्यक्ष डा. बद्री केसीले प्रविधिको युगमा धेरै देशले प्रवासमा रहेका नागरिकलाई मताधिकार दिएको भन्दै आउने सरकारले प्रवासी नेपालीलाई यो अधिकार सुनिश्चित गर्न माग गरे। उनले एकपटकको नेपाली सर्धैको नेपाली भन्दै नेपालीलाई नेपाल आउनबाट वञ्चित नगर्न पनि सुझाव दिए।

'कन्स्ट्रक्सन होलिडे' घोषणा गर्न माग

काठमाडौं/ नेपाल निर्माण व्यवसायी महासंघले 'निर्माण गतिविधि स्थगन' (कन्स्ट्रक्सन होलिडे) घोषणा गर्न सरकारसँग माग गरेको छ। महासंघले इन्धनलगायत निर्माण सामग्रीमा भारी मूल्यवृद्धि भएको भन्दै मूल्य स्थिर नहुँदासम्मका लागि निर्माण होलिडे घोषणा गर्न माग गरेको हो।

मूल्यवृद्धिका कारण व्यवसायीलाई ठुलो आर्थिक भार पर्नुका साथै पूर्वाधार लागत र खर्च बढ्न गई सार्वजनिक निकायलाई समेत आर्थिक बोझ थपिने महासंघको जिकिर छ। मूल्यवृद्धि स्थिर नभएसम्म सम्पूर्ण आयोजनाको निर्माणकार्य हाललाई स्थगित गर्न व्यवसायी बाध्य हुनेसमेत भन्दै महासंघले सोमबार विज्ञप्ति जारी गर्दै सरकारबाटै निर्माण होलिडे घोषणा हुँदा उचित हुने बताएको छ।

बिटुमिन, फलामे छड, सिमेन्टलगायत निर्माण सामग्रीमा कार्टेलिङ गरी मूल्यवृद्धि गरिएको महासंघको ठहर छ। त्यस्तै, पेट्रोलियम पदार्थको समेत मूल्यवृद्धि भएपछि समग्र निर्माणको लागत बढ्ने महासंघले जनाएको छ।

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मितिः २०८२/१२/०३ गते

यस रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय रत्ननगर, चितवनको मिति २०८२।१०।०६ को राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसार यस कार्यालयद्वारा सम्पादन हुन गइरहेको तपसिलको कार्यको लागि दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि आजैका मितिदेखि लागू हुने गरी ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र.सं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल गरेको रकम (भ्याट र पि.एस.सहित)
१.	Maintenance Works of Ward Office Building, Ward No. 16 (RAT/CHITWAN/Works/NCB/28/2082-083)	श्री Ganga Builders & Suppliers Pvt. Ltd., Bharatpur-7, Chitwan	रू. ४८,५२,५४९।९५ (अड्चालीस लाख बाउन्न हजार पाँच सय उनान्पचास रुपैयाँ र पैसा पन्चानब्बे मात्र।)

नि. प्रमुख प्रशासकीय अधिकृत

मेरो किसानको आइपिओ बिक्री प्रबन्धकमा प्रभु क्यापिटल



काठमाडौं/ प्रभु क्यापिटल लिमिटेड र मेरो किसान लिमिटेडबिच साधारण सेयर (आइपिओ) निष्कासनसम्बन्धी सोमबार सम्झौता भएको छ। सम्झौता कार्यक्रममा मेरो किसानका तर्फबाट कम्पनीका अध्यक्ष विष्णुमणि गौतम, प्रबन्ध सञ्चालक अविनाश सिलवाल, सञ्चालक सुनील थापा, सञ्चालक सन्तोष बस्नेत र प्रभु क्यापिटलका तर्फबाट प्रबन्ध सञ्चालक आशिष गौचन, प्रमुख व्यापार अधिकृत वासु थपलिया र विशिष्टीकृत लगानी कोष प्रमुख सुदीपहरि ढुंगानाको उपस्थिति थियो।

मेरो किसानले आगामी दिनमा सेयर निष्कासनको योजना बनाएको छ। यस सहकार्यले कम्पनीलाई पुँजी बजारमार्फत सर्वसाधारणसँग जोड्दै कृषि क्षेत्रमा थप लगानी र विस्तार गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ। यस कम्पनीले किसानसँग प्रत्यक्ष सहकार्य गरी कृषि बिउबिजन उत्पादन, कृषि उत्पादन संकलन, भण्डारण, वितरण तथा डिजिटल प्लाटफर्ममार्फत उपभोक्तासम्म कृषि उत्पादन उपलब्ध गराउने काम गर्दै आइरहेको छ।

सिआइटी र केयूबिच उपदान कोष सञ्चालन सम्झौता

काठमाडौं/ नागरिक लगानी कोष र काठमाडौं विश्वविद्यालय (केयू) बिच उपदान कोष व्यवस्था एवं सञ्चालनसम्बन्धी सम्झौता भएको छ।

विश्वविद्यालयका उपकुलपति प्राडा अच्युतप्रसाद वाग्लेसमेतको उपस्थितिमा सोमबार भएको उक्त सम्झौतामा कोषको तर्फबाट कार्यकारी निर्देशक पर्वतकुमार कार्की र विश्वविद्यालयका तर्फबाट प्राडा राजीव श्रेष्ठले हस्ताक्षर गरेका हुन्। सम्झौतापश्चात् विश्वविद्यालयबाट वार्षिक रूपमा कोष कट्टा गरी प्राप्त भएको



रकम सम्बन्धित शिक्षक तथा कर्मचारीको खातामा कोषले अद्यावधिक गर्नेछ। साथै, कोष ऐनअनुसार कोषमा योगदान गरेको रकमबाट आर्जन गरेको ब्याज तथा प्रतिफल शिक्षक तथा कर्मचारीको कोषमा रहेको खातामा जम्मा गर्नेलगायतका अतिरिक्त सुविधा पनि कोषले उपलब्ध गराउने बताइएको छ।

विश्वविद्यालयका स्थायी शिक्षक तथा कर्मचारीलाई कोषको नियमानुसार पाउने वा प्रदान गर्ने ऋण सापटी पनि कोषले प्रदान गर्नेछ।

सिटिजन्स बैंकले गऱ्यो ६२ कर्मचारीलाई दीर्घसेवा सम्मान



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले दीर्घसेवा गर्ने ६२ जना कर्मचारीलाई सम्मान गरेको छ। बैंकले चैत १ लाई कर्मचारी दिवसका रूपमा मनाउँदै आएको छ। उन्नाइसौं वर्ष पूरा गरी २०औं वर्षमा प्रवेश गर्न लागेको उपलक्ष्यमा बैंकले एकमहिने वार्षिक उत्सवसम्बन्धी कार्यक्रम आयोजना गरिरहेको छ। वैशाख ७ गते बैंकको वार्षिक उत्सवको दिन हो।

०६४ अर्थात् १९ वर्षअघि वैशाख ७ गते ४३ जना कर्मचारीबाट बैंकले विधिवत् बैंकिङ सेवा सुरु गरेको थियो। यस अवधिमा बैंकले अनवरत १० वर्ष र १५ वर्ष सेवा प्रवाह गरेका कर्मचारीलाई दीर्घसेवा सम्मान गरेको हो। जसमा १० वर्ष सेवा प्रवाह गर्ने ४८ जना र १५ वर्ष सेवा गर्ने १४ जना छन्। बैंकको केन्द्रीय कार्यालय नारायणहिटी पथमा आयोजित एक कार्यक्रमबिच उनीहरूलाई सम्मान गरेको हो। बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले ६२ जना कर्मचारीलाई प्रमाणपत्रसहित 'दीर्घसेवा सम्मान' पदक प्रदान गरे। बैंकमा हाल १७ सय ६४ कर्मचारी कार्यरत छन्।

केन्ट ब्रान्डका एयर प्युरिफायर बजारमा

काठमाडौं/ केन्ट ब्रान्डले अत्याधुनिक विभिन्न मोडेलका एयर प्युरिफायर नेपाली बजारमा उपलब्ध गराएको छ। आधुनिक प्रविधिसहितको यो एयर प्युरिफायरले घरभित्रको हावालाई शुद्ध, ताजा र सुरक्षित बनाउँदै परिवारको स्वास्थ्य जोगाउन महत्त्वपूर्ण भूमिका खेल्ने यसको विक्रेता सिजी इलेक्ट्रोनिक्सले जनाएको छ। यी प्युरिफायरले हेपा टेक्नोलोजी प्रयोग गरी हावामा रहेका धुलो, धुवाँ, एलर्जेन, सूक्ष्म कण तथा अन्य हानिकारक तत्त्वलाई फिल्टर गरेर स्वच्छ हावा प्रदान गर्ने कम्पनीको भनाइ छ। यसमा रहेको रियल टाइम एयर प्युरिटी मनिटरले कोठाभित्रको हावाको गुणस्तरलाई निरन्तर निगरानी गर्नेछ। साथै, एयर क्वालिटी इन्डिकेटरले



हावाको अवस्था देखाउने भएकाले प्रयोगकर्तालाई हावाको स्तर बुझ्न सजिलो हुने बताइएको छ।

आधुनिक डिजाइन र प्रभावकारी प्रविधिसहित तयार गरिएको केन्ट एयर प्युरिफायर घर तथा कार्यालय दुवै स्थानका लागि उपयुक्त रहेको बताइएको छ। यस उत्पादनमा १२ महिनाको वारेन्टीसमेत उपलब्ध रहेको कम्पनीले जनाएको छ।

ग्यास बचतको स्मार्ट उपाय बन्दै गोदरेजका माइक्रोवेभ



काठमाडौं/ अन्तर्राष्ट्रिय ऊर्जा बजारमा देखिएको उतारचढावले एलपिजी ग्यासको मूल्य बढिरहेको छ। यसको प्रत्यक्ष प्रभाव नेपालीको भान्सामा पर्न थालेको छ। नेपालजस्तो आयातमा निर्भर देशमा उपभोक्ताले वैकल्पिक तथा स्मार्ट भान्सा उपकरणतर्फ ध्यान दिन थालेका छन्। यसका लागि माइक्रोवेभ ओभन ग्यास बचत गर्ने उपयोगी विकल्प हुने गोदरेज कम्पनीको भनाइ छ।

कम्पनीका अनुसार माइक्रोवेभ प्रविधिबाट खाना छिटो पकाउन सकिने भएकाले नास्ता, स्न्याक्स, बेकिङ तथा विभिन्न परिकार तयार गर्न ग्यासको प्रयोग घटाउन सहयोग पुग्नेछ। व्यस्त कामकाजी जीवनशैलीका कारण बिहान-बेलुका धेरै समय भान्सामा खर्च गर्न गाह्रो हुने हुँदो यो अहिलेको प्रमुख विकल्प बन्ने कम्पनीको दाबी छ। गोदरेजले बजारमा ल्याएका माइक्रोवेभ ओभनमा खाना, बेक्ड डिस, स्न्याक्स वा अन्य परिकार छिटो पकाउन सकिनेछ। यसले समय बचत गर्नुका साथै ग्यासको प्रयोग पनि धेरै घटाउने कम्पनीले जनाएको छ।

सोलो, ग्रिल-कन्भिक्सनजस्ता विकल्पमा उपलब्ध यी माइक्रोवेभ २० लिटर, २३ लिटर र २८ लिटर क्षमतामा पाइन्छन्। कम्पनीका अनुसार केही मोडेलमा हेल्दी एयर फ्रायर प्रविधिसमेत उपलब्ध छ, जसले कम तेल प्रयोग गरेर स्वस्थकर खाना तयार गर्न मद्दत गर्छ। नेपालमा भने यी उपकरण सिजी इलेक्ट्रोनिक्समार्फत उपलब्ध छन्।

नेप्से परिसूचक २६ अंकले घट्यो, ११.९७ अर्बको कारोबार



काठमाडौं/ साताको दोस्रो कारोबार दिन सोमबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २६.०७ अंकले घटेर दुई हजार ७९८.८३ विन्दुमा पुगेको छ। सो दिन तीन सय ४५ कम्पनीका तीन करोड सात लाख ९० हजार दुई सय ११ कित्ता सेयर एक लाख दुई हजार सात सय ५९ पटक खरिद-बिक्री हुँदा ११ अर्ब ९७ करोड ४६ लाख ९६ हजार ८८ रुपैयाँबराबरको कारोबार भयो।

उपसमूहतर्फ उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव २५ प्रतिशतले बढेको छ भने अन्य सबै समूह घटेका छन्। बैंकिङ समूह सबैभन्दा धेरै १.६१ प्रतिशतले घटेको छ। सालपा विकास बैंक, रिलायन्स स्पिनिङ मिल्स, अपर हेवाखोला हाइड्रोपावर र सोलु हाइड्रोपावरको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। कारोबार रकमका आधारमा आँखुखोला जलविद्युत् कम्पनीको सबैभन्दा बढी ६८ करोड ७७ लाख रुपैयाँको कारोबार भएको छ भने सेयर संख्याका आधारमा नेसनल हाइड्रोपावरको २२ लाख ७२ हजार कित्ता सेयर किनबेच भएको छ।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.वागमती प्रदेश कार्यालय,काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशित मितिः २०८२/१२/०३

यस बैंकको तपसिलका शाखाहरूबाट कर्जा कारोबार गर्ने तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिएबमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सावाँ, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिँदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने ब्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/ कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

सम्बन्धित कार्यालयः शाखा सामाखुशी

क्र.सं.	कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राईटरको नाम/कम्पनि तथा सञ्चालकहरूको नाम)	ठेगाना	प्रोप्राइटर/सञ्चालक /जमानतकर्ता ऋणीको नाम	प्रोप्राइटर /सञ्चालको बाबु र बाजेको नाम	उद्देश्य	सावाँ रकम	मिति २०८२ फाल्गुण मसान्त सम्मको ब्याज	जम्मा तिर्नुपर्ने रकम	जमानत कर्ताको नाम
१	एम आर पोल्ट्री फर्म (प्रो. राजाराम घिमिरे) स्थायी लेखा नं. ६०४०१३४५९, मिति २०७२।१२।१५ घरेलु तथा साना उद्योग विभाग दर्ता नं. ४६९८९/१४९० मिति २०७२/१२/१६	सा. तारकेश्वर नगरपालिका ७, काठमाडौं	राजाराम घिमिरे ना.प्र.नं. २७३०३४/१५२७ काठमाडौं, मिति २०६३/१०/१८	विष्णु प्रसाद घिमिरे खिल नाथ घिमिरे	कृषि	२५,००,०००	१,५०,०००	२६,५०,०००	१. विष्णु प्रसाद घिमिरे २. देवकी घिमिरे ३. जयराम घिमिरे ४. जयराम घिमिरे ५. मनिता घिमिरे ६. माया घिमिरे
२	देबकी अधिकारी ना.प्र.नं. ७७६।१८९९, जि.प्र.का. नुवाकोट। मिति २०४४।१२।०९	तारकेश्वर नगरपालिका १, साइला काठमाडौ	धन बहादुर अधिकारी	कमल कान्त अधिकारी	आवास कर्जा तथा व्यक्तिगत ओभरड्राफ्ट कर्जा	३५,२६,५००	३०,०००	३५,५६,५००	धन बहादुर अधिकारी महेश अधिकारी

कृषि बिकास बैंक लि.
बागमती प्रदेश कार्यालय
गौशाला,काठमाडौं।

कुमारी बैंक लिमिटेड केन्द्रिय कार्यालय टंगाल, काठमाण्डौको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/१२/०३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड केन्द्रिय कार्यालय टंगाल, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ चैत १८ गते बुधबार** का दिन केंन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५४/०९/०६ मा दर्ता नं.७८३२/०५४/०५५ कायम भई दर्ता रहेको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ०५ टंगाल स्थित रजिष्टर्ड कार्यालय रहेको **विकोई बिल्डर्स प्रा.लि.**
प्रोप्राइटर - हुम नाथ कोइराला

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **हुमनाथ कोइराला**
ना.प्र.नं.-८७७/४२९४४
जारी मिति - २०३५/०३/१४ जि.प्र.का. काठमाण्डौ
बाबु - तेज प्रसाद कोइराला
बाजे - विनि महादेव कोइराला
पत्नी - निर्मला शर्मा
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ०५
हालको ठेगाना- ऐ.ऐ

२. **निर्मला शर्मा**
ना.प्र.नं.- १२६८०
जारी मिति - २०४५/०१/२२ जि.प्र.का. काठमाण्डौ
बाबु - तीर्थ प्रसाद शर्मा
बाजे - अम्बिका प्रसाद शर्मा
ससुरा - तेज प्रसाद कोइराला
पति - हुमनाथ कोइराला
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ०५
हालको ठेगाना ऐ.ऐ

३. **नृपेश कोइराला**
ना.प्र.नं.-२७१०६०/३८९८७
जारी मिति - २०६६/०२/२४ जि.प्र.का. काठमाण्डौ
बाबु - हुमनाथ कोइराला
बाजे - तेज प्रसाद कोइराला
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ०५
हालको ठेगाना- ऐ.ऐ

४. **होलिस्का कोइराला**
ना.प्र.नं.-२७१०६०/१२६४७८
जारी मिति -२०७०/१२/२० जि.प्र.का. काठमाण्डौ
बाबु - हुमनाथ कोइराला
बाजे - तेज प्रसाद कोइराला
स्थायी ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ०५
हालको ठेगाना- ऐ.ऐ

लिलाम हुने सम्पतिको विवरण

१. **हुमनाथ कोइराला**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, मंगलपुर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. २९९, ३०० र ७८३ को क्षे.फ. क्रमशः १६९२.९२, ५७५.५९ र १,३५४.५६ (व.मी) जग्गा तथा भविष्यमा उक्त जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो सम्पूर्ण निर्माणकार्य लगायत सम्पुर्ण लिगलगापातहरु समेत।

२. **हुमनाथ कोइराला**को नाममा मालपोत कार्यालय, दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, मधुमल्ला गा.वि.स., वडा नं. ६ स्थित कित्ता नं. २०१०, २०१४, २०११, २०१३, २५१७, १४९३, २०१२, २०९९, २१०० र २०९८ को क्षे.फ. क्रमशः ०-६-११.५, ०-२-१, ०-४-१७, ०-४-५, ०-०-१८.७५, ०-३-१०, ०-१०-६, ०-४-०, ०-७-१३.५ र ०-११-१४.२५ (विगाहा) जग्गा तथा भविष्यमा उक्त जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो सम्पूर्ण निर्माणकार्य लगायत सम्पुर्ण लिगलगापातहरु समेत।

३. **निर्मला शर्मा**को नाममा मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. (डिल्लीबजार), वडा नं. ९ स्थित कित्ता नं. २८३, २८६ र ६ को क्षे.फ. क्रमशः ७.९५, ९१.४१ र १३१.१४ (व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा भविष्यमा उक्त जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो सम्पूर्ण निर्माणकार्य लगायत सम्पुर्ण लिगलगापातहरु समेत।

४. धनि कुमारी बैक लि.र ऋणी **विकोई बिल्डर्स प्रा.लि.** कायम भइ सिरियल नं २१२६५ , मोडल नं BF90.3.S4 रहेको कसर थान १।

५. धनि कुमारी बैक लि.र ऋणी **विकोई बिल्डर्स प्रा.लि.** कायम भइ सिरियल नं MH23AU2513, मोडल नं MCT.85 रहेको TOWER CRANE थान १।

१(क). ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७२/११/०२ मा दर्ता नं. १४५१७९/०७२/०७३ दर्ता कायम भई काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १४ स्थित रजिष्टर्ड कार्यालय रहेको **मनकामना कन्सट्रक्सन एण्ड मल्टिपर्पोज कम्पनी प्रा.लि.।**
संञ्चालक - सावित्री श्रेष्ठ

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **सावित्री श्रेष्ठ**
ना.प्र.नं.- ३४४७
जारी मिति - २०४४/११/१९, जि.प्र.का. धादिङ
बाबु - अष्ट लाल
बाजे - शिव लाल
स्थायी ठेगाना- धादिङ जिल्ला, बैरेनी न.पा. वडा नं. ०९
हालको ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. १६

लिलाम हुने सम्पतिको विवरण

१. **मनकामना कन्सट्रक्सन एण्ड मल्टिपर्पोज कम्पनी प्रा.लि.**को नाममा मालपोत कार्यालय, गोरखामा दर्ता कायम रहेको गोरखा जिल्ला, ध्यालचोक गा.वि.स, वडा नं. ९ स्थित कित्ता नं. २०५ को क्षेत्रफल ९१८५.१४ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

२. **मनकामना कन्सट्रक्सन एण्ड मल्टिपर्पोज कम्पनी प्रा.लि.**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, सिद्धखेल न.पा, वडा नं. ७ स्थित कित्ता नं. ६० को क्षेत्रफल ९१८५.१४ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

३. धनि कुमारी बैक लि. र ऋणी **मनकामना कन्सट्रक्सन एण्ड मल्टिपर्पोज कम्पनी प्रा.लि.** कायम भई मधेश प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं. MAT448137M3R17881, ई.नं. 12H63877612, सवारी नं. M.P 03 001 KA 2577, को TIPPER थान १।

४. धनि कुमारी बैक लि.र ऋणी **मनकामना कन्सट्रक्सन एण्ड मल्टिपर्पोज कम्पनी प्रा.लि.** कायम भई मधेश प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं. MAT448137M3R17770, ई.नं. 12H63877538, सवारी नं. M.P 03 001 KA 2589, को TIPPER थान १।

५. धनि कुमारी बैक लि.र ऋणी **मनकामना कन्सट्रक्सन एण्ड मल्टिपर्पोज कम्पनी प्रा.लि.** कायम भई मधेश प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको चे.नं. MAT448137M3R17868, ई.नं. 12H63877967, सवारी नं. M.P 03 001 KA 2587, को TIPPER थान १।

ख. ऋणीको विवरण

औद्योगिक व्यवसाय ऐन, २०४९ (संशोधन २०५४ समेतको दफा ५ र सोही ऐनको दफा ३ (च) अनुसार), नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७३/०९/१४ मा दर्ता नं. ४८६५६/१०८६ दर्ता कायम भई धादिङ जिल्ला, बैरेनी गा.वि.स वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यू इन्टरनेशनल कन्स्ट्रक्सन।**
सञ्चालक - सावित्री श्रेष्ठ

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **सावित्री श्रेष्ठ**
ना.प्र.नं.- ३४४७
जारी मिति - २०४४/११/१९, जि.प्र.का. धादिङ
बाबु - अष्ट लाल
बाजे - शिव लाल
स्थायी ठेगाना- धादिङ जिल्ला, बैरेनी न.पा. वडा नं. ०९
हालको ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. १६

लिलाम हुने सम्पतिको विवरण

१. **साबित्री श्रेष्ठ**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, बैरेनी गा.वि.स, वडा नं. ९ स्थित कित्ता नं. १४४८ ,१४४६, १४४७, १४५२, १४४९, १४५०, १४५१, १४५३, १४३४ को क्षे.फ.क्रमश ०-५-०-२, ०-४-२-०, ०-४-३-०, ०-४-३-१, ०-५-०-३, ०-४-२-३, ०-४-२-०, २-०-०-२ र ०-१०-२-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

२. **न्यू इन्टरनेशनल कन्स्ट्रक्सन**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, बैरेनी गा.वि.स, वडा नं. ८ स्थित कित्ता नं. ३५८ को क्षे.फ. ४५७८.६६ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

३. **न्यू इन्टरनेशनल कन्स्ट्रक्सन**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, बैरेनी गा.वि.स, वडा नं. ९ स्थित कित्ता नं. ३०१, ५३३, ५३४, ५२७, ५१४, ५३२, ३०३, ५२८ र ५३६ को क्षे.फ. जम्मा २-०-१-२ (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

४. **न्यू इन्टरनेशनल कन्स्ट्रक्सन**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, गजुरी गा.वि.स, वडा नं. १ स्थित कित्ता नं. २५३३ र ३४९ को क्षे.फ. क्रमश २-८-१-३ र ३-३-१-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

५. **न्यू इन्टरनेशनल कन्स्ट्रक्सन**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, बैरेनी गा.वि.स, वडा नं. ९ स्थित कित्ता नं. ७६२ को क्षे.फ. २-९-०-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

६. **न्यू इन्टरनेशनल कन्स्ट्रक्सन**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला घ्यालचोक गा.वि.स, वडा नं. ९ स्थित कित्ता नं. २९६२ को क्षे.फ. १-८-०-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

७. **न्यू इन्टरनेशनल कन्स्ट्रक्सन**को नाममा मालपोत कार्यालय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला धुनिबेशी गा.पा./न.पा. वडा नं. ८ (साविक नौबिसे गा.वि.स./न.पा. वडा नं. २/ख) स्थित कित्ता नं. ६०३ को क्षे.फ. ४-१४-०-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ चैत १७ गते** भित्र बैंकको केंन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको केंन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ चैत १८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको केंन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातासंग सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको केंन्द्रिय कार्यालय अन्तर्गत कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८२ चैत १८ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/७७०

नयाँ पत्रिका

खेलाडीपछि २२ क्लबले लगाए एन्फा मुख्यालयमा ताला

एन्फा नेतृत्वले सम्झौताविपरीत एकपक्षीय रूपमा 'ए' डिभिजन लिगको मिति घोषणा गरेपछि २२ क्लबले सोमबारदेखि तालाबन्दीसँगै रिले अनशन सुरु गरेका छन् । क्लबका पदाधिकारीहरूले आफ्ना माग पूरा नभएसम्म ताला नखोल्ने बताएका छन् ।



सातदोबाटोस्थित एन्फाको मुख्यालयमा सोमबार विरोध प्रदर्शन गर्दै क्लबका पदाधिकारीहरू ।

रमेश सुवेदी/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा) एकलौटी रूपमा सहिद स्मारक 'ए' डिभिजन लिगको मिति घोषणा गरेपछि २२ क्लब विरोधमा उत्रिएका छन् । 'ए' डिभिजन लिगमा सहभागी हुने क्लबसँग कुनै छलफल नै नगरी मिति घोषणा गरेपछि उनीहरूले सोमबार विरोध प्रदर्शन गरेका हुन् । एन्फाले आगामी ३० चैतदेखि 'ए' डिभिजन लिग गर्ने घोषणा गरेको छ ।

सातदोबाटोस्थित एन्फाको मुख्यालयमा 'ए' का ८, 'बी' बाट ११ र सी डिभिजनका तीन क्लबका प्रतिनिधिहरू प्रदर्शनमा उत्रिएका हुन् । एन्फाले मूल प्रवेश द्वारअगाडि प्रहरी परिचालन गरेको थियो । जसका कारण क्लबका पदाधिकारी भित्र प्रवेश गर्न नपाएनन् । पदाधिकारीहरू गेटअगाडि नै धर्नामा बसेका थिए । त्यसपछि एन्फा महासचिव किरण राईसहित आठ क्लबका प्रतिनिधिहरू वार्तामा बसेका थिए ।

तर, वार्ता असफल भएको र आफूहरूले रिले अनशन सुरु गरेको हिमालयन शेर्पा क्लबका अध्यक्ष तथा एन्फा पूर्वअध्यक्ष कर्मा छिरिङ शेर्पाले बताएका छन् । वार्ता असफल भएपछि क्लबहरूले सातबुँदे माग राखी एन्फामा तालाबन्दी गरेको छ । दुई साताभित्र एन्फाको मुख्यालयमा ताला लागेको हो । यसअघि नेपाल खेलाडी संघले 'ए' डिभिजन लिगसँगै विविध माग राखी एन्फामा ताला लगाएको थियो । दुई पक्षबिचको वार्तापछि एन्फाले ३० चैतमा 'ए' डिभिजन लिग गर्ने घोषणा गरेको हो । एन्फाले ०७८ पछि लिग गर्ने भने पनि सहभागी क्लबसँग एकपटक पनि वार्ता नगरेको जनाउँदै विरोध गरेका हिमालयनका अध्यक्ष शेर्पाले नयाँ पत्रिकालाई बताए । 'एन्फा नेतृत्वको दोहोरो चरित्र देखियो । एन्फा नेतृत्वले क्लब र खेलाडीसँग फरक सम्झौता गरेको पायौं । जसका कारण फुटबल फेरि विवाद सतहमा आएको हो,' उनले भने ।

शेर्पासँगै फ्रेन्ड्सका विश्वासविक्रम शाह, मच्छिन्द्रका अनिल श्रेष्ठ, मध्यपुर युथ एसोसिएसनका उपेन्द्रमान सिंह, सरस्वतीका उत्तम भण्डारीले एन्फामा दिनभरि अनशन बसेका थिए । यी सबै पदाधिकारी आ-आफ्ना क्लबका अध्यक्ष हुन् । उनीहरूलाई साथ दिन थ्री स्टारका पूर्वअध्यक्ष अरुणमान जोशी, 'बी' डिभिजन लिग क्लबका संयोजक कुमार राजभण्डारीलगायत एन्फापरिसरमा पुगेर रिले अनशन बसेका थिए । एन्फाका पदाधिकारीहरू केही पनि प्रतिक्रिया दिन चाहेनन् ।

वार्ता असफल

सोमबार दिउँसो एन्फाका महासचिव किरण र सिइओ इन्द्रमान तुलाधारसँग विरोधमा उत्रिएका पदाधिकारी वार्तामा बसे पनि निष्कर्षविहीन भयो । साँझ एन्फाका प्रतिनिधि र कर्मचारी कार्यालयबाट निस्किए । यसैबिच साँझ ६ बजे हुरीबतासहित वर्षा भयो । त्यसपछि क्लबका प्रतिनिधिले एन्फामा ताला लगाएका हुन् । उनीहरूले साँचो नेपाल प्रहरीलाई बुझाएका छन् । 'मंगलबार बिहान ७ बजे फेरि रिले अनशन बस्ने गरी प्रहरीलाई एन्फाको साँचो जिम्मा लगाएर छाडेका छौं,' शेर्पाले भने, 'हामी जसरी पनि आफ्नो माग पूरा होस् भन्ने चाहन्छौं, माग पूरा नभएसम्म ताला पनि खुल्दैन र अनशन पनि जारी रहन्छ ।'

माग पूरा नभएसम्म रिले अनशन जारी रहन्छ

● **कर्माछिरिङ शेर्पा**, अध्यक्ष, हिमालयन शेर्पा



हामी सोमबार साँझ पानी परेपछि रिले अनशन बस्न सकेनौं । त्यसपछि एन्फा कार्यालयमा ताला लगाएका हौं । मंगलबार बिहान ७ बजे अनशन बस्ने गरी नेपाल प्रहरीलाई एन्फामा लगाइएको तालाको साँचो जिम्मा लगाएर छाडेका छौं । एन्फाले माग पूरा गरोस् भन्ने चाहन्छौं । माग पूरा नभएसम्म ताला पनि खुल्दैन र अनशन पनि जारी रहन्छ । हामी पैसा खर्च गर्ने, खेलाडी पाल्ने तर, एन्फा क्लबलाई नै धोका दिन्छ । पहिला नै भएको सम्झौताअनुसार काम हुनुपर्छ ।

दोस्रोपटक ताला बन्दी

१३ चैतमा एन्फा चुनाव हुँदै छ । आसन्न एन्फा निर्वाचनअघि मुख्यालयमा दोस्रोपटक ताला बन्दी भएको हो । गत साता मात्रै राष्ट्रिय तथा पूर्वखेलाडीले ताला लगाएका थिए । उच्च अदालत पाटन र राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले जिल्ला र प्रदेशको निर्वाचनपछि एन्फालाई निर्वाचन गर्न भनेका छन् । तर, एन्फा नेतृत्व जसरी पनि राज्यको निर्देशन लत्याउँदै चुनाव गर्ने तयारीमा छ । एन्फा र 'ए' डिभिजन क्लबबिच गत वर्षको १७ कात्तिकमा 'होम एन्ड अवे' लिग आयोजना गर्ने निर्णय भएको थियो । फेरि एन्फाले २६ फागुनमा सहिद स्मारक ए डिभिजन लिग ३० चैतबाट गर्ने निर्णय गरे पनि क्लबहरू एन्फामा ताला लगाउन पुगेका हुन् ।

एन्फाले खेलाडीसँग वार्ता गर्दै सहिद स्मारक लिग ३० चैतबाट गर्ने निर्णय गरेको थियो । एन्फाको एकतर्फी निर्णय क्लबहरूले पनि सामाजिक सञ्जालबाट थाहा पाएको बताएका छन् । 'एन्फा नेतृत्व क्लबहरूलाई झुक्याइरहेको दाबी छ । 'हामी ताला लगाउने अवस्थामा पुगेका छौं,' अघिल्लो साता मात्रै फ्रेन्ड्स क्लबका अध्यक्ष शाहले भने ।

■ राष्ट्रिय लिग

प्लानिङ ब्वाइजविरुद्ध लालीगुराँसको रोमाञ्चक जित



आशिष गुरुङले ८४औं मिनेटमा गोल गर्दै प्लानिङ ब्वाइजविरुद्ध लालीगुराँसलाई ३-२ को गोलअन्तरमा जित दिलाए

नयाँ पत्रिका

लगातार चार बराबरीपछि लालीगुराँस एसोसिएसन क्लबले राष्ट्रिय लिग फुटबलमा प्लानिङ ब्वाइज युनाइटेडलाई ३-२ ले पराजित गरेको छ । आशिष गुरुङले खेलको अन्त्यतिर गोल गर्दै लालीगुराँसलाई जित दिलाएका हुन् । लिगमा लालीगुराँसको यो छैटौं जित हो । लालीगुराँसले १२ खेलबाट २४ अंक जोडेर तेस्रो स्थान रक्षा गरेको छ । कास्कीको लालीगुराँसले सातौं चरणमा सुर्खेतको काँक्रेविहार क्लबलाई ४-१ ले हराएको थियो । त्यसपछि उसले लगातार चार खेलमा बराबरी नतिजा निकाल्यो । लालीगुराँसले फ्रेन्ड्स, संकटा, एनआरटी र मनाङ मर्स्याङ्दी क्लबसँग बराबरी खेलेको थियो ।

लिगमा मच्छिन्द्र एफसी र नेपाल एपिएफभन्दा लालीगुराँस १ अंकले मात्र पछि छ । लालीगुराँसले १२ खेलसम्म आफ्नो अपराजित यात्रा जारी छ । उसले समान ६ जित र ६ खेलमा बराबरी खेलेको छ । १२ खेलबाट २२ अंक जोडेको प्लानिङ चौथो स्थानमा झरेको छ । प्लानिङको यो लिगमा दोस्रो हार हो ।

दशरथ रंगशालमा राज भुसालले २०औं मिनेटमा लालीगुराँसलाई १-० को अग्रता दिलाए । खेलको २४औं मिनेटमा जुनियर डोनोउले लालीगुराँसलाई २-० को स्थितिमा राखे । उनले लच्छु थापाको कर्नर पासमा हेडिङ गोल गरेका हुन् ।

दोस्रो हाफमा प्लानिङले सुधारिएको प्रदर्शन गऱ्यो । यस अवधिमा प्लानिङ ब्वाइजले दुई गोल गरी खेलमा फर्किएको थियो । प्लानिङका रोमन भुजेलले ५७औं गोल गरी २-१ को गोलअन्तरमा खेल पुऱ्याए । खेलको ७३औं मिनेटमा साहिल केसीले प्लानिङ ब्वाइजलाई २-२ को बराबरीमा राखे ।

त्यसपछि खेल रोमाञ्चक अवस्थामा पुग्यो । लालीगुराँसका लागि वैकल्पिक खेलाडीका रूपमा प्रवेश गरेका आशिष गुरुङले निर्णायक गोल गरेका थिए । खेलको ८४औं मिनेटमा उनले विजयी गोल गरेका हुन् । इन्जुरी समयमा निंग्मा घिसिङले रातो कार्ड पाएपछि प्लानिङ ब्वाइज १० खेलाडीमा सीमित भएको थियो । आशिषको गोलमा लालीगुराँसले तीन अंक जोड्यो । अन्तिम समयमा सम्हालिन नसक्दा प्लानिङ ब्वाइजले हारको सामना गरेको हो ।

सातदोबाटो र पुलिसले अंक बाँडे

एन्फा कम्प्लेक्समा सातदोबाटो युथ क्लब र विभागीय नेपाली पुलिस क्लबले राष्ट्रिय लिगमा अंक बाँडेका छन् । दुवै टोलीले २-२ को बराबरी खेलेका हुन् । खेलमा सातदोबाटोले पहिलो हाफमा २-० को अग्रता बनाएको थियो । दोस्रो हाफमा पुलिसले बराबरी गोल फर्काउँदै अंक बटुल्यो । खेलको १७औं मिनेटमा अरुण लामाले सातदोबाटोलाई १-० को अग्रता दिलाए । खेलको २६औं मिनेटमा फोडे फोफानाले सातदोबाटोलाई २-० को स्थितिमा राखे । दोस्रो हाफमा सातदोबाटोले अग्रता जोगाउन सकेन । खेलको ७५औं मिनेटमा धीरेन्द्रबहादुर शाहले पुलिसलाई २-१ को स्थितिमा ल्याए । खेलको अन्तिम इन्जुरी समयमा सुवास थारूले पुलिसलाई २-२ का बराबरीमा पुऱ्याए ।

बराबरीसँगै पुलिसले लिगमा १० अंक जोडेको छ । पुलिसले १२ खेलमा दुई जित, चार बराबरी र ६ हार सामना गरी १३औं स्थानमै आफूलाई यथावत् राख्यो । सातदोबाटोले समान १२ खेल खेल्दा समान १० अंक जोडेको छ । १४औं स्थानमा रहेको सातदोबाटो गोलअन्तरको आधारमा पछाडि परेको छ । पुलिसविरुद्ध दुई गोलको अग्रता रक्षा गर्न नसक्दा सातदोबाटो आठौं खेलसम्म पनि जितविहीन भयो ।

खेल संक्षेप

डेब्युमै सुजनलाई दोहोरो स्वर्ण



काठमाडौं/ नेपाली उमा कुङ्फु खेलाडी सुजन कक्षपतिले डेब्यु गरेको अन्तर्राष्ट्रिय प्रतियोगितामा दोहोरो स्वर्ण जितेका छन् । जर्मनीको रेजेन्सवर्गमा भएको ब्याटल अफ बभेरियामा सुजनले दुई फरक स्पर्धामा स्वर्ण जितेको नेपाल उमा कुङ्फु संघका अध्यक्ष एवं डब्लुएमएसी नेपाल च्याप्टरका महासचिव सञ्जितकुमार राईले जनाएका छन् । वर्ल्ड मार्सल आर्ट्स कमिटी (डब्लुएमएसी)द्वारा आयोजित प्रतियोगितामा सुजनले चाइनिज क्रिएटिभ फम र ट्रेडिसनल फम विथ वेपनमा प्रतिस्पर्धा गरेका थिए । चाइनिज क्रिएटिभ फममा सुजनले २३.०२ अंक जोडे । यो स्पर्धामा पाँचजना सहभागी थिए । सातजना खेलाडीले भाग लिएको ट्रेडिसनल फम विथ वेपनमा सुजनले २२.५८ अंक जोडे । प्रतियोगितामा नेपालसहित १० राष्ट्रका एक हजार दुई सय खेलाडीको सहभागिता रहेको राईले बताए । सुजन सातौं राष्ट्रिय उमा कुङ्फु च्याम्पियनसिपका रजत पदक विजेता हुन् ।

पोखरामा रात्रिदौड प्रतियोगिता

काठमाडौं/ पोखरामा आगामी २८ चैतमा रात्रिदौड प्रतियोगिता हुने भएको छ । नयाँ वर्ष ०८३ को पूर्वसन्ध्यामा पोखरा महानगरपालिका- ९ को समन्वयमा पोखरामा पहिलोपटक रात्रिदौड प्रतियोगिता सञ्चालन हुनलागेको हो । खुलामा पहिलो हुनेले १५ हजार, दोस्रोले १० हजार र तेस्रो हुनेले पाँच हजार रुपैयाँ पाउने आयोजकले जनाएको छ । महिला र विद्यार्थी (यू-१६) र विदेशी सहभागीका लागि छुट्टाछुट्टै विधाका विजेतालाई समेत प्रोत्साहनको व्यवस्था गरिएको प्रतियोगिताका संयोजक दीनानाथ बरालले बताए ।

पोखरा क्लिकले यसअघि पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिताका दुई संस्करण सफलतापूर्वक सम्पन्न गरिसकेको छ ।

मुजाराबानीले आइपिएल खेल्ने

कोलकाता/ इन्डियन प्रिमियर लिग (आइपिएल)को फ्रेन्चाइज टोली कोलकाता नाइट राइडर्सले बंगलादेशका फास्ट बलर मोस्ताफिजुर रहमानको स्थानमा जिम्बावेका ब्लेसिङ मुजाराबानीलाई अनुभव गरेको छ । कोलकातासँग आबद्ध भएपछि मुजाराबानीले पाकिस्तान सुपर लिग (पिएसएल)सँगको सम्झौता पनि तोडेका छन् । रहमान अहिले पाकिस्तानविरुद्ध एकदिवसीय सिरिजमा व्यस्त छन् । यसअघि भारतीय क्रिकेट अधिकारीको निर्णयपछि क्रिकेट जगत्मा ठुलो विवाद सिर्जना भएको थियो । कोलकाताले अक्सनमा उच्च मूल्यमा मोस्ताफिजुरलाई अनुबन्ध गरेको थियो ।

वुमन इन स्पोर्टस् कन्क्लेभ सकियो

काठमाडौं/ अल नेपाल स्पोर्टस् फाउन्डेसनले अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा आयोजना गरेको स्थानीय जनप्रतिनिधि, खेलकुद निकाय, ओलम्पिक कमिटी तथा खेलविज्ञहरूको सहभागितामा वुमन इन स्पोर्टस् कन्क्लेभ, २०२६ सम्पन्न गरेको छ । नेपाली खेलकुदमा महिलाको उपलब्धि, चुनौती र अवसरबारे छलफल गर्दै समावेशी तथा सशक्त खेल वातावरण निर्माण गर्नुपर्नेमा स्पोर्टस् कन्क्लेभ जोड दिएको थियो । बागमती प्रदेशकी खेलकुदमन्त्री उर्मिला नेपालले महिला खेलाडीको प्रतिभालाई राज्यले प्राथमिकतामा राखेको बताइन् । उनले फाउन्डेसनसँग आगामी दिनमा सहकार्य गर्दै महिला खेलकुद प्रवर्द्धनमा थप पहल गर्ने प्रतिबद्धता जनाइन् ।

नेपाल उद्योग वाणिज्य महासंघकी पूर्वअध्यक्ष भवानी राणाले महिला नेतृत्व, आर्थिक सशक्तीकरण र खेलकुदबिचको सम्बन्धबारे चर्चा गरिन् । राणाले खेलकुद पर्यटनको विकासमा निजी क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेको औंल्याएकी थिइन् । राष्ट्रिय खेलकुद परिषद्की कार्यकारी सदस्य सुवर्ण श्रेष्ठले राष्ट्रिय खेलकुदको विकासका लागि सबै सरोकारवालाबिच सहकार्य आवश्यक रहेको बताइन् ।

बास्केटबल लिगमा हाउन्ड्सको पहिलो जित



नयाँ पत्रिका

हिमालयन जाभा नेसनल बास्केटबल लिगमा केभिसी हाउन्ड्सले पहिलो जित हात पारेको छ । राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा सोमबार हाउन्ड्सले रोयललाई ७६-६४ ले पराजित गरेको हो । हाउन्ड्सले पहिलो क्वार्टरमा २४-१२ को अग्रता बनाएको थियो । दोस्रो क्वार्टर २३-१६ ले जितेको रोयल खेलमा फर्किने प्रयास गरेको थियो । तर, हाउन्ड्सले तेस्रो क्वार्टर १७-१५ र चौथो क्वार्टर १९-१४ ले पहिलो जित निकाल्यो । लगातार तीन हारपछि पहिलो जित निकालेको हाउन्ड्सले चार खेलबाट पाँच अंक जोडेको छ ।

तेस्रो हार व्यहोरेको रोयलले पनि चार खेलबाट पाँच अंक नै जोडेको छ । हाउन्ड्सका सौरभ श्रेष्ठले सर्वाधिक २१ स्कोर गरे । अर्को खेलमा कीर्तिपुरले सोलो बास्केटबललाई ८४-७७ ले पराजित गर्दै दोस्रो जित निकाल्यो । लगातार दुई खेल जितेको सोलोमो यो पहिलो हार हो । कीर्तिपुरका अनिल खड्गी म्यान अफ दी म्याच घोषित भए । नेपाल बास्केटबल संघ (नेबा)को आयोजनामा भइरहेको दोस्रो संस्करणको लिगमा आठ टोलीले भाग लिइरहेका छन् ।

डबल राउन्ड रोबिनका आधारमा भइरहेको लिगमा कुल ५६ खेल हुनेछन् । लिग चरणपछि शीर्ष चारमा रहने टोली प्लेअफमा प्रवेश गर्नेछन् । प्लेअफअन्तर्गत लिगमा पहिलो र दोस्रो हुने टोलीले पहिलो क्वालिफायर हुने आयोजकले जनाएको छ । लिगमा तेस्रो र चौथो हुने टोलीबिच एलिमिनेटर खेल हुनेछ । पहिलो क्वालिफायरमा पराजित टोली र एलिमिनेटरमा विजयी टोलीबिच दोस्रो क्वालिफायर हुनेछ । पहिलो र दोस्रो क्वालिफायरको विजेताबिच फाइनल खेल हुनेछ ।

नवलपुरले उपाधिका लागि कास्कीविरुद्ध खेल्ने

कास्की/ नवलपुर जिल्लाले प्रधानमन्त्री कप गण्डकी प्रदेशस्तरीय क्रिकेट छनोट प्रतियोगिताको फाइनल स्थान पक्का गरेको छ । पोखरा रंगशालास्थित क्रिकेट मैदानमा सोमबार भएको दोस्रो सेमिफाइनलमा समूह 'बी'को विजेता स्याङ्जालाई ७२ रनले हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो । अब मंगलबार नवलपुरले फाइनलमा कास्कीको सामना गर्नेछ । पहिलो ब्याटिङ गरेको नवलपुरले ५० ओभरमा नौ विकेट गुमाउँदै २७० रन बनाएको थियो । स्याङ्जा ४५.२ ओभरमा अलआउट हुँदै १९८ रनमा समेटियो ।

नवलपुरका अनिश गुरुङले ८२ बलमा ६ चौका र २ छक्काको सहयोगमा सर्वाधिक ६० रन बनाए । गौरव विश्वकर्माले ६५ बलमा नौ चौकासहित ५२ रन जोडे । प्रमिश अर्यालले ४७ बलमा १० चौकाको मद्दतमा ४७ रन र दीपक डुम्रेले ३३ रनको योगदान दिए । स्याङ्जाका लागि सन्देश पन्थीले १०७ बलमा सात चौकाको सहयोगमा ६७ रनको योगदान दिए । सुजन गौतमले ५० बलमा दुई चौका र एक छक्कासहित ३८ रन बनाए । बलिङमा स्याङ्जाका तुलसीराम भण्डारीले तीन र सन्दीप खत्री क्षेत्रीले दुई विकेट लिए । नवलपुरका अपराजित पौडेलले र अनिश गुरुङले समान तीन विकेट हात पारे ।

इरानले विश्वकप नखेल्ने जानकारी छैन : एएफसी

एजेन्सी

एसियाली फुटबल महासंघ(एएफसी)ले इरानले आगामी फिफा विश्वकप नखेल्ने अधिकारिक रूपमा आफूलाई जानकारी नभएको बताएको छ । गत साता इरानले अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा आगामी जुन-जुलाईमा हुने विश्वकप नखेल्ने घोषणा गरेको थियो । प्रतियोगिता आउँदो ११ जुन देखि १९ जुलाईसम्म आयोजना हुँदै छ । इरानले फिफालाई पनि यस सम्बन्धमा केही आधिकारिक पत्र पठाएको छैन । फिफाले अहिलेसम्म इरानले विश्वकप नखेल्ने निर्णयको कुनै प्रतिक्रिया दिएको छैन ।

एफसीका महासचिव विन्डसोर जोनले रोयटर्ससँग कुराकानी गर्दै इरानले विश्वकपबाट नाम फिर्ता लिने सम्बन्धमा कुनै प्रक्रिया अघि नबढाएको जनाएका छन् । 'इरानको अवस्था गम्भीर छ । विश्वकपमा भाग लिने वा नलिने फुटबल संघको निर्णय हो,' विन्डोसोरले भने, 'अहिलेसम्म एएफसीलाई इरानी फुटबल संघले विश्वकपमा सहभागिता जनाउने बताउँदै आएको छ, तर उनीहरूको पछिल्लो निर्णयबारेमा हामीलाई केही थाहा छैन ।'

अमेरिका र इजरायलले इरानमाथि हमला गरेपछि इरानी फुटबल संघका अध्यक्ष अहमद डोन्यामअलीले द्वन्द्वका कारण विश्वकपमा सहभागिता नजनाउने बताएका थिए । 'अमेरिकामा गएर हामी फुटबल खेल्न जादैनौं,' अहमदले भनेका थिए, 'हामीलाई राष्ट्रप्रति माया छ ।' अमेरिका र इजरायलको आक्रमणमा इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनी मारिएका थिए । सर्वोच्च नेताको निधनपछि इरानले हवाई आक्रमण गर्दै इजरायल र अमेरिकाको विरोध गरेको छ ।

मध्यपूर्वी एसियाको अवस्था निकै खराब रहेका कारण पनि वर्तमान समयमा इरान समस्या रहेको एएफसीका महासचिव विन्डसोरले बताए । उनले संयुक्त राष्ट्र महासंघको सदस्य भएको नाताले पनि विश्वकपमा इरानको सहभागिता हुनुपर्ने जोड दिएका छन् । 'महासंघको सदस्य राष्ट्र भएकाले इरानको सहभागिता हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । अहिले चलिरहेको द्वन्द्व छिट्टै समाधान होस् भन्ने एएफसीको चाहना हो,' उनले भने ।



■ इरान एएफसीको प्रमुख सदस्य

इरान फुटबल संघलाई एएफसीको परिवारका एक सदस्य रहेको महासचिव विन्डोसोरले बताएका छन् । परिवारभित्रका सदस्यहरूको समस्या समाधान गर्न एएफसी सधै तयार भएको उनको भनाइ छ । 'उनीहरू हामीहरूकै सदस्य हुन् । हामी चाहन्छौं इरानले विश्वकप खेल्नुपर्छ,' महासचिव विन्डोसोरले भने, 'इरान विश्वकप छनोट चरण पार गरी स्थान बनाएको राष्ट्र हो । विश्वास छ, इरानले छिट्टै आफ्नो समस्याको हल निकाली विश्वकप खेल्नेछ ।' महासचिव विन्डोसोरले इरानी फुटबल संघलाई आग्रह गर्दै सबैसँग छलफल गर्न भनेका छन् । 'फुटबल महासंघले खेलाडीहरूको भविष्य हेर्नुपर्छ । विश्वकप खेल्न एक खेलाडीको सपना हो । त्यो सपना संघले उनीहरूको पूरा गर्नुपर्ने दायित्व हो,' उनले भने । यसपटक विश्वकपमा ४८ राष्ट्रबिच प्रतिस्पर्धा हुँदै छ ।

आउँदो ११ जुनदेखि १९ जुलाईसम्म आयोजना हुने विश्वकपमा इरानले विश्वकप नखेल्ने निर्णय आधिकारिक रूपमा आफूहरूलाई जानकारी नभएको एएफसीका महासचिव विन्डोसोरले बताएका छन्

अमेरिकाले इरानी खेलाडीलाई सुरक्षा दिन नसक्ने

गत साता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले विश्वकप खेल्न आउँदा स्वागत गर्ने बताएका थिए । तर, आयोजक अमेरिकाले इरानी खेलाडीहरूको सुरक्षा आफूहरूले गर्न नसक्ने ट्रम्पको भनाई पनि छ । 'हामीलाई विश्वास छ इरानले विश्वकप खेल्नेछ । हामी उनीहरूको स्वागत गर्न तयार छौं, तर इरानी खेलाडीहरूको सुरक्षा अमेरिकाले दिन सक्दैन,' उनले भने, 'इरान स्वयमले आफ्ना खेलाडीहरूको सुरक्षाबारे सोच्नुपर्छ । खेलाडीले आफ्नो सुरक्षा आफैंले गर्नुपर्छ ।' गत डिसेम्बरमा निकालिएको ड्रमा इरान समूह 'जी'मा छ । यो समूहमा इरानसँगै बेल्जियम, इजिप्ट र न्युजिल्यान्ड छन् । इरानले समूह चरणअन्तर्गत अमेरिकाका लस एन्जल्स र स्याटलमा खेल्नेछ । इरानले विश्वकपबाट नाम फिर्ता लिए प्रतियोगिताको इतिहासमा यस्तो कार्य गर्ने यो पहिलो राष्ट्र बन्नेछ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com